# ‘सीतायन’ महाकाव्य विश्लेषण

(प्रथम र द्वितीय खण्डको मात्र)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

## शोधार्थी

**सीता खड्का**

त्रिभुवन विश्व विद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

२०७१

शोध निर्देशक प्रा. डा. सुधा त्रिपाठी

# 'सीतायन' महाकाव्य विश्लेषण

(प्रथम र द्वितीय खण्डको मात्र)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

## शोधार्थी

**सीता खड्का**

त्रिभुवन विश्व विद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

२०७१

# त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर

## <u>स्वीकृति-पत्र</u>

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्रा श्री सीता खड्काले त्रि.वि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्न **'सीतायन' महाकाव्य (प्रथम र द्वितीय खण्ड) विश्लेषण** शीर्षकको शोध अध्ययन पुरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोमा शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरियो ।

### शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | पद | नाम | मूल्याङ्कन समिति | दस्तखत |
|---|---|---|---|---|
| १ | प्राध्यापक | डा. देवी प्रसाद गौतम | विभागीय प्रमुख | |
| २ | प्राध्यापक | डा. सुधा त्रिपाठी | शोधनिर्देशक | |
| ३ | उपप्राध्यापक | गीता त्रिपाठी | बाह्य परीक्षक | |

मिति: २०७१/०८/०७

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत केन्द्रीय विभागको स्नातकोत्तर तह नेपाली दोस्रो वर्षका छात्रा **सीता खड्काले रमेशचन्द्र अधिकारीको 'सीतायन' महाकाव्य (प्रथम र द्वितीय खण्ड) विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँले पुरा गर्नु भएको यस शोधपत्रको प्रस्तुतीकरणबाट म पूर्ण सन्तुष्ट छु र त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभागमा यस शोधपत्रको समग्र मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः २०७१/०७/२७

....................

डा. सुधा त्रिपाठी

प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्व विद्यालय

कीर्तिपुर

# कृतज्ञता ज्ञापन

**डा. रमेशचन्द्र अधिकारीको 'सीतायन' महाकाव्य (प्रथम र द्वितीय खण्ड) विश्लेषण** शीर्षकको शोधपत्र मैले श्रद्धेय प्रा. डा. सुधा त्रिपाठीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । विविध व्यस्तताका अतिरिक्त पनि आफ्नो अमूल्य समय दिएर यस शोधकार्यमा मलाई सचेत गराउँदै समुचित मार्गनिर्देशन गरिदिनु हुने शोधनिर्देशक आदरणीय प्रा. डा. सुधा त्रिपाठीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रको प्रस्तावलाई स्वीकृत गरिदिने त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभागप्रति आभारी छु । साथै यस विभागका सम्पूर्ण गुरूहरू, कर्मचारीहरू तथा यसै विभागका निवर्तमान श्यामसिंह के.सी. प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा उल्लेखनीय सहयोग गर्नुहुने स्वयम् **सीतायन** महाकाव्यकार डा. रमेशचन्द्र अधिकारी, नारायण प्रसाद गौतम र श्रीराम खनालज्यूहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु । शोध सामग्री सङ्कलनमा त्रि. वि. केन्द्रीय पुस्तकालयबाट उल्लेखनीय सहयोग भएको हुँदा सहयोग प्रदान गर्ने पुस्तकालय र सम्बन्धित सबैप्रति आभार प्रकट गर्दछु । शोधकार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने अन्य व्यक्ति र सङ्घ संस्थाहरूप्रति आभार व्यक्त गर्दछु । यस्तै विभिन्न अवस्थामा सहयोग गर्नुहुने मेरा श्रीमान् चित्र बहादुर पौडेलज्यूले यस शोधकार्यलाई व्यवस्थापन तथा शुद्धताका लागि पूर्ण सहयोग गर्नु भएकाले उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यस शोधपत्रको मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०७१/०७/२६

शैक्षिक वर्ष : २०६६

....................................

**सीता खड्का**
नेपाली केन्द्रीय विभाग
त्रि.वि.वि., कीर्तिपुर

# विषय सूची

**पहिलो परिच्छेद : शोधपत्रको परिचय** **१ - ७**

१.१. पृष्ठभूमि १

१.२. शोध समस्या २

१.३. शोधकार्यको उद्देश्य २

१.४. पूर्वकार्यको समीक्षा २ - ५

१.५. शोधकार्यको औचित्य र महत्त्व ५

१.६. शोधकार्यको सीमाङ्कन ५ - ६

१.७. सामग्री सङ्कलन र शोधविधि ६

१.८. शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद : महाकाव्यको सैद्धान्तिक परिचय र तत्त्वहरू** **८ - २३**

२.१. पृष्ठभूमि ८

२.२. पूर्वीय धारणाहरू ८ - ११

२.३. पाश्चात्य धारणाहरू ११ - १३

२.४. पूर्वीय र पाश्चात्य धारणाहरूको तुलनात्मक समीक्षा १३ - १४

२.५. महाकाव्य सम्बन्धी अन्य धारणाहरू १४ - १८

२.६. विषय प्रवेश १८

२.७. पूर्वीय धारणा अनुसार १८

२.८. पाश्चात्य धारणा अनुसार १९

२.९. पूर्वीय र पाश्चात्य मान्यताले समेटेका प्रमुख तत्त्वहरू १९ - २३

२.९.१. कथानक १९ - २०

२.९.२. चरित्र २०

२.९.३. वर्णन र परिवेश २० - २१

२.९.४. उद्देश्य २१

२.९.५. रस २१

२.९.६. भाषा शैली २१ - २३

२.१०. निष्कर्ष २३

**तेस्रो परिच्छेद : नेपाली महाकाव्यको विकासक्रम २४ - ३९**

३.१. पृष्ठभूमि २४ - २५

३.२. नेपाली महाकाव्यको विकास प्रक्रिया २५ - ३१

३.३. महाकाव्यकार रमेशचन्द्र अधिकारी र उनको महाकाव्य यात्रा ३१ - ३६

३.३.१. रमेशचन्द्र अधिकारीको जन्म र बाल्यकाल ३१ - ३२

३.३.२. शिक्षा-दीक्षा ३२ - ३३

३.३.३. लेखनका निम्ति प्रेरणा र प्रभाव ३३ - ३४

३.३.४. साहित्यिक लेखन तथा सम्मान ३४ - ३६

३.४. आधुनिक नेपाली महाकाव्यको इतिहासमा **सीतायन** महाकाव्य ३७ - ३९

**चौथो परिच्छेद : 'सीतायन' महाकाव्य (प्रथम र द्वितीय खण्ड) अध्ययन विश्लेषण ४० - ६३**

४.१. **सीतायन** महाकाव्यको विश्लेषण ४०

४.२. **सीतायन** महाकाव्यको वस्तुविश्लेषण ४० - ४५

४.३. **सीतायन** महाकाव्यको चरित्र चित्रण ४५ - ४६

४.४. **सीतायन** महाकाव्यको संरचना ४७

४.५. **सीतायन** महाकाव्यको वर्णन तथा परिवेश ४७ - ४८

४.६. **सीतायन** महाकाव्यको उद्देश्य ४८ - ४९

४.७. **सीतायन** महाकाव्यको भाषा शैली ४९ - ५८

४.८. **सीतायन** महाकाव्यको रस - संयोजन, बिम्ब र प्रतीक विधान ५८ - ६३

४.८.१. बिम्ब र प्रतीकहरू ६१ - ६३

**पाँचौ परिच्छेद : उपसंहार** **६४ - ६९**

५.१. **सीतायन** महाकाव्यको उपलब्धि र कमजोरीहरू ६४ - ६९

५.१.१. **सीतायन** महाकाव्यका उपलब्धिहरू ६४ - ६८

५.१.२. **सीतायन** महाकाव्यका कमजोरीहरू ६८ - ६९

**छैटौ परिच्छेद : सीतायन** महाकाव्यको निष्कर्ष **७० - ७२**

**सन्दर्भ सूची** **७३ - ७७**

# सङ्क्षेपीकरण सङ्केत

| | |
|---|---|
| अनु. | अनुवाद |
| ई.पू. | ईशापूर्व |
| चौ.सं.स. | चौखम्बा संस्कृत सदन |
| चौ.वि.भ. | चौखम्बा विद्या भवन |
| डा. | डाक्टर |
| तृ.सं. | तृतीय संस्करण |
| द्वि.सं. | द्वितीय संस्करण |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पू. | पूर्णाङ्क |
| पृ. | पृष्ठ |
| प्र.प. | प्रथम परिच्छेद |
| प्र.सं. | प्रथम संस्करण |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पं. | पण्डित |
| वि.सं. | विक्रम संवत् |
| श. | शताब्दी |
| ष.प. | षष्टम् परिच्छेद |
| स.सै.प. | समालोचनाको सैद्धान्तिक परम्परा |
| सा.प्र. | साझा प्रकाशन |
| सं. | सम्पादक |

## पहिलो परिच्छेद

# परिचय

## १.१. पृष्ठभूमि

नेपाली साहित्यका विराट प्रतिभा रमेशचन्द्र अधिकारीका असङ्ख्य साहित्य कृतिका बिच काव्य कृतिहरूको आधिक्य छ । उनको **सीतायन** महाकाव्य र उनका अन्य प्रकाशित महाकाव्य कृतिहरूको रूप गुणमा के कति भिन्नता छ ? पूर्ववर्ती महाकाव्यहरूको दाँजोमा यसको के कति मूल्य छ ? सिङ्गो नेपाली महाकाव्य साहित्यको विकासमा यसको योगदान, यसले ल्याएको नयाँ प्रवृत्ति र यसले स्थापित गरेको मानवमूल्य के कस्ता छन् ? आदि समस्याहरूमा केन्द्रित रही अध्ययन गरेर प्रस्तुत शोधपत्र तयार गरेको छ ।

रमेशचन्द्र अधिकारीको जन्म २०११ साल साउनमा धादिङ जिल्लाको सुनौला बजार गाउँ विकास समिति वडा नं. १ नेवारपानी टोलमा पिता पद्मनाथ अधिकारी र माता दुर्गादेवी अधिकारीका कोखबाट भएको हो । उनी सामान्य कखरा पिताबाट नै सिकिसकेपछि उनी आफ्नै गाउँको कर्णेश्वर माध्यमिक विद्यालयमा कक्षा ८ अध्ययन गरी काठमाडौंको संस्कृत मा. वि. रानीपोखरीमा कक्षा ९ मा भर्ना भएका थिए । २०२७ सालमा त्यहींबाट द्वितीय श्रेणीमा पूर्व मध्यमा (एस.एल.सी.) उत्तीर्ण गरे ।

अधिकारीले २०३५ सालमा राजनीतिशास्त्रको सहायक प्रध्यापकका रूपमा अस्थायी नियुक्ति पाई नेपाल ल क्याम्पसमा अध्यापन पेसामा हात हालेका थिए । २०४३ सालबाट उनी सोही क्याम्पसमा उपप्रध्यापक बने । यसबेलासम्म आइपुग्दा उनी विभिन्न सङ्घसंस्थाबाट प्रकाशित हुने संस्थागत पत्रिकाहरूमा लेखन र सम्पादन कार्य आरम्भ गरिसकेका थिए । उनले **कौटिल्य, मनु, याज्ञवल्क्य सिद्धान्त मूल कस्य लिच्छविकालिकशासनप्रबन्धस्य विश्लेषणात्मकमध्ययनम्** शीर्षक शोधपत्रबाट २०४६ सालमा महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गरे । अधिकारीले काव्यात्मक रचना २०५३ सालमा आएर सुरु गरेका थिए । **पद्मदुर्गा** नामक शोककाव्य लेखी आफूलाई कविका रूपमा चिनाए । त्यस पश्चात् उनले **रामायण**को निर्दिष्ट कथावस्तुमा आधारित जगज्जननी सीताप्रति समर्पण भाव देखाउँदै सीताको सहनशीलता र कर्तव्य परायणताको पाठ सिकाउन नारीहरूलाई सन्देशित गर्दै २०५५ बाट **सीतायन** महाकाव्य प्रथम खण्ड सुरू गरी हालसम्म चौधौं खण्ड प्रकाशित भइसकेको छ ।

## १.२. शोध समस्या

महाकाव्यकार रमेशचन्द्र अधिकारीद्वारा लिखित महाकाव्य **सीतायन** नेपाली महाकाव्य इतिहासकै एक ऐतिहासिक उपलब्धि भएर पनि यसको विस्तृत अध्ययन हुन नसकेको अवस्थामा उक्त कृतिकै अधिनमा रही महाकाव्यात्मक तत्त्वका आधारमा **सीतायन** महाकाव्यको कृतिपरक विश्लेषणका क्रममा निम्न समस्या समाधानको प्रयत्न यस शोधपत्रले गरेको छ :

क) **सीतायन** महाकाव्यको संरचना र सङ्गठन के कस्तो रहेको छ ?

ख) **सीतायन** महाकाव्यमा काव्यतत्त्वको प्रयोग के-कसरी भएको छ ?

## १.३. शोधकार्यको उद्देश्य

महाकाव्यकार रमेशचन्द्र अधिकारी महाकाव्यमा केन्द्रित रही महाकाव्य सिद्धान्तको केही चर्चाका साथै यस महाकाव्यको संरचना र सङ्गठन स्वरूपको निर्धारण गरी काव्य प्रवृत्तिसँगै यसको समता-विषमताको चर्चाका साथ निम्न लिखित समस्याहरूमा केन्द्रित रही **सीतायन** महाकाव्यको विश्लेषण गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ :

क) **सीतायन** महाकाव्यको संरचना र सङ्गठनका बारेमा अध्ययन गर्नु,

ख) **सीतायन** महाकाव्यमा काव्यतत्त्वको प्रयोग बिभिन्न तरिकाबाट गर्नु,

## १.४. पूर्वकार्यको समीक्षा

करिब दुई दशकदेखि साहित्य-साधनामा लागेर **पद्मदुर्गा** महाकाव्य र **सीतायन** महाकाव्यका विविध भागहरू प्रकाशित गरिसकेका अनि साहित्येतर विविध विषयमा पनि थुप्रै ग्रन्थ तथा लेखरचनाहरू प्रकाशित गरेका महाकाव्यकार अधिकारीका बारेमा विभिन्न विद्वान्हरूले गरेको चर्चा-परिचर्चा र अध्ययनलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ **:**

खगेन्द्र थपलियाले मंसीर ४ गते (वि.सं.२०४५) को **गोरखापत्र** मा "महेन्द्र संस्कृत विश्व विद्यालयको प्रथम व्यक्ति" शीर्षकको लेखमा रमेशचन्द्र अधिकारी महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने प्रथम व्यक्ति हुन् भन्ने उल्लेख गरेका छन्, साथै उनी साहित्य लगायत राजनीतिशास्त्र र पूर्वीय हिन्दु-दर्शनका क्षेत्रमा पनि उत्तिकै ज्ञान हासिल गर्न सफल छन् भन्ने कुरा उल्लेख गरेका छन् तर उनको कृतिको बारेमा केही लेखेका छैनन् ।

गोकर्ण अर्यालले पुष २३ गते (वि.सं. २०५६) को **गोरखापत्र** मा "साधना विनाको जीवन अधुरो हुन्छ" शीर्षकको लेखमा अधिकारीको जीवनमा अनेकौ आरोह र अवरोधहरू भोग्दै समाजमा कलमका माध्यमबाट साँस्कृतिक, साहित्यिक, धार्मिक तथा बौद्धिक खुराक दिन सफल भएको कुरा उल्लेख गरेका छन् ।

शिव प्रसाद भट्टराईले माघ २९ गते (वि.सं. २०५६) को **गोरखापत्र** मा "नारीहरूको मानसिक स्वर्ग सीतायन महाकाव्य" शीर्षकको लेखमा **सीतायन**को दोस्रो खण्डको चर्चा गरेका छन् । यसमा रामलाई मर्यादा पुरूषोत्तमका रूपमा स्थापित गर्न सीताको चरित्रको र संस्कारले ठुलो भूमिका निर्वाह गरेको कुराको उल्लेख गर्दै उनले आजको विश्वमा नारीहरूलाई आफ्नो भूमिकाको महत्त्व बुझ्न यस महाकाव्यले पथप्रदर्शन गर्ने कुराको पनि उल्लेख गरेका छन् ।

जीवराम भण्डारीले चैत्र १० गते (वि.सं. २०५६) को **समकालीन** मा "नेपाली समाजका विशिष्ट प्रतिभा" शीर्षक लेख प्रकाशित भएको छ । त्यस लेखमा उनले अधिकारीको व्यक्तित्व र साहित्य साधनका सम्बन्धमा सामान्य चर्चा गरेका छन् ।

रामजङ्ग पाण्डेले बैशाख ५ गते (वि.सं. २०५७) को **तरूण साता** मा "संस्कृत गरिमामयी भाषा हो" शीर्षकमा अधिकारीसँग भएको कुराकानीलाई प्रश्नोत्तरका रूपमा प्रस्तुत गरेका छन् । त्यस कुराकानीका क्रममा 'संस्कृत गरिमामयी भाषा हो' भन्ने मान्यता अधिकारीले व्यक्त गरेको पाइन्छ ।

अच्युतरमण अधिकारीले असार १७ गते (वि.सं. २०५८) को **गोरखापत्र** मा "**सीतायन**" शीर्षक लेखमा **सीतायन** महाकाव्यलाई **रामायण**कै व्याख्याका रूपमा हेरेका छन्, साथै उनले सो **सीतायन** महाकाव्यमा शास्त्रीय छन्दको प्रयोगमा प्रशस्त कसरहरू रहेको कुराको पनि सङ्केत गरेका छन् ।

के.पी. रिजालले वर्ष १४ अङ्क ९ (वि.सं. २०५८) को **युवामञ्च** मा "साधना विना सफलताको शिखर चढ्नै सकिन्न" शीर्षकमा रमेशचन्द्र अधिकारी पनि साधनाले नै महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने पहिलो प्रतिभा हुन सफल भएका हुन् भन्ने उल्लेख गरेर धनसम्पत्ति र तडक-भडकलाईभन्दा प्रतिभालाई ठुलो मान्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । यसबाहेक यसमा उनको कृतित्वका बारेमा केही लेखिएको छैन ।

श्याम रिमालले वैशाख ११ गते (वि.सं. २०५९) को **हिमालय टाइम्स** "महाकाव्य 'सीतायन'को पूर्ण रूप प्राप्त हुन अझै १० वर्ष कुर्नुपर्ने" शीर्षकमा रिमालले के कुरा उल्लेख गरेका

छन् भने महाकाव्यकारले ३० खण्डमा **सीतायन** महाकाव्य पुरा गर्ने उद्देश्य राखेका छन् र बाँकी खण्डहरू निकाल्न अझै १० वर्ष कुर्नुपर्ने छ ।

नित्यानन्द तिम्सिनाले वैशाख १५ गते (वि.सं. २०५९) को **काठमाडौं पोस्ट "Sitayan : Way of life**" शीर्षकमा **सीतायन**को चर्चा गर्दै जब महिलालाई परिवारमा उचित सम्मान दिइन्छ तब नै परिवार सुखी र सम्पन्न हुन सक्छ भन्ने सन्देश **सीतायन** महाकाव्यले दिएको छ भन्ने उल्लेख गरेका छन् ।

सुदर्शन सिग्देलले भदौ २५ गते (वि.सं. २०५९) को **राजधानी** "साहित्यको तेस्रो बाटोमा लम्किँदै" शीर्षकमा रामलाई मर्यादा पुरूष बनाउन पहिलो हात सीताकै हो भन्ने कुरा प्रस्ट रूपमा **सीतायन**मा देखाएको कुरा लेखेका छन् । 'तपस्या नै रचना हो' भन्ने विचार राख्ने अधिकारी सिर्जनामा लागेकालाई समाजले जिउँदै उत्साहित गर्नुपर्छ भन्ने धारणा राख्दछन् भनेर पनि यहाँ व्यक्त गरिएको छ ।

विनय कुमार शर्मा नेपालले आश्विन (वि.सं. २०५९) को **नेपाली महाकवि र महाकाव्य** कृतिभित्र **पद्मदुर्गा र सीतायन** महाकाव्य शीर्षकमा चर्चा गर्दै **पद्मदुर्गा** महाकाव्यभित्र पाइने राष्ट्रभाव, सामाजिकता, प्रकृतिवर्णन, अध्यात्मदर्शन र परम्परा आदि विशेषतालाई छुट्टाछुट्टै शीर्षक-उपशीर्षकमा राखेर चर्चा गरेका छन् । यसै गरी **सीतायन** महाकाव्यको पनि पहिलो, दोस्रो र तेस्रो खण्डका बारेमा विभिन्न शीर्षकहरू राखेर छुट्टा-छुट्टै व्याख्या-विवेचना गरेका छन् ।

स्वागत नेपालले मंसीर २ गते (वि.सं. २०५९) को **नेपाल समाचारपत्र** "सीतायन महायात्राका महाकवि" शीर्षकमा अधिकारीको जीवनी पक्षको चर्चा गर्दै आफ्नो विवाह पश्चात् आठ वर्षसम्म घर नै नफर्कीकन आफ्नो अध्ययन कार्यमा तल्लीन रहेर साहित्यमा आचार्य र राजनीतिशास्त्रमा एम.ए. उत्तीर्ण भएपछि मात्र उनी घर फर्केको तथ्य प्रस्तुत गरेका छन् तर उनको कृतित्वका बारेमा केही लेखेका छैनन् ।

शम्भु रेग्मीले मंसीर १२ गते (वि.सं. २०५९) को **कमाण्डर** "महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने पहिलो व्यक्तित्व अधिकारी" शीर्षकमा रमेशचन्द्रको सरल स्वभाव, मीठो बोलीवचन तथा कसैलाई पनि नबिझाउने व्यवहारको उल्लेख गरेर **सीतायन** महाकाव्यका लागि दैनिक चार घण्टा जागा रहने अधिकारी महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने पहिलो व्यक्ति हुन् तर उनको कृतित्वको विश्लेषण चाहिँ गरेका छैनन् ।

गोपाल तिवारीले चैत्र ८ गते (वि.सं. २०५९) को **कान्तिपुर** "**सीतायन** महाकाव्य र अधिकारीको कृतित्व" शीर्षकमा कुनै पनि व्यक्ति वा संस्था जोसुकैले पनि राम्रो पक्षको अनुसरण गरेमा उसले परिवार समाज मात्रै होइन, सिङ्गै राष्ट्रलाई अघि बढाउन सक्छ भन्ने कुरा रमेशचन्द्रमा चरितार्थ हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

स्वागत नेपालले वैशाख २७ गते (वि.सं. २०६०) को **नेपाल समाचारपत्र** "छन्दमा गाली पनि मीठै हुन्छ" शीर्षकमा **सीतायन** महाकाव्यको छन्द-प्रयोगको चर्चा गर्दै अधिकारीका रचनामा छन्दको राम्रो प्रयोगले जोसुकै स्रोतालाई पनि सुनिरहुँ जस्तो, पाठकलाई पढिरहुँ जस्तो लाग्छ भन्ने कुरा स्पष्ट पारेका छन् ।

## १.५. शोधकार्यको औचित्य र महत्त्व

रमेशचन्द्र अधिकारी नेपाली साहित्यका एक विशिष्ट साधक हुन् भने नेपाली काव्य जगतका प्रिय प्रतिभा हुन् । उनको **सीतायन** महाकाव्य पनि नारीलाई अनेकन् धार्मिक रूप दिएर सृष्टिकर्ताको रूपमा प्रस्तुत गरिएकाले ऐतिहासिक प्रयोगका दृष्टिले पनि अत्युच्च छ । त्यसैले नेपाली महाकाव्य परम्परामा यसको आफ्नै महत्त्वपूर्ण स्थान छ । नेपाली ऐतिहासिक धार्मिक दृष्टिले सफल हुनु यस महाकाव्यको विशेष पहिचान हो । यस कृतिको काव्य संरचना, सैद्धान्तिक पृष्ठभूमिका साथै महाकाव्यको विश्लेषण गर्ने यस सम्बन्धी समग्र पक्ष र समग्र सामग्रीको विशद अध्ययन नभई नसकिने हुन्छ र शोधपत्र पनि त्यसै उद्देश्यका लागि लेखन आवश्यक भएको छ । यही नै यसको औचित्य र महत्त्व हो ।

## १.६. शोधकार्यको सीमाङ्कन

**सीतायन** महाकाव्य प्रथम खण्डमा राजा पद्माक्षराजले लक्ष्मी छोरी बनाउने उद्देश्य लिएर लोभ, मोह, काम, क्रोध आदिलाई वशमा राखी गरेको तपस्याबाट श्री विष्णु भगवान खुसी भएर लक्ष्मी छोरी प्राप्त भईन । राजाको उद्देश्य पुरा गर्न नसकेपछि वरहरू र राजा पद्माक्षराज बिच घमासान भिडन्तमा राजाको मृत्यु हुन्छ । अग्निकुण्डमा हामफालेकी कन्यालाई रावणले बाकसमा हाली लङ्का पुऱ्याउँछ । मन्दोदरीले यो अनिष्ट भयो भनि कन्यालाई खाली ठाउँमा छाडिदिनु भनेकाले दूतहरूले ती कन्या भएको बाकस जनकपुरको बाँझो जमिनमा राखिदिन्छन् । राजा जनकद्वारा कन्या छाडिएको भूमि जोत्दा बाकस प्राप्त हुन्छ र सो बाकस खोल्दा कन्या हुन्छिन् । ती कन्याको नाम सीता राखिन्छ । सीताको विवाहका लागि वर हुन आए तर कसैले पनि शैव धनु उचाल्न त के डगमगाउन पनि सकेनन् । रामचन्द्रले शैव धनु उचाली तोड्न सफल भइ सीतालाई

लिएर अयोध्यातिर गएका छन् । रामको राज्याभिषेकका बारेमा थाहा भएपछि मन्थराले कैकेयीलाई फकाएर रामलाई चौध वर्ष वनबास र भरतलाई राजा बनाउने प्रस्ताव राख्न लगाइन् । कैकेयीको यस प्रस्तावबाट राजा दशरथ मूर्छा परे । अनि विस्तारै राम-जानकीको बासस्थानतिर विशाल जनसमुदाय लागेको हुन्छ । **सीतायन** को प्रथम खण्ड यहाँ पुगेर समाप्त भएको छ ।

**सीतायन** महाकाव्य द्वितीय खण्डमा दशरथले बोलाएका कुरा सुमन्त्रले रामलाई जाहेर गरेकाले राम र सीता दशरथलाई भेट्न कुटीमा गएबाट सुरू भएको छ । त्यसपछि कैकेयीबाट दशरथप्रति गरिएका नकरात्मक टिप्पणी, भरतलाई राज्याभिषेक र रामलाई वनवासको प्रसङ्ग आएको छ । कौशिल्याले रामलाई दशरथको आज्ञा नमान्ने सल्लाह दिएकी छन् तर पिताको आज्ञा पालना गर्ने अठोट गरेका छन् । सीताले पनि रामसँगै वनवास जाने अभिव्यक्ति गरेकी छन् । राजा दशरथको मृत्यु भएकोले ज्यादै व्याकुल हुन पुगेका रामचन्द्रलाई अधिर नहुन सीताजीले सल्लाह दिएको र राज्यनै खालि रहन्छ भने पनि चौध वर्षको वनवासावधि पुरा गरेर अयोध्या फर्कने अठोट प्रसङ्गमा आएर प्रस्तुत **सीतायन** महाकाव्यको द्वितीय खण्डको समाप्ति भएको छ ।

**सीतायन** महाकाव्य प्रथम खण्डदेखि चौधौं खण्डसम्म रहेकोले चौधौं खण्डको अन्तमा सीतालाई रावणले हरण गरी अशोक बाटिकामा राखिएको हुन्छ । सीतालाई रेखदेख गर्नका लागि रावणका दुत राक्षसीहरू र त्रिजटा पनि साथमै रहेकी हुन्छिन् । यसै सेरोफेरोमा रहेर **सीतायन** महाकाव्यको चौधौं खण्डको समाप्ति भएको छ । उक्त महाकाव्य लेखनको सिलसिला अझै टुङ्गिएको छैन । यसैले यस शोधपत्रमा प्रथम र द्वितीय खण्डको मात्र विश्लेषण प्रस्तुत गरिएको छ ।

## १.७. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रका लागि मूलतः पुस्तकालय अध्ययनविधिद्वारा सामग्री सङ्कलन गरिने छ । यसका अतिरिक्त आवश्यकता अनुसार विद्वान्हरूसँग राय जानकारी लिइने छ । सामग्री सङ्कलनमा मूल र गौण दुवै स्रोतको सहायता लिइने छ । मूल स्रोतका रूपमा अधिकारीको कृति **सीतायन** र यसमा केन्द्रित अन्य रचनालाई लिइने छ भने गौण स्रोतका रूपमा काव्य सिद्धान्त तथा महाकाव्यकार अधिकारीसँग सम्बन्धित समालोचनात्मक प्राज्ञिक अभिव्यक्ति आदिलाई लिइनेछ । प्रस्तुत शोधपत्र **सीतायन** महाकाव्य अध्ययनमा केन्द्रित रहेको हुनाले आवश्यक काव्य उपकरणहरूलाई मूल आधार बनाई विश्लेषणात्मक पद्धतिद्वारा कृतिको अध्ययन हुने छ । सन्दर्भ सामग्रीको उद्धरण गर्ने क्रममा **सीतायन** महाकाव्यको उद्धरणको टिप्पणी मूल पाठभित्र र अन्य उद्धरणको टिप्पणी पादटिप्पणीका रूपमा दिइएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि छ परिच्छेदमा विभाजन गरिएको छ, जसको रूपरेखा यसप्रकार रहको छ ।

(क) पहिलो परिच्छेद : शोधपत्रको परिचय

(ख) दोस्रो परिच्छेद : महाकाव्यको सैद्धान्तिक परिचय र तत्त्वहरू

(ग) तेस्रो परिच्छेद : नेपाली महाकाव्यको विकासक्रम

(घ) चौथो परिच्छेद : **सीतायन** महाकाव्य (प्रथम र द्वितीय खण्ड) विश्लेषण

(ङ) पाँचौं परिच्छेद : उपसंहार

(च) छैटौं परिच्छेद : निष्कर्ष

शोधपत्रको अन्त्यमा सन्दर्भ सूची दिइएको छ ।

दोस्रो परिच्छेद

# महाकाव्यको सैद्धान्तिक परिचय र तत्त्वहरू

## २.१. पृष्ठभूमि

साहित्य अन्तर्गत पर्ने विविध विधाहरू मध्येको एउटा विधा महाकाव्यलाई चिन्नु अघि साहित्यका बारेमा जान्नुपर्ने हुन्छ । पश्चिममा 'लिटरेचर' र पूर्वमा 'काव्य' शब्द पर्यायवाची बनेर यो शब्द आएको छ ।

हजारौं वर्ष पहिले छापाखानाको अभाव हुँदा साहित्यिक प्रतिभाहरूले कैयौं वर्ष लगाई हातैले पुस्तक तयार गर्दथे । यस्तो बेलामा नाटक आदिलाई मञ्चन गराउने र महाकाव्य, खण्डकाव्य आदि अरूलाई सुनाउने गर्दथे । यसै आधारमा काव्यलाई दृश्य र श्रव्य गरी दुई हाँगामा विभाजित गरिएको पाइन्छ । हाल आएर 'साहित्य' शब्दले 'काव्य' शब्दको भन्दा व्यापक अर्थ समेट्न थालिसकेको छ । 'काव्य' शब्द महाकाव्य, खण्डकाव्य गीतिकाव्य आदिमा रूढ हुन पुगेको छ तर यी दुवैको अर्थमै फरक भने भएको छैन । अझैसम्म पनि 'काव्य' शब्द साहित्यको रूपमा प्रयोग भई नै रहेको छ ।

साहित्यका व्यापक र सीमित गरी दुई अर्थहरू रहेका छन् । व्यापक अर्थमा यसले समस्त वाङ्मयलाई बुझाउँछ भने सीमित अर्थमा केवल गद्य, पद्य र चम्पूलाई बुझाउँछ । यीमध्ये पद्यअन्तर्गत पर्ने प्रबन्ध काव्य र मूलत काव्यमध्ये बृहत्, बृहत्तर रूपलाई नै महाकाव्य भनेर चिनिएको छ ।

महाकाव्यलाई चिनाउनका लागि पूर्वीय तथा पाश्चात्य साहित्य चिन्तकहरूका विचारलाई अघि सारिएको छ । यसै गरी महाकाव्य सम्बन्धमा व्यक्त भएका अन्य धारणालाई पनि यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ :

## २.२. पूर्वीय धारणाहरू

पूर्वीय साहित्यमा एकैपटक महाकाव्य चिन्तनको थालनी भएको देखिदैन । सबभन्दा पहिले अग्निपुराणको कथन अनुसार "सङ्क्षेपमा अभीष्ट अर्थ व्यक्त गर्ने दोषरहित, गुणसहित पदावली नै काव्य हो" (उपाध्याय, सन् १९६२ : ६०) भनी सिङ्गो काव्यको परिचय पाउन सकिएको छ । त्यसपछि मात्रै साहित्यका विधा विशेषको चिन्तन भएको पाइन्छ । यसरी अग्निपुराणले सिङ्गो काव्यलाई चिनाए झैं नाटकका क्षेत्रमा आचार्य भरतमुनिले प्रशस्त चिन्तन गरेको देखिन्छ ।

महाकाव्य विधाका पहिला चिन्तक आचार्य भामह (पाँचौं शताब्दी खीष्टाब्द) हुन् । उनका अनुसार : "लामो कथानक नभएको, महान् चरित्रमा आधारित नाटकीय पञ्चसन्धि समन्वित, उत्कृष्ट एवं अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र एकाइहरूको वर्णन गर्ने सर्गबद्ध र सुखान्त काव्य नै महाकाव्य हो" (भामह, वि.सं. २०३८ : १९-२०) ।

उनको यस परिभाषालाई हेर्दा तत्कालीन **रामायण** र **महाभारत** जस्ता ग्रन्थहरू लक्ष्य ग्रन्थ बनेको अनुमान गर्न सकिन्छ । यस परिभाषामा भामहले लामो कथानकलाई मान्यता नदिनुले केही विवाद उब्जाए पनि उनले महाकाव्यको अनावश्यक विस्तारतर्फ मात्रै सङ्केत गरेको अनुमान गर्न सकिन्छ ।

भामहपछि महाकाव्यका बारेमा केही विस्तृत रूपले आचार्य दण्डीले परिभाषा दिएका छन् । उनका अनुसार :

> "महाकाव्य आशीर्वाद, नमस्कृया वा वस्तुनिर्देशमध्ये कुनै एकबाट थालिएको हुनुपर्दछ । सर्गबद्ध र इतिहास प्रसिद्ध कथानक भएको, सदाश्रयी, चतुवर्गफलप्राप्ति, चतुर एवं उदात्त किसिमको कथानक हुनुपर्दछ । नगर, शैल, सागर, चन्द्रोदय तथा रतोत्सवादि वर्णन गरिएको हुनुपर्दछ । त्यस्तै मन्त्रदूतप्रयाणादि र नायकको उदयको वर्णन भएको अलङ्कृत, सङ्क्षिप्त, रसनिरन्तरतायुक्त, सन्तुलित सर्गयुक्त, पञ्चमसन्धि-समन्वित एवं लोक रञ्जक कथानक भएको कल्यन्तरस्थायी हुन्छ" (दण्डी, वि.सं. २०२८ : ३१) ।

दण्डीले यस परिभाषामा महाकाव्यलाई केही व्यापक र व्यवस्थित विधाका रूपमा देखाउन खोजे पनि सङ्क्षिप्त' शब्दको प्रयोगले भने भामहकै अनुसरण गरेको देखिन्छ । दण्डीपछि आचार्य रूद्रले महाकाव्यलाई यसरी हेरेका छन् :

> "महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए तापनि महान् हुन्छ । यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न, द्विजकुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धमा विजयसमेत हासिल गर्न सक्ने खालको हुन्छ" (रूद्रट, वि.स.२०३२ : ४२) ।

रूद्रटका अनुसार महाकाव्यमा नायक र कथा उपकथाहरूको उपस्थिति विशेष किसिमको हुनुपर्दछ । रूद्रटपछि हेमचन्द्रले महाकाव्यलाई यसरी परिभाषित गरेको छन् :

> "पद्यबद्ध रूपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा विभिन्न कथानकलाई लिएर शब्द वैचित्र्य, रसयुक्त छन्दोवद्ध एवं लोकरञ्जक गुण बोकेको काव्य नै महाकाव्य हो" (हेमचन्द्र, सन् १९३४ : ३९५) । आचार्य हेमचन्द्रले पहिलोपटक संस्कृतेतर भाषालाई पनि महाकाव्योचित भाषा मानेका छन् । महाकाव्यमा शब्द वैचित्र्य र अर्थवैचित्र्यको प्रसङ्ग पनि उल्लेख गरेका छन् । त्यसैले यस परिभाषामा केही नयाँपन र समसामयिकता पाउन सकिन्छ ।

संस्कृत साहित्यका अर्का चिन्तक आचार्य विश्वनाथले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् :

> "महाकाव्य सर्गबद्ध हुन्छ र त्यसको नायक सुर, सद्वंशी, क्षेत्रीय एकै वंशको वा एकै वंशको धेरै पनि हुन सक्छन् । शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्गरस हुनैपर्दछ । कथानक नाटकीय पञ्चसन्धि समन्वित हुनुपर्दछ । इतिहासप्रसिद्ध र सज्जनाश्रित हुनुपर्दछ । सूरूमा वास्तुनिर्देश वा नमस्कृया वा आशीर्वाद रहनुपर्दछ । सज्जनको गुणगान र दुर्जनको निन्दा गरिएको हुनुपर्दछ । न धेरै लामा, न धेरै छोटा र कम्तीमा आठवटा सर्गहरू हुनुपर्दछ । सर्गान्तमा भावीसर्गको सूचना हुनुपर्दछ । सम्पूर्ण कालचक्र (सन्ध्या, प्रभाव, इन्दु, रजनी, ध्वान्त, मध्यान्ह आदि), सम्पूर्ण ऋतुचक्र, स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनु पर्दछ । सम्भोग, विप्रलम्भ, पुत्रोत्पत्ति आदिको वर्णन गरिनु पर्दछ । रणप्रयाण एवं सत्विजय देखाइनु पर्दछ । नायक, कथानक वा कविको नामबाट काव्यको नामकरण गरिनु पर्दछ विविध छन्दको प्रयोग गरिनुका साथै सर्गान्तमा छन्द बदल्नु पर्दछ" (विश्वनाथ, सन् १९६३ : ५४९) ।

आचार्य विश्वनाथको यस परिभाषाले महाकाव्यका प्राचीन लक्षणसूत्रहरूलाई समर्थन मात्रै नगरी केही समसामयिकतालाई पनि समेटेको देखिन्छ । महाकाव्यमा चतुर्वगफलमध्ये कुनै एउटाको फलसिद्धिको सङ्केत गर्नुले परिभाषा बढी ललित काव्यतर्फ झुकेको देखाउँछ । त्यस्तै अङ्गीरसको प्रयोगमा करुणरसको उल्लेख नगर्नुले पनि आर्ष महाकाव्यलाई बेवास्ता गरी ललितकाव्यतर्फ स्वीकृति जनाएको देखाउँछ । यिनै कारणले गर्दा विश्वनाथको यो परिभाषा बढीअनुगमनात्मक बन्न पुगेको छ ।

विश्वनाथपछि आचार्य जगन्नाथले सिङ्गै काव्यलाई परिभाषित गरेका भामहदेखि विश्वनाथसम्मका परिभाषालाई मात्र महाकाव्यका पररिभाषाका रूपमा लिन सकिन्छ । यिनीहरूमा क्रमशः युगानुकूल परिवर्तन वा समसामयिकताको प्रवेश भएको देखिन्छ । यी सबै परिभाषालाई समग्रमा भन्नुपर्दा भामह र दण्डीका परिभाषाले आर्ष महाकाव्यलाई लक्ष्यग्रन्थ बनाएका छन् । त्यस्तै अन्य आचार्यका परिभाषाले ललित महाकाव्यलाई नै आफ्ना परिभाषाका आधारग्रन्थ बनाएका देखिन्छन् ।

संस्कृत आचार्यहरूले दिएका यी सबै परिभाषाहरूलाई समेटेर भन्नुपर्दा :

> "युग र जीवनका विविध पक्षको विशाल चित्रण भएको, संस्कृतेतर भाषामा लेखिएको कुनै उच्च कुलीन महान् चरित्रको उदात्त कथानकयुक्त सर्गबद्ध, छन्दोबद्ध र पञ्चसन्धि समन्वित श्रुतिरम्य र आलङ्कारिक शाश्वत काव्य कृति नै महाकाव्य हो" भन्न सकिन्छ ।

## २.३. पाश्चात्य धारणाहरू

पाश्चात्य साहित्यमा युनानी कवि होमरका **इलियट** र **ओडेसी** जस्ता प्रसिद्ध महाकाव्यहरूद्वारा साहित्य सृजनाको सुरूवात भएको पाइन्छ । त्यस्तै सिङ्गो साहित्य चिन्तनका परम्परा प्लेटो (इ.पू. ४२७-३५७) ले बसाएको पाइन्छ (सुवेदी, वि.सं. २०३१ : १) । तर महाकाव्यका पहिला चिन्तकका रूपमा भने अरस्तुका (इ.पू. ३८४-३२२) देखापरेका छन् । अरस्तुले महाकाव्यकै निम्ति छुट्टै चिन्तन नगरे पनि ट्रेजेडीको चर्चाका क्रममा आफ्नो ग्रन्थ काव्यशास्त्र (पेरिपोइतिकेस) को अध्याय २२, २३ र २४ मा ट्रेजेडी र महाकाव्यका बिच तुलना गरेका छन् । यसै क्रममा उनी भन्दछन् **:** "महाकाव्यमा आफ्ना सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ" (चतुर्वेदी, सन् १९८१ : ४६) । त्यस्तै अर्को ठाउँमा उनी भन्दछन् : "जहाँसम्म यस्तो काव्यकृतिको प्रश्न छ, जसको रूप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयोग भएको हुन्छ । कथानकको विकास आदि, मध्य र अन्त्य भएको एक पूर्ण घटनाको उल्लेख हुनुपर्छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ" (चतुर्वेदी, सन् १९८१ : ४६) ।

अरस्तुको यो परिभाषाभित्र : **इलियट** र **ओडेसी** जस्ता विकसित महाकाव्यहरू समेटिएका छैनन् । यहाँ दुःखान्तकसँग महाकाव्यको तुलना गर्दै केवल अलङ्कृत महाकाव्य (इपिक अफ आर्ट) लाई मात्र सङ्केत गरिएको देखिन्छ । यस बाहेक पनि महाकाव्यमा वीर छन्दलाई जोड दिई एकै छन्द

प्रवाहतर्फ झुकेको देखिन्छ तर यति भएर पनि महाकाव्यका चिन्तनका क्रममा भएको पहिलो आवाजका रूपमा भने यी अभिव्यक्तिहरू निकै महत्त्वपूर्ण देखिन्छन् ।

अरस्तुपछि लामो समयसम्म महाकाव्य सम्बन्धी चिन्तन अघि बढ्न सकेको देखिदैंन । धेरै पछि मात्र यसमा निरन्तरता आएको पाइन्छ ।

यसै क्रममा जोसेफ एडिसनले 'प्याराडाइज लष्ट' को भूमिकामा महाकाव्य सम्बन्धी आफ्ना धारणा यसरी व्यक्त गर्दछन् : "महाकाव्यमा दन्त्यकथा पूर्ण वा अपूर्ण हुन्छ । यसमा कम्तीमा तिन कुरा प्रमुख रहन्छन् :

- एउटा घटना हुनै पर्छ
- घटना महान् हुनु पर्दछ
- घटना पूर्ण हुनु पर्दछ" (द नर्तोन एन्थोलोजी अफ इङ्लिश लिटरेचर', सन् १९७२ : ११७) ।

एडिसन महाकाव्यमा कथानकको व्यापकतालाई मात्र महत्त्व दिई कथानकलाई डोऱ्याउने नायकको बारेमा मौन रहेका छन्; तापनि घटनाको पूर्णताको लागि नायक पनि महान् हुनै पर्छ भनी अनुमान भने लगाउन सकिन्छ ।

अर्का पाश्चात्य काव्यचिन्तक एबर क्रम्बेल महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरूमा विभाजन गर्दै "आलङ्कारिक रूपमा मनोरञ्जक पाराले लेखिएकालाई साहित्यिक र ऐतिहासिक पाराले कथानकमा समयानुरूप लिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य" (एवर क्रम्बे, सन् १९६० : २५) भनेका छन् ।

अर्का विद्वान् आइ.टी. मेयर्सले **:** "महाकाव्यको नायक उच्च एवं उदात्त गुणयुक्त र सद्भावले पूर्ण हुनुपर्छ" भन्दै महाकाव्यमा काव्योचित नायकको अपेक्षा गरेका छन् (आइ.टी. मेयर्स, सन् १९२८ : १९) ।

समालोचक सी.एम बार्बराका विचारमा **:**

> "त्यो बृहदाकार कथात्मक काव्य महाकाव्य हो, जसमा महत्त्वपूर्ण र गरिमामय घटनाहरूको वर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवं भयङ्कर कार्यले भरिएको जीवन-कथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र

> पात्रहरूले हाम्रा हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महत्त्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छन्" -बार्बरा, सन् १९४५ : १६) ।

यी विद्वान् समालोचकका अतिरिक्त निम्न ग्रन्थहरूले पनि महाकाव्यलाई चिनाउने गरेका छन् :

> पश्चिमी विद्वान् स्टिन वर्गले सम्पादन गरेको विश्वकोषमा "वीरतापूर्ण कार्यको सुविस्तृत रूपमा वर्णन गरिएको वर्णनात्मक कविता नै महाकाव्य हो । यसमा नायक प्रायः एउटै हुन्छ" -ईन्साइक्लोपेडिया अफ लिटरेरी टर्म, १९९५ : ९७) भन्दै महाकाव्यको चिनारी दिइएको छ ।

अर्को ग्रन्थ इन्साइक्लोपेडिक डिक्सनरीले : "नायकका चामत्कारिक कार्यहरूका बारेमा लेखिएको वर्णनात्मक कविता नै महाकाव्य हो" ('वेब्स्टर इन्साइक्लोपेडिक डिक्सनरी अफ इङ्गलिस ल्याङ्वेज', सन् १९७०) भनी महाकाव्यको गुण निर्धारण गरेको छ ।

त्यस्तै अर्को ग्रन्थ ग्लोसरी अफ लिटरेरी टर्मका अनुसार : "यो गम्भीर रूपमा लेखिएको, आख्यानात्मक एवं आलङ्कारिक पदावलीहरूको प्रयोग गरिएको, देवी वा अर्धदैवी पात्रको समावेश भएको औपचारिक शैली एवं वृत्ताकारमा लेखिएको हुन्छ" (अ ग्लोसरी अफ लिटरेरी टर्म, सन् १९९३ : ५३) ।

यी सबै परिभाषाहरूबाट महाकाव्य निम्नलिखित विशेषताहरूले युक्त विधा विशेषका रूपमा रहेको देखिएको छ :

- वर्णनात्मक कविता
- छन्दोवद्ध एवं आलङ्कारिक संयोजन
- महान् नायकको महान् कथानक
- सिङ्गो युग, समाज, सभ्यता र संस्कृतिको प्रतिबिम्ब

उपरोक्त परिभाषाहरूलाई समेटेर भन्नुपर्दा "महान् नायक र महान् कथानक बोकेको आलङ्कारिक, छन्दोबद्ध गरिमामय लामो वर्णनात्मक कवितायुक्त पद्यमय रचना महाकाव्य हो" भन्न सकिन्छ ।

## २.४. पूर्वीय र पाश्चात्य धारणाहरूको तुलनात्मक समीक्षा

पूर्वीय आचार्य भामह र पाश्चात्य अरस्तुका विचारहरू नै महाकाव्य चिन्तन परम्परालाई डोऱ्याउने प्रथम उद्‌गम बिन्दु हुन् । यी दुवैको चिन्तन परम्परामा समसामयिकताका साथ

उत्तरवर्तीहरूले थप चिन्तन मनन गर्दै आजको अवस्थासम्म आएका छन् । पूर्व र पश्चिममा आफ्नै पाराले महाकाव्यलाई परिभाषित गर्दा यी दुईथरि विचारहरूमा केही समानता र केही भिन्नताहरू देखा परेका छन् जसलाई निम्न पङ्क्तिमा यसरी देखाउने प्रयास गरिएको छ ।

भामह र अरस्तु दुवैले महान् चरित्रको वर्णन भएको, परिमार्जित र बोलचालको भन्दा भिन्नै आलङ्कारिक भाषा शैलीमा रचिएको एउटै मूल कथावस्तु भएको पद्यमय रचनालाई महाकाव्य मानेका छन् । त्यस्तै पाश्चात्यमा अरस्तुले त्रासदीमा हुने वस्तु सङ्गठनको आवश्यकता महाकाव्यमा अपेक्षा गरेको देखिन्छ भने कथावस्तुमा पञ्चसन्धि समन्वित हुनुपर्ने कुराको समर्थन पूर्वीय साहित्य चिन्तक विश्वनाथले पनि जनाएका छन् ।

यसबाहेक कुनै विचारहरू पूर्वीय र पाश्चात्य विद्वान्का अनुसार फरक बनेर महाकाव्य चिन्तनमा देखा परेका छन् । जस्तै : पूर्वमा छन्दोविविधतालाई स्वीकारिएको छ भने पश्चिममा केवल एक छन्द (वीर छन्द) को अपेक्षा गरिएको छ । पूर्वमा शृङ्गार, शान्त र वीरमध्ये एक रसलाई महाकाव्यको अङ्गीरस मानिएको छ भने पश्चिममा करुण रसलाई यस्तो मान्यता दिइएको छ । त्यस्तै पूर्वमा महाकाव्यभित्र आदर्श विचारहरूको अपेक्षा राखिएको छ भने पश्चिममा जीवन-जगत्को यथास्थिति, दुःखान्तता र भौतिक विचारहरूको बाहुल्य हुनुपर्ने छ ।

तुलनात्मक रूपमा हेर्दा पूर्वमा भामहदेखि विश्वनाथसम्म आउँदा महाकाव्य चिन्तनमा जति विकास भएको छ, त्यस्तो पाश्चात्यमा देखिंदैन तर महाकाव्य मान्यताको स्थापनामा भने पश्चिमको पनि उत्तिकै महत्त्व देखिन्छ ।

निष्कर्षमा यी दुवैथरि काव्य मान्यतालाई समेटेर सामूहिक रूपमा भन्नुपर्दा "महाकाव्य गम्भीर कथानक बोकेको उच्च नायकको चरित्रमा आधारित, युग, सभ्यता, समाज र संस्कृतिका विविध पक्षहरू समेटिएको छन्दोबद्ध र आलङ्कारिक भाषा भएको, पञ्चसन्धि समन्वित बृहत् आयामयुक्त सर्गबद्ध कृति हो" भन्न सकिन्छ ।

## २.५. महाकाव्य सम्बन्धी अन्य धारणाहरू

महाकाव्यका बारेमा भारतीय विद्वान्, समालोचक तथा भारतीय ग्रन्थहरूले पनि चिनाउने कोशिस गरेका छन् ।

भारतीय समालोचक नगेन्द्रले : महाकाव्यलाई उदात्त कथानकयुक्त, उदात्त नायकयुक्त, उदात्त उद्देश्ययुक्त र उदात्त भाव एवं शैलीयुक्त छन्दोबद्ध वर्णण्य काव्य ग्रन्थ (नगेन्द्र, ई.सं. १९८१ : १२५) भन्दै गरिमामय ग्रन्थका रूपमा हेरेका छन् ।

भारतीय विद्वान् विश्वम्भर 'मानव' ले कामायिनीको समालोचना गर्ने क्रममा महाकाव्यलाई यसरी हेरेका छन् : महाकाव्यले जीवनको विराट् चित्र प्रस्तुत गर्दछ । यो जातीय कथा, इतिहास, पुराणमाथि आधारित रहनाले यसको कथा विशेष वा संस्कृतिको वाहक हुन्छ (विश्वम्भर, सन् १९६२ : १३४) ।

अर्का भारतीय समालोचक भगीरथ मिश्रले महाकाव्यलाई चिनाउने क्रममा महाकविलाई समेत चिनाउन पुगेका छन् :

> "महाकविको कल्पना संयम तर प्रबल हुन्छ, उसभित्र नव निर्माणको चेतनाका साथै महाकविभित्र रहेको शब्दावलीको जादूले गर्दा महाकवि र अन्य कविका बिचमा भिन्नता पाइन्छ । अतः महाकाव्य आफ्नो महत्तम अक्षुण्ण रहन्छ" (मिश्र, सन् २०४७ : ५५) । नगेन्द्र झै मिश्रले पनि महाकाव्यलाई महान् कृति मानेका छन् ।

यसरी भारतीय विद्वान् तथा समालोचकहरूले महाकाव्यलाई चिनाउँदै : "युग र जीवनको विशाल चित्रण गर्न सकिने समयामयिक विधा" का रूपमा अघि सारेको देखिन्छ ।

यसैगरी महाकाव्यलाई चिनाउने नेपाली साहित्यकार, विद्वान् तथा समालोचकहरूका धारणाहरू पनि कम महत्त्वपूर्ण देखिंदैनन् । कतै परिभाषाकै क्रममा, कतै भूमिका लेखनका क्रममा र कतै समालोचनाका क्रममा पनि महाकाव्य सम्बन्धी यस्ता विचारहरू प्रस्तुत भएका छन् ।

यसै क्रममा आफ्नो महाकाव्यलाई मूल्याङ्कनको दृष्टि दिदै महाकवि देवकोटा भन्दछन् .............

"………. तर छ साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता-उपन्यास जसलाई महाकाव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै हुने गरी दिइएको छ" (देवकोटा, वि.सं. २००३ : ३) । त्यस्तै अर्को ठाउँमा उनी भन्दछन् "सायद महाकाव्य भन्नु नपर्ने, कति मात्रामा सुहाउँछ म भन्न सक्दिन" (देवकोटा, वि.सं. २००३ : ३) ।

यी विचारहरूले महाकाव्यको परिभाषामाभन्दा आलोचनामै विशेष जोड दिएका छन् ।

नेपाली महाकाव्य क्षेत्रका क्रान्तिकारी महाकवि बालकृष्ण समका अनुसार : "संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो" (सम, वि.सं. २०१५) ।

महाकवि समको यो परिभाषा महाकाव्य विधाको लागि उपयुक्त छैन । उनका अनुसार महाकाव्य मान्ने हो भने : देवीदत्त पराजुलीका 'कविता गुच्छहार' जस्ता लघुकाव्य सङ्ग्रहलाई पनि महाकाव्य भन्नुपर्ने बाध्यता आउन सक्छ तर यति हुँदाहुँदै पनि माथि उल्लिखित 'संलग्न' शब्दले भने महाकाव्यलाई महाकाव्य लक्षणयुक्त भन्न खोजेको अनुमान लगाउन सकिन्छ ।

अर्का नेपाली साहित्य चिन्तक पं. भवानीशङ्कर उपाध्यायका दृष्टिमा महाकाव्य यसरी देखापरेको छ :

"ठुलो निबन्धको ग्रन्थ रसालङ्कार शोभित ।

चमत्कारी र ओजस्वी शिक्षा सम्पन्न उर्जित ॥४॥

चक्र, गोमूत्र खड्गादि बन्धबद्ध विलक्षण ।

त्यो वस्तु महाकाव्य भन्दछन् तत्त्व विचक्षण" ॥५॥ (उपाध्याय, वि.सं. २०२५ : २१) ।

पं. भवानीशङ्करले महाकाव्यलाई कवितामय ग्रन्थका रूपमा स्वीकार्ने पूर्ववर्तीहरूका विचारभन्दा फरक ढङ्गले हेर्दै निबन्धको ग्रन्थका रूपमा यसलाई स्थापना गर्न खोजेका छन् ।

समालोचक वासुदेव त्रिपाठीका अनुसार "वस्तुतः सामयिक–सामाजिक धरातलमा टेकेर मानसिक भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत व्यापक अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो महाकाव्य हो" (त्रिपाठी, वि.सं. २०२७ : १०९) ।

समालोचक भानुभक्त पोखरेलका अनुसार :

> "एउटा युगको धरातलमा उभिएर जीवन र जगत्का अनेकौं स्थायी तत्त्वहरूको उद्घाटन र विश्लेषण गर्नसक्ने कथानक या चरित्रमा आधारित, निश्चित दृष्टिकोण या दर्शन बोकेको सुसङ्गत एवं सुसङ्गति विशाल कवितात्मक ग्रन्थ महाकाव्य हो" (पोखरेल, वि.सं. २०४० : १३१) ।

यस परिभाषा अनुसार पनि महाकाव्य जीवन जगतका व्यापकतालाई समेट्न सक्ने समसामयिक, युगबोधक विशाल पद्यग्रन्थका रूपमा अस्तित्व पाएको विधा हो भन्न सकिन्छ ।

त्यस्तै अर्को ठाउँमा त्रिपाठीको भनाइ छ : "कविता जब एउटा सिङ्गो जिन्दगानीलाई बोकेर हिंड्न थाल्छ र अनुभूतिको महानदी जब बहन थाल्छ, यो महाकाव्य विधा प्रकट हुन्छ" (त्रिपाठी, वि.सं. २०५२ : ५) ।

यसरी त्रिपाठीका अनुसार महाकाव्यलाई पूर्ण कथानकयुक्त स्तरीय कवित्व प्रदर्शन हुनसक्ने काव्यकृतिका रूपमा हेर्न सकिन्छ ।

नेपाली कविता भाग ४ का अनुसार :

> "महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत् तथा वृहत्तर उपविधागत भेद हो जसमा साङ्गीतिक भावप्रवाहका रूपमा कविताको प्राधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन-जगत्‌को विस्तृत कथन प्राय: सर्गबद्ध बृहत् भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यको रचनामा विपुल लय प्रवाह र विशाल भावराशि तथा समग्र जीवन जगतको आख्यानीकरण र बृहत् भाषिक संरचनाका मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्त्वलाई अभिव्यक्त गर्दछन्" (त्रिपाठी, वि.सं. २०४६ : ११२) ।

प्रस्तुत अभिव्यक्तिबाट महाकाव्यमा विपुल लय प्रवाह बृहत् भाषिक संरचना, व्यापक आख्यान र विशाल भावराशि समेटिएको कुरा थाहा हुन्छ ।

समालोचक नारायण प्रसाद खनालका अनुसार : "जहाँसम्म कविताको प्रश्न छ, त्यो त मठको तुलसी हो र खण्डकाव्य हो एउटा वाटिका । अनि महाकाव्य हो घनाजङ्गल" (खनाल, वि.सं. २०४९ : ९) । यस कथनबाट पनि महाकाव्यको व्यापकतालाई बुझ्न सकिन्छ ।

यी सबका अतिरिक्त बृहत् नेपाली शब्दकोशले महाकाव्यलाई : "काव्यशास्त्र अनुसार कथासूत्रमा आवद्ध प्रख्यात विषयवस्तुमा आधारित सर्गबद्ध तथा रसयुक्त ठुलो गहन काव्य" ('बृहत् नेपाली शब्दकोश', २०५२ : १०५८) भनेर चिनाएको छ ।

त्यस्तै नेपाली साहित्यकोशमा महाकाव्यको परिभाषा यसरी दिइएको छ :

> "कुनै पनि राष्ट्र वा जातिका महत्त्वमा आदर्श संस्कृति, इतिहास, जीवन-दर्शन र नीतिजस्ता सम्पूर्ण राष्ट्र वा जातिद्वारा गौरव गरिने र सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरूको सङ्गठन भएको सर्वाङ्गरूपेण परिमार्जित उत्कृष्ट काव्य भन्ने अर्थ महाकाव्य शब्दबाट ध्वनित हुन्छ" (बराल, वि.सं. २०५५ : ५९७) ।

यस परिभाषाबाट पनि महाकाव्य विधालाई जीवन जगत्‌का विविध पक्ष समेट्ने आदर्श र गरिमामय बृहत् विधाका रूपमा चिन्न सकिन्छ ।

यसैगरी समालोचक कृष्ण गौतमका शब्दहरूमा : “कुनै कृतिले ठुलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन । महाकाव्यका निम्ति उच्चता हुनुपर्छ, भव्यता हुनुपर्छ, गरिमा हुनुपर्छ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनुपर्दछ” (गौतम्, वि.सं. २०५५ : ३) ।

प्रस्तुत परिभाषाले महाकाव्यको काव्यात्मक उचाइप्रति विशेष ध्यान दिएको छ । आकारमा व्यापकताकासाथै विशिष्ट भावगाम्भीर्य बोकेको उच्च, भव्य र गरिमामय विधाका रूपमा महाकाव्यलाई चिनाउन पुगेको छ ।

माथिका सम्पूर्ण परिभाषाहरूलाई समेटेर भन्नुपर्दा : “युग र जीवनको व्यापकतालाई समेट्न सक्ने महान् नायकको महान् कथामा आधारित दरिलो आख्यानयुक्त, महाकाव्यात्मक उच्चता र भव्यतालाई वहन गर्नसक्ने गरिमामय बृहत् र शाश्वत कृति नै महाकाव्य हो” भन्न सकिन्छ ।

## २.६. विषय प्रवेश

विभिन्न ठुला-साना अङ्ग अवयवहरूको मिश्रणद्वारा महाकाव्य शरीरको निर्माण भएको हुन्छ । महाकाव्यको निर्माणमा देखा परेका सबै घटकहरूलाई महाकाव्यका तत्त्व भन्न  महाकाव्य भित्रका आ-आफ्ना महत्त्वका आधारमा यिनीहरू कुनै प्रमुख हुन्छन् भने कुनै गौण रूपमा पनि रहेका देखिन्छन् । हालसम्मका पूर्वीय र पाश्चात्य साहित्यका महाकाव्य चिन्तन मननलाई आधार बनाएर महाकाव्यका तत्त्वहरूको खोजी गर्न सकिन्छ ।

## २.७. पूर्वीय धारणा अनुसार

महाकाव्यलाई परिभाषित गर्ने क्रममा पूर्वीय आचार्यहरू भामह (भामह, सन् २०३८ : १४९), दण्डी (दण्डी, सन् २०२८ : १६१), रूद्रट (रूद्रट, सन् २०३२ : १२२), हेमचन्द्र (हेमचन्द्र, सन्. १९३४ : ३९५), विश्वनाथ (विश्वनाथ, सन् १९६३ : ५४९) आदिका परिभाषा अनुसार महाकाव्यका तत्त्वहरू निम्न अनुसार रहेको पाइन्छ :

(क) कथानक

(ख) चरित्रचित्रण

(ग) भाषा शैली

(घ) देशकाल र परिवेश

(ङ) उद्देश्य

(च) रस

## २.८. पाश्चात्य धारणा अनुसार

पाश्चात्य आचार्य अरस्तुको - गीत र दृश्यविधान बाहेक अन्य संरचनागत अङ्गहरू दुवैमा समान हुन्छन् (त्रिपाठी, वि.सं. २०५० : ८४) भन्ने भनाइलाई आधार बनाउँदा महाकाव्यमा निम्न तत्त्वहरू रहन्छन् भन्न सकिन्छ :

(क) कथानक (ख) पात्रविधान (ग) पद रचना (घ) विचार तत्त्व

## २.९. पूर्वीय र पाश्चात्य मान्यताले समेटेका प्रमुख तत्त्वहरू

यी बाहेक अन्य विद्वान् तथा समालोचकका परिभाषाभित्र पनि महाकाव्यका तत्त्वहरू खोज्न सकिन्छ तर पूर्वीय र पाश्चात्यका यिनै परिभाषाहरूबाट अन्य सबै विचारहरू प्रभावित भएकाले यिनीहरूलाई चर्चा गरिएको छैन । तसर्थ माथि उल्लिखित दुवै साहित्यका परिभाषालाई समेटेर भन्नुपर्दा :

(क) कथानक

(ख) चरित्र

(ग) वर्णन र परिवेश

(घ) उद्देश्य

(ङ) रस

(च) भाषा शैली

जस्ता तत्त्वहरू नै महाकाव्यले अपेक्षा गरेका आवश्यक तत्त्व भएकाले तिनीहरूको अध्ययन गर्ने जमर्को गरिएको छ :

### २.९.१. कथानक

पूर्वीय धारणा अनुसार महाकाव्यको कथानक ऐतिहासिक, पौराणिक तथा कवि कल्पनाजन्यमध्ये कुनै हुनुपर्दछ । कथावस्तुमा प्रकृतिका विविध ॠतु चक्र, सन्ध्या, सूर्य, रजनी आदि तथा व्यापक परिवेश (स्वर्गदेखि धर्तीसम्म) को वर्णन हुनुपर्दछ । त्यस्तै मङ्गलाचरणद्वारा आरम्भ भएका पञ्चसन्धि समन्वित कथानक महाकाव्यका लागि आवश्यक मानिन्छ (विश्वनाथ, सन् १९६३ : ५४९) ।

पाश्चात्य मान्यता अनुसार - ऐतिहासिक दन्त्यकथात्मक तथा सत्यकथामा आधारित कुनैपनि घटनायुक्त कथानक महाकाव्यको कथानक हुन सक्दछ तर यसमा एकान्विति, पूर्णता,

सम्भाव्यता, सहजविकास, कौतूहल र साधारणीकरण जस्ता कथानकीय गुणहरूले परिपूर्ण हुनु पर्दछ( चापागाई, वि.सं. २०५२) ।

महाकाव्यको कथानक आवश्यकता अनुसार आधिकारिक र प्रासङ्गिक पनि हुने गर्दछ । घटनाहरूलाई आवश्यकता अनुसार डोऱ्याउनका लागि मूल कथाका अलावा कतै कतै सहायक कथाको पनि सिर्जना भएको हुन्छ ।

समग्रमा भन्नुपर्दा महाकाव्यको कथानक कुनै उदात्त र गम्भीर कथावस्तुमा आधारित आलङ्कारिक भाषा शैली भएको सङ्गठित र सुव्यवस्थित हुनुपर्ने अनुमान गर्न  सकिन्छ ।

## २.९.२. चरित्र

महाकाव्यको नायक देवता, सद्वंशको क्षेत्रीय र एक वा एकै वंशका अनेक पनि हुन सक्दछन् । महाकाव्य सत्को प्रशंसा र असत् पात्रको निन्दा गरिएको हुनुपर्दछ (विश्वनाथ, सन् १९६३ : ५४९) भन्ने पूर्वीय मान्यता अनुसार हेर्ने हो भने महाकाव्यको नायक महान् हुनुपर्दछ र काव्यमा सज्जन दुर्जन सबै किसिमका पात्रहरू हुनुपर्दछ भन्ने कुरा थाहा पाउन सकिन्छ । नायक पराक्रमी, क्षमतावान, प्रतिद्वन्द्वीप्रति विजय हासिल गर्न सक्ने गम्भीर, दृढप्रतिज्ञ र सज्जन भएमा मात्र उसको प्रशंसा हुन सक्दछ । त्यसैले यस्तो नायक त्याग, पुरूषार्थ, यौवन, उत्साह आदिले भरिएको धीरोदात्त नै हुनुपर्ने देखिन्छ ।

पाश्चात्यमा महाकाव्यको नायक - भद्र, कुलीन, उदात्त र आफ्नो कार्यव्यापारद्वारा चरित्रको अभिव्यञ्जना गर्ने नैतिक उद्देश्यलाई द्योतित गर्ने यशस्वी र शक्तिशाली हुनुपर्दछ (नगेन्द्र, सन् १९८१ : ४६) । पाश्चात्य धारणा अनुसार प्रतिनायक लगायत महाकाव्यका अन्य सबै पात्रहरू पनि भद्र हुनुपर्दछ ।

चरित्रले नै कथानकलाई डोऱ्याउने हुँदा कथानकमा आवश्यक पर्ने धीरोदात्त नायक, स्वकीय नायिकाका अलावा अन्य पात्रहरू पनि हुनुपर्दछ । त्यस्तै महाकाव्यजस्तो व्यापक विधामा सत् असत् दुवै किसिमका पात्रहरू हुनुपर्ने पनि आवश्यक नै देखिन्छ ।

## २.९.३. वर्णन र परिवेश

ऐतिहासिक, पौराणिक र कवि काल्पनिक कथावस्तुलाई डोऱ्याउने देशकाल परिवेश पनि जीवन जगतका विविध युग, संस्कृति र वातावरणलाई वहन गर्न सक्ने व्यापक, विश्वजनीन र वर्तमान, भूत, भविष्यत् दर्शाउने खालको हुनपर्ने देखिन्छ । पूर्वीय धारणा अनुसार महाकाव्यमा:

स्वर्गदेखि धर्तीसम्मको र धरतीदेखि स्वर्गसम्मको परिवेशको अपेक्षा गरिएको छ (विश्वनाथ, सन् १९६३ : ५४९) । यसबाट महाकाव्यमा हुनुपर्ने व्यापकतालाई सङ्केत गरिएको पाइन्छ ।

त्यस्तै पश्चिममा महाकाव्यको परिवेश बारेमा खासै उल्लेख नभए पनि यस सन्दर्भमा 'न्यारेटिब' र 'डिस्क्रिप्सन' ('वेब्स्टर इन्साइक्लोपेडिक डिक्सनरी अफ इङ्गिलश ल्याङ्वेज', सन् १९७०) जस्ता शब्दहरू प्रयुक्त छन् । यसबाट त्यहाँ पनि महाकाव्यमा व्यापक परिवेशकै अपेक्षा गरिएको कुरा थाहा पाउन सकिन्छ ।

## २.९.४. उद्देश्य

महाकाव्यको उद्देश्य सम्बन्धमा धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एउटाको फल प्राप्ति हुनु पर्दछ भन्ने पूर्वीय आचार्य दण्डी (दण्डी, सन् २०२८) र विश्वनाथ (विश्वनाथ, सन् १९६३ : ५४९) का विचारहरू प्रमुख मानिन्छन् तर महाकाव्य समसामयिक पनि हुने भएकोले यी उद्देश्य आजका सबै महाकाव्यमा नमिल्न पनि सक्छन् ।

महाकाव्यको उद्देश्य बारेमा पश्चिममा खासै उल्लेख भएको पाइंदैन । त्यसैले केवल पूर्वीय चिन्तनलाई नै आधार मानेर भन्ने हो भने : महाकाव्य उच्च विचार र रसको उद्रेकद्वारा मानवमनलाई हर्षित पार्ने र नैतिक दिशातिर उन्मुख हुन प्रेरणा दिने महान् उद्देश्यको हुनुपर्दछ ।

## २.९.५. रस

पाठकको चित्तवृत्ति काव्यमा केन्द्रित गरी रसानुभूति गराउने रस तत्त्व पनि महाकाव्यको यौटा तत्त्वका रूपमा रहेको छ । पाश्चात्य साहित्यका तुलनामा पूर्वीय आचार्यहरूले रसको बढी चर्चा गरेका छन् । रसलाई काव्यको मूलतत्त्वका रूपमा हेर्दै जीवनका विधि पक्षको चित्रणमा विविध रसको आस्वादन गर्न पाठकले पाउनु पर्ने अपेक्षा पूर्वमा गरिएको छ । साहित्यिक नवरसहरूमध्ये महाकाव्यका लागि शृङ्गार, वीर र शान्तमध्ये कुनै एउटा अङ्गीरस र अन्य अङ्गरस हुनुपर्ने पूर्वीय मान्यता छ । पाश्चात्यमा रसको बारेमा त्यति चर्चा नभए पनि अरस्तुले महाकाव्यमा करुण रस नै हुनुपर्ने बताउँछन् । पूर्वीय र पाश्चात्य दृष्टिकोणले महाकाव्यभित्र रसको स्थापनमा समानता ल्याएको छैन ।

## २.९.६. भाषा शैली

महाकाव्य साहित्यको सर्वोच्च बृहत् तथा बृहत्तर विधा भएकोले यसको भाषा स्तरीय, महाकाव्योचित र शैली सुदृढ, सुसङ्गठित, श्रुतिमधुर र गरिमामय हुनुपर्दछ ।

पूर्वीय मान्यता अनुसार : महाकाव्यको भाषा शब्दयुक्त र शैली - आलङ्कारिक, सर्गबद्ध र उदात्त (भामह, सन् २०३८ : १९५) हुनुपर्ने बताइएको छ । विविध छन्द, रस, अलङ्कार गुणयुक्त शब्द र रसले परिपूर्ण भएको भाषा तथा सुन्दर श्रुतिमधुर पद्यलयात्मक शैली महाकाव्यमा सधैं अपेक्षित हुन्छन् ।

उता पाश्चात्यमा पनि महाकाव्यमा "क्षुद्र शब्दावलीको प्रयोग नगरी प्रसाद गुणयुक्त शब्दहरूको प्रयोग हुनुपर्दछ" ('भूमिका' अरस्तुका काव्यशास्त्र, पृ. १२९) र आलङ्कारिक, परिष्कृत तथा प्रौढ शब्दावलीको प्रयोगबाट असाधारण शैलीको निर्माण हुन्छ ।

यसरी महाकाव्यको भाषा शैली विशिष्ट र असाधारण हुनुपर्ने कुरामा पूर्वीय र पाश्चात्य मान्यता मिलेको पाइन्छ ।

महाकाव्यले कथावस्तुका सन्दर्भमा पूर्वीय तथा पाश्चात्य आचार्यहरूले आ-आफ्ना मतहरू परिभाषाको रूपमा प्रस्तुत गरेको पाइन्छ । यसै सन्दर्भमा पूर्वमा महाकाव्यका बारेमा आफ्नो धारणा व्यक्त गर्ने प्रथम आचार्य भामहका अनुसार महाकाव्यमा महान् व्यक्तिको महान् चरित्रसँग सम्बन्धित लामो कथावस्तु हुनु अनिवार्य छ जसमा जीवनका विविध रूप र कार्यको वर्णन भएको हुनुपर्छ, साथै दूत सन्देश मन्त्रणा, युद्ध वर्णन र यात्रा वर्णन आदिको अनिवार्य रूपमा वर्णन भएको हुनु पर्दछ । कथावस्तुले नायकलाई आफ्ना सेरोफेरोमा राखेर अगाडि बढेको हुनु पर्दछ तथा प्रति नायकलाई अपेक्ष रूपमा मात्र अगाडि बढाउनु पर्दछ (आचार्य, सन् २०३२ : ११२) ।

आचार्य, दण्डी अनुसार इतिहास प्रसिद्ध वा सत्यकथामा आधारित कथानक जसमा सहर, समुद्र, पर्वत, ऋतु, चन्द्रसूर्योदय, जलक्रीडा, वनविहार, विवाह, युद्ध, यात्रा विजय आदि वर्णनले युक्त कथानक नै महाकाव्यका लागि उपयुक्त हुन्छ (आचार्य, सन् २०२८ : ३२) ।

त्यस्तै अर्का आचार्य विश्वनाथका अनुसार ऐतिहासिक वा लोक प्रसिद्ध इतिवृत्तात्मक अथवा महान् पुरूषको जीवनसँग सम्बन्धित रहेको कथानक जसमा सन्ध्या, चन्द्रसूर्योदय, रात, प्रदोष, अन्धकार, दिनको तिन प्रहर (प्रातः मध्यान्न सन्ध्या), सिकार, पर्वत, वन, उपवन, समुद्र, संयोग, वियोग, रति उत्सव, कुमार जन्म, स्वर्ग, नगर, मार्ग, युद्ध आदिको वर्णन महाकाव्यमा रहेको हुनु पर्छ (आचार्य, सन् १९६२ : ६४१) जुन महाकाव्यको लागि अति उपयुक्त सावित हुन्छ ।

यसैगरी पश्चिमी विद्वान्हरूले पनि महाकाव्यको कथावस्तुका वारेमा आ-आफ्ना मतहरू राखे तापनि आधिकारिक रूपमा भने अरिस्टोटलको विचारलाई नै लिइन्छ । अरिस्टोटलका अनुसार महाकाव्यको कथावस्तु प्रख्यात वा जातीय दन्त्यकथामा आधारित तथा यथार्थभन्दा श्रेष्ठ तर

जीवनको अङ्कन हुनेखालको हुनुपर्दछ (नगेन्द्र, सन् १९८९ : १२३) । अनि यसमा विविध उपास्थानहरू समावेश भएको र विस्तृत आयममा फैलिएको हुनु पर्दछ । कथानकको आदिभाग, मध्यभाग र अन्त्यभाग क्रमैसँग यथोचित रूपमा मिलेको र कार्यमा पूर्णता रहेको हुनुपर्दछ । पूर्वीय विद्वान्हरूको भन्दा एउटा छुट्टै धारणा वा मान्यता उत्तम रहेको पाइन्छ । उनी दुःखान्तलाई बढी महत्त्व दिन्छन् । त्यसका विपरीत पूर्वमा भने सम्पूर्ण काव्यको अन्त्य सुखामा हुनुपर्ने धारणा रहेको पाइन्छ (सी.एम. बार्बरा,सन् १९४५ : २०२) ।

## २.१०. निष्कर्ष

पूर्वीय र पाश्चात्य मान्यताहरूकै आधारमा भारतीय तथा नेपाली साहित्यमा पनि हालसम्म महाकाव्यका परिभाषाहरू प्रस्तुत हुँदै आएका छन् यिनीहरूमा युग अनुसार समसामयिकता पनि थपिएको पाइन्छ । महाकाव्य समसामयिक विधा पनि भएकाले यसलाई परम्परागत रूपमा मात्रै हेर्नुभन्दा केही नयाँ दृष्टि दिनु पनि आवश्यक देखिन्छ ।

महाकाव्य भित्रका कथानक, पात्रविधान, देशकाल वातावरण, रस, उद्देश्य तथा भाषा शैली जस्ता तत्त्व नै महाकाव्यका अनिवार्य र प्रमुख तत्त्वका रूपमा रहनुका साथै अन्य स-साना तत्त्वहरू पनि रहेका हुन्छन् ।

## तेस्रो परिच्छेद

# नेपाली महाकाव्यको विकासक्रम

## ३.१. पृष्ठभूमि

सुरुसुरुमा महाकाव्यले विभिन्न स्थान, समय, सामाजिक, परिस्थिति र परम्परा अनुसार मौखिक रूप लिएको पाइन्छ । लेखनको विकास नभएकाले यस विधाले मौखिक रूपमै आफूलाई जोगाइ राखेको देखिन्छ जसबाट महाकाव्यको इतिहासमै मौखिक परम्पराका नामले प्रसिद्ध हुन आएको छ । पछि वैदिक युगकै अन्त्यतिर आएर क्रमशः लिखित रूपमा महाकाव्यले जन्म लिएको पनि थाहा पाइएको छ । लिखित रूपमा महाकाव्य जन्मिसकेपछिको यस अवस्थालाई अब लिखित परम्परा भन्न थालियो । महाकाव्य लेखिन थालेपछि यसका काव्य मान्यताहरूले पनि क्रमशः जन्म लिन थालेको पाइन्छ । यिनै काव्यात्मक आदर्शलाई धेरथोर रूपमै अनुसरण गरी विविध धारा उपधारामा विश्व साहित्यमा महाकाव्यको विकास हुन पुगेको हो ।

संस्कृतको वैदिक युग (४५००-८०० इ.पू.) पछि लौकिक युग (८०० इ.पू. - ८०० ई.) (शर्मा, वि.सं. २०५३ : १०) मा आएर महाकाव्य विधा लिखित रूपमा स्थापित हुन पुगेको देखिन्छ । महाकाव्य लेखनको सुरूवात वैदिक युगमै भए पनि लौकिक युगमा आएर मात्रै वाल्मीकि ऋषिले **रामायण** महाकाव्यलाई पुरा गरेका हुन् । दैवी, मानवीय, अर्धमानवीय, वीरगाथा, प्रेमगाथा र ऋषिगाथा जस्ता विविध गाथाचक्रलाई समेटी (ई.पू.५०० - ६०० वर्षतिर) लेखिएको यो कृति नै संस्कृतको पहिलो मौलिक उपजीव्य ग्रन्थ हो । पूर्वीय साहित्यमा यसैलाई हालसम्मको आदि महाकाव्यका रूपमा चिन्न सकिन्छ । ऋषिकृत भएकाले आर्ष महाकाव्यका रूपमा पनि यसले ख्याति पाएको छ । यसै युगमा व्यासको महाभारत पनि देखा परेको हो । महर्षि व्यासद्वारा रचिएको यो पनि आर्ष महाकाव्य हो । यी दुवै महाकाव्यहरूमा महाकाव्यका आदर्शहरूमा सीमित हुने काम गरिएको पाइदैन । बरू यी महाकाव्यहरूका रचनापछि मात्रै महाकाव्य चिन्तन परम्परा थालिएको देखिन्छ । महाकाव्य विधाको सुरूवात गरिएकोले यस काललाई यसको उत्थानकाल भन्न सकिन्छ । यस कालमा केवल ऋषिहरूले मात्र महाकाव्य लेखेकाले यसलाई आर्ष महाकाव्य काल पनि भनिएको पाइन्छ ।

महाकाव्य लेखनको दोस्रो चरण (ई.पू. ५०० को चौथो शताब्दी) कालिदास र अश्वघोषले नेतृत्व गरेको समय हो । यसैकालमा आएर महाकाव्यका आदर्शहरूको स्थापना गरी ललित

महाकाव्यको थालनी भएको देखिन्छ । यो चरण भारतवर्षमा महाकाव्य साहित्यको विकासकालका रूपमा रहेको छ ।

यसपछि संस्कृतमा विचित्रमार्गी (ईशाको पाँचौ शताब्दी–बाह्रौ शताब्दी) महाकाव्य परम्पराको उदय हुन्छ । अब आएर भारवी, माघ श्रीहर्ष जस्ता महाकविले विद्वत्ता र शास्त्रीयतापूर्ण महाकाव्यको रचना गर्न थालेका देखिन्छन् । भाव गाम्भीर्यका दृष्टिले संस्कृतको गरिमालाई अझ उच्च स्थान मिले पनि द्वितीय चरणको लोकप्रियता भने यस चरणमा त्यति देखा पर्दैन र यस अवधिमा महाकाव्यमा चरम कालीगढी छाउन थालेको पाइन्छ ।

बाह्रौ शताब्दीपछि संस्कृत महाकाव्य लेखिए पनि ती त्यति उत्कृष्ट र युगान्तकारी बनेका छैनन। अघिल्ला युगहरूका तुलनामा यस कालका महाकाव्य न्यून बन्दै गएकाले अब संस्कृत परम्परामा ह्रासोन्मुख काल आएको देखिन्छ ।

यसरी प्रारम्भिक अवस्थामा मौखिक र लिखित परम्पराबाट थालनी भएको महाकाव्य विधा विभिन्न चरणहरू हुँदै निम्नानुसार देखापरेको छ :

(१) प्रथम चरण : आर्ष महाकाव्यकाल (ई.पू. १००–ई.पू. ६०० सम्म)

(२) द्वितीय चरण:कलात्मक महाकाव्यकाल(ई.पू.५००–ईशाको चौथो शताब्दी)

(३) तृतीय चरण : विचित्रमार्गी परम्परा (ईशाको चौथो शताब्दी–बाह्रौं शताब्दी)

(४) चतुर्थ चरण : ह्रासोन्मुख काल (बाह्रौं शताब्दी–हालसम्म) (शर्मा, वि.सं. २०५३ : १०) ।

पूर्वमा आर्ष महाकाव्यबाट महाकाव्य विधा लिखित रूपमा जन्मिए झैं पश्चिममा यस विधाको सुरुवात विकसनशील महाकाव्य (Epic of art) बाट भएको देखिन्छ । पूर्वमा वाल्मीकि र व्यासका **रामायण** र **महाभारत** तथा पश्चिममा होमरका **इलियट** र **ओडेसी** जस्ता महाकाव्य नै विश्व साहित्यका आदि महाकाव्य हुन् । हालसम्म पत्ता लागेको यिनै महाकाव्यका उपजीव्यतामा नै पूर्वीय पाश्चात्य साहित्यमा हालसम्म पनि महाकाव्यको विकास भइरहेको छ ।

## ३.२. नेपाली महाकाव्यको विकास प्रक्रिया

नेपाली महाकाव्य विधाको पृष्ठभूमिका रूपमा कविता विधा रहेकाले सुरुमा कविता विधाको इतिहासलाई सङ्क्षेपमा देखाएर मात्र महाकाव्यतिर बढ्न सकिन्छ ।

अधिकांश विद्वान्हरूका सहमति अनुसार नेपाली कविताको उठान सुवानन्द दासका वीररसपूर्ण कविताबाट भएको हो । करिव साढे दुईसय वर्षअघिको यस कालदेखि हालसम्म पनि

कविता विधाको विकास भइ नै रहेको छ । विभिन्न मोड उपमोडमा विकसित हुँदै आएको यस विधाको विकासक्रम यस्तो रहेको छ : श्रेष्ठ र शर्माका अनुसार

(१) आदि वा वीरगाथा काल (वि.सं. १८०१ - १८७२)

(२) पूर्वमध्य वा भक्ति काल (वि.सं. १८७३ - १९३९)

(३) प्राग आधुनिक वा नव्य काल (वि.सं. १९४० - १९७४)

(४) आधुनिक काल (वि.सं. २००८ - हालसम्म)(श्रेष्ठ र शर्मा, वि.सं. २०४० :२९) ।

महाकाव्य लेखनका दृष्टिले आदि वा वीरगाथा काल (वि.सं. १८०१-१८७२) नै यस विधाको सुरूवातको काल हो । यसै कालमा पं. उदयानन्द अर्ज्यालले **पृथ्वीन्द्रोदय** महाकाव्य लेखिसकेको पाइन्छ(त्रिपाठी, वि.सं. २०५३ : १०५) ।

कविता विधाको अर्को वर्गीकरण अनुसार :

(१) प्राथमिक काल (वि.सं. १८२६ - १९४० सम्म)

(२) माध्यमिक काल (वि.सं. १९४१ - १९७४ सम्म)

(३) आधुनिक काल (वि.सं. १९७५ - हालसम्म)

(क) पूर्वार्द्ध (वि.सं. १८२६ - १९४० सम्म)

(ख) उत्तरार्ध (वि.सं. २०१७ - हालसम्म)(त्रिपाठी, वि.सं. २०५३ : १०१) ।

यस वर्गीकरणमा देखिएको प्राथमिक कालमा नेपाली महाकाव्य लेखन र प्रकाशनका दृष्टिले सुरूवात भएको पाइन्छ । यसभन्दा अधिको **पृथ्वीन्द्रोदय** महाकाव्य लेखिएर पनि प्रकाशित हुन पाएको थिएन तर यस कालमा आएर भने (भक्तिधाराका कवि) भानुभक्त आचार्य (१८७१ - १९२६) ले **रामायण** महाकाव्य लेखे । हुनत यो महाकाव्य वाल्मीकि **रामायण** को अनुवाद थियो, तर यसका अलावा महाकविको प्रशस्त मौलिकताको समावेश पनि यहाँ पाइएको छ । कवितामा मध्यम रूपसम्म लेखिएको छ । यस चरणमा देखा पर्ने भानुभक्तको **रामायण** नै नेपाली महाकाव्य साहित्यको पहिलो प्रकाशित कृति हो ।

नेपाली महाकाव्यको प्रारम्भ भएको यो काल महाकाव्यको स्तरीयताका दृष्टिलेभन्दा पनि महाकाव्यको विधागत जन्मका दृष्टिले विशेष महत्त्वपूर्ण रहेको छ । महाकाव्यीय आदर्श र मूल्यमान्यताका दृष्टिलेभन्दा यसलाई हालसम्मको नेपाली महाकाव्यको पुर्खाका रूपमा लिन

सकिन्छ । यस महाकाव्यले ओगटेको महत्त्वपूर्ण स्थानलाई निम्न अभिव्यक्तिले यसरी स्पष्ट पारेका छन् :

> "भानुभक्त अनुवादक हुन्, तापनि नेपाली काव्यको मुहान पहिलोपटक उनले नै खोलेका हुन् । नेपाली काव्यकारका पङ्क्तिमा उनको स्थान पहिलो नै रहन्छ । नेपाली काव्यवहारको वाग्द्वार र नेपाली भाषाको साहित्यिक स्वरूप एवं सम्मान दर्शाउन भानुभक्त काव्य धरातलमा ओर्लेका हुन" (रिसाल, वि.सं. २०३१ : ३५) ।

> "भानुभक्तको **रामायण** पहिलो नेपाली महाकाव्य हो । शैली र रचनागत सामान्य परिवर्तन बाहेक भानुभक्त अनुवादक हुन् । स्वभावत : उनले मौलिक महाकाव्यको तर्जूमा गर्न चाहेको होइनन्" (त्रिपाठी, वि.सं. २०२७ : ११) ।

नेपाली कविताको माध्यमिक कालमा कविताका मध्यस्तर (खण्डकाव्य) तथा बृहत्स्तर (महाकाव्य) का रचनाहरू थुप्रै भएका पाइन्छन् तर महाकाव्यात्मक गुणभन्दा आख्यानका विस्तारले मात्रै यी कृतिले काव्यात्मक आयाम लिएको देखिन्छ । अनूदित भएका र महाकाव्यात्मक गुणका दृष्टिले कमजोर भएका यी कृतिहरू भानुभक्तीय **रामायण**भन्दा निकै भद्दा बन्न पुगेका छन् । त्यसैले यस कालमा मौलिक महाकाव्य जन्मिन सकेको देखिदैन ।

नेपाली कविताको आधुनिककालमा आएर मौलिक महाकाव्य लेखनका प्रयासहरू भएको पाइन्छ । आधुनिक काल (१९७५-हालसम्म) को पूर्वार्द्ध (१९७५-२०१६ सम्म) मै पण्डितराज सोमनाथ सिग्द्यालले १९७६-१९८६ सम्मको समय लगाई 'चन्द्रचरित' मौलिक महाकाव्य लेखे (आचार्य, वि.सं. २०४१ : ८९) तर विशेष कारणवश यो प्रकाशित हुन सकेन । त्यस्तै १९७३-७४ तिर बालकृष्ण समले 'एक प्रभात स्मरण' लेख्न थाले (सम, वि.सं. २०१५ : ३) तर यो प्रकाशित र पूर्ण हुन नसकी एक दुई सर्गमै सीमित हुन पुग्यो । प्रकाशित नभएकाले यी काव्यकृतिलाई मौलिक काव्यका प्रयास मात्र मान्न सकिन्छ ।

यसपछि देवीदत्त पराजुलीले १९९२-९८ सम्म लगाएर मौलिक काव्य 'कविता गुच्छहार' लेखे । यसलाई पहिलो मौलिक महाकाव्यका रूपमा नेपाली भाषा प्रकाशिनी समितिको यस भनाइले यसरी चिनाएको छ : "यिनले १९९२-९८ सालसम्म ६ वर्ष मेहनत गरी तयार पारेको यो 'कविता गुच्छहार'" महाकाव्य चढाउन ल्याएकोमा समितिले निज पण्डितजीलाई उचित पुरस्कार सहित धन्यवाद दिन्छ (पराजुली, वि.सं. २००५) ।

उपरोक्त भनाइबाट यो काव्य महाकाव्य ठहरिए पनि महाकाव्यका लक्षणसूत्रका आधारमा हेर्ने हो भने यो महाकाव्यका रूपमा देखिदैन । यसलाई केवल कविता सङ्ग्रहको रूपमा लिन सकिन्छ ।

यसैगरी आधुनिककालको उत्तरार्धतिर आएर पनि मौलिक महाकाव्य लेखनका प्रयासहरू भएका छन् । लक्ष्मी प्रसाद देवकोटा (१९६६-२०१६) ले २००० सालमा **सुषमालोचन** महाकाव्य लेख्न थाल्दछन् तर यसले पूर्णरूप नपाई आंशिक रूपमै प्रकाशित हुन पुग्दछ (शारदा, वि.सं. २०००:४८) ।

आधुनिक मौलिक महाकाव्यका क्षेत्रमा देखिएको यसै शून्यतालाई ख्यालगरी अभाव पूर्तिको मात्रै उद्देश्य लिएर २००२ सालमा देवकोटाले **शाकुन्तल** महाकाव्य लेखी प्रकाशित गराए । देवकोटाले **शाकुन्तल** लेख्ने प्रेरणा कवि माधव घिमीरेबाट पाएका थिए (जोशी, 'कवि श्री माधव घिमीरेसँगको अन्तर्वाता', एक व्यक्तित्व अनेक दृष्टि, (काठमाडौं) पृ. ५०) तर घिमीरे लेख्न थालेको 'गोविन्द' महाकाव्य अप्रकाशित रहँदा उनको महाकाव्य क्षेत्रनै सुख्खा बन्दछ भने **शाकुन्तल**पछिको देवकोटेली महाकाव्य यात्रा निकै फलदायी बनेको देखिन्छ । परम्परागत कथावस्तुलाई प्रशस्त मौलिकताका साथ नेपाली परिवेशमा युगबोध भित्र्याई लेखिएको **शाकुन्तल** महाकाव्य गङ्गा अवतरण भएकाले यसले महाकाव्यको अभावपूर्ति र उत्तरवर्ती महाकविलाई प्रेरणा पनि एकैसाथ दिएको देखिन्छ । नेपाली महाकाव्य क्षेत्रको पहिलो मौलिक र आधुनिक (जोशी, वि.सं. २०५२ : १७७) यस महाकाव्यका बारेमा निम्न अभिव्यक्तिलाई अघि सार्नु सान्दर्भिक नै होला :

> "**शाकुन्तल** देवकोटाको पहिलो पूर्ण महाकाव्य हो भने समग्र नेपाली साहित्यमा यो भानुभक्त आचार्यको **रामायण**पछिको दोस्रो महाकाव्यका रूपमा देखापर्छ तथापि मौलिकताका दृष्टिले चाही यो नेपाली साहित्यको पहिलो महाकाव्य ठहर्छ" (जोशी, वि.सं. २०५२ : १७७) ।

**शाकुन्तल**पछि २००३ सालमा देवकोटाकै **सुलोचना** महाकाव्य प्रकाशित भएको पाइन्छ । यसपछि सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५) लेखनाथ पौड्यालको महाकाव्य समकक्षी कृति **तरूण तपसी** (२०१०), बालकृष्ण समको **चिसोचूल्हो** (२०१५) जस्ता आधुनिक महाकाव्यहरू देखा पर्दछन् ।

**शाकुन्तल** र **सुलोचना** को लेखनपछि पनि देवकोटाले **महाराणा प्रताप**, **वनकुसुम**, **पृथ्वीराज चौहान** र **प्रमिथस** जस्ता महाकाव्य लेखेका छन् । देवकोटाले २००२ देखि २००७ सम्मको **५-६** वर्षको समयमा ६ वटा महाकाव्य लेखी आफ्नो सारस्वत आशुलेखन प्रतिभाको परिचय दिएका

छन् । हालसम्मकै नेपाली महाकाव्य विधाको इतिहासमा सङ्ख्यात्मक र गुणात्मक दृष्टिले देवकोटाका महाकाव्य नै उत्कृष्ट स्थानमा पुगेका छन् ।

आधुनिक नेपाली साहित्यको महाकाव्य विधामा महत्तम् उपलब्धिका रूपमा रहेको २००२-२००५ सालसम्मको समयलाई उत्कर्षकालका रूपमा लिइन्छ । आधुनिक महाकाव्यको यस उत्कर्षकालमा देखा परेका ९ वटा महाकाव्य **- शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **महाराणा प्रताप** (२००३), **वनकुसुम** (२००३), **पृथ्वीराज चौहान** (२००२-३), **प्रमिथस** (२००७-१०), **तरूणतपसी** (२०१०), **आदर्श राघव** (२००५), **चिसोचूल्हो** (२०१५) महाकाव्यमध्ये ६ वटा देवकोटाका मात्रै छन् भने बाँकी ३ वटा अन्य ३ जना कविका महाकाव्यहरू छन् । देवकोटाको मृत्यु (२०१६) देखि नेपाली महाकाव्यको आधुनिक कालको उत्कर्ष नै समाप्त हुन पुगेको छ ।

नेपाली कविताको आधुनिक कालको उत्तरार्ध (२०१७ हालसम्म) काल पूर्वार्द्धभन्दा कमजोर देखिन्छ तर पूर्वार्द्धका जस्ता उत्कृष्ट काव्यकृति नभए पनि महाकाव्यको आधुनिक परम्परा भने कायमै रहेको छ । यस कालका समसामयिक महाकाव्यलाई सर्सर्ती यसरी हेर्न सकिन्छ :

> कृष्ण प्रसाद घिमिरे**- देश नरेश** (२०१७), **राष्ट्रिय चरित्र** (२०१७), गोविन्द प्रसाद भट्टराई **पृथ्वीमहेन्द्र** (२०१९), **भावना** (२०२०), मोदनाथ प्रश्रित **मानव** (२०२३), गुणराज उपाध्याय**- श्री कृष्ण सन्देश** (२०२९), **भरतमिलन** (२०२९) नीर विक्रम प्यासी **दबला** (२०३५) उमानाथ शास्त्री**- मकवानी बाला** (२०३५), श्रीहरि फुयाँलको **आँसुको सङ्ग्राम** (२०३६), भानुभक्त पोखेलको **मृत्युञ्जय** (२०४७) तथा राम प्रसाद ज्ञवालीको **औंसीका फुलहरू** (२०५०) (सिर्जनात्मक लेखन, त्रि.वि. कीर्तिपुर, २०५३ मा प्रकाशित) आदि ।

यस चरणका केही नौला प्रयोगका रूपमा देखिएका महाकाव्यात्मक कृतिहरू हुन् :

वासुदेव त्रिपाठी **राजकुमारी वासवदत्ता**
जगदीश शम्शेर राणा **नरसिंह अवतार**
मोहन कोइराला **नीलो मह** आदि ।

नेपाली महाकाव्यको उत्थानकालदेखि भानुभक्तको **रामायण** हुँदै हालसम्म आइपुगेको नेपाली महाकाव्यलाई यसको सङ्ख्यात्मक र गुणात्मक उपलब्धिका आधारमा यसरी चरण विभाजन गर्न सकिन्छ :

(क) उठानकाल वा उत्थानकाल (वीरगाथाकालदेखि २००१ सम्म)

(ख)  उत्कर्षकाल (२००२-१६)

(ग)  ह्रासोन्मुख काल (२०१७-हालसम्म)

यस बाहेक समालोचक कृष्ण गौतमका अनुसार आधुनिक महाकाव्यको काल विभाजन यस्तो देखिन्छ ।

(क)  देवकोटाका पूर्वयुग

(ख)  देवकोटा र देवकोटा पश्चात् युग (गौतम, वि.सं. २०४७ : ३४८) ।

यस आधारमा नेपाली महाकाव्यको विकासक्रमलाई निम्न अनुसार हेर्न सकिन्छ :

(क)  देवकोटा पूर्व युग (भानुभक्तदेखि २००१ सम्म)

(ख)  देवकोटा युग (२००२ - २०१६ सम्म)

(ग)  देवकोटा पश्चात् युग (२०१७ - हालसम्म)

त्यस्तै महाकाव्यको गुणात्मकताका आधारमा हेर्ने हो भने नेपाली महाकाव्यको विभाजन यस्तो हुन जान्छ :

वीगाथा कालदेखि - २००१ सम्मको समय :- पृष्ठभूमि काल

२००२ - २०१६ सम्मको समय :- उत्कर्ष काल

२०१७ - हालसम्मको समय :- निरन्तर काल

यी विभिन्न समयमा विविध धारा उपधाराका महाकाव्य यसरी लेखिएका देखिन्छन् :

परिष्कारवादी धारामा :- **आदर्श राघव**

नव परिष्कारवादी धारामा :- **तरूणतपसी**, **देवयानी**, **दोभान**

स्वच्छन्दतावादी धारामा :- **शाकुन्तल**, **सुलोचना**, **महाराणा प्रताप**, **वनकुसुम** आदि

स्वच्छन्दतावादी प्रगतिवादी धारामा :- **प्रमिथस**, **दबला**, **मृत्युञ्जय**

प्रगतिवादी धारामा - **मानव**

प्रयोगवादी धारामा - **चिसोचूल्हो**, **नरसिंह अवतार**, **नीलो मह**, **राजकुमारी वासवदत्ता** आदि महाकाव्य लेखिएका छन् ।

निष्कर्षमा भन्नुपर्दा - नेपाली महाकाव्यको उठानकाल वा उत्थानकाललाई छोडेर आधुनिक महाकाव्यको प्रकाशनदेखि हालसम्मका महाकाव्यहरू समय अनुसार परिवर्तन गरी लेखिदै

आएका छन् तर काव्यात्मक स्तरीयताका दृष्टिले हेर्दा भने क्रमशः न्यून बन्दै आएका छन् । देवकोटाले अभाव पूर्तिको मात्रै उद्देश्य लिई लेखेको **शाकुन्तल** का तुलनामा त्यसपछिका कुनै पनि महाकाव्य पुग्न सकेका छैनन् । यसै सत्यलाई उद्घाटन गर्दै नेपाली साहित्यमा क्रमशः लोप हुँदै गइरहेको महाकाव्य विधालाई हेर्ने हो भने - "आदि समयमा साहित्यका अन्य विधाहरूमाथि आफ्नो विजय जमाएर प्रायः एकछत्र अधिकार प्राप्त गरिसकेको युगवाही साहित्यिक विधा पनि आज अतीतको साहित्यिक उपलब्धि जस्तै-जस्तै भइरहेको छ" ( त्रिपाठी, 'महाकाव्य बूडो पुरानो साहित्यिक विधा' 'प्रज्ञा' पृ. ९७) ।

महाकाव्य लेखनमा हालसम्म पनि जुन निरन्तरता आएको छ, त्यसको श्रेय महाकवि देवकोटालाई नै दिन सकिन्छ । आधुनिक नेपाली महाकाव्यको गङ्गा अवतरण गर्ने भगीरथ देवकोटाकै विशेष श्रमसाध्य प्रयासबाट महाकाव्यको उत्कर्ष भएको सत्यलाई कसैले नकार्न सक्दैन । त्यसैले संस्कृतमा महाकाव्य लेख्ने जुन कुनैलाई पनि 'महाकवि' भन्न सकिने परम्परा भए पनि नेपालीमा यस शब्दले काव्य महारथी देवकोटा मात्रै प्रसिद्ध छन् ।

## ३.३. महाकाव्यकार रमेशचन्द्र अधिकारी र उनको महाकाव्य यात्रा

नेपाली साहित्यमा महाकाव्यकार रमेशचन्द्र अधिकारीले संस्कृत साहित्यका आचार्य भामहले काव्य सम्बन्धी प्रस्तुत गरेका धारणाहरू सङ्ग्रह गरी वि.सं. २०५१ साल जेठमा **भामहते काव्यस्य स्वरूपम्** प्रकाशन गरे । त्यसपछि वि.सं. २०५३ सालमा **पद्मदुर्गा** नामक शोककाव्यबाट महाकाव्य लेखन यात्रा सुरु हुन्छ ।

### ३.३.१. रमेशचन्द्र अधिकारीको जन्म र बाल्यकाल

रमेशचन्द्र अधिकारीको जन्म २०११ साल साउनमा धादिङ जिल्लाको सुनौला बजार गाउँ विकास समिति वडा नं. १ नेवारपानी टोलमा पिता पद्मनाथ अधिकारी र माता दुर्गादेवी अधिकारीका कोखबाट भएको हो । उनी मध्यम वर्गीय परिवारमा जन्मिएका थिए । उनी मातापिताका जेठा छोरा थिए । रमेशचन्द्र अधिकारी बच्चादेखि नै शान्त स्वभावका थिए । उनी आमा बुबाको दुःखमा आफू पनि दुःखी हुने करुण स्वभावका थिए । उनी ग्रामीण समाजमा जन्मिएकाले उनको घरमा खेतबारी, बेसी, पहाड, जङ्गल सबै ठाउँमा काम गर्ने र गोरूबाखा चराउनु पर्ने हुन्थ्यो । त्यसैले उनले प्राकृतिक सौन्दर्य हेर्ने राम्रो मौका पाएका थिए । उनी प्राकृतिक सौन्दर्यसित रमाउने गर्दथे ।

उनी बच्चादेखि नै प्राकृतिक सौन्दर्य मन पराउँथे । खेतबारीमा काम गर्दा पनि उनी प्राकृतिक हरियाली रूख, बोट, गाईगोरू, बाखा चराउँदा अति नै रमाउँथे । उनी घरमा जेठो छोरा भएकाले पनि आमा बुबालाई खुबै सघाउनु पर्ने हुन्थ्यो । त्यस्तो वेलामा कुनै झर्को मान्दैनथे । रमेशचन्द्र अधिकारी बच्चा देखिनै नैतिक, सरल स्वभावका, धार्मिक स्वभावका, समाजसेवी व्यक्तित्वका रूपमा चिनिन्थे । उनको बाल्यकाल प्रकृतिसँग खेल्ने, साथी भाइसँग खेल्ने गर्दागर्दै बित्ने गर्दथ्यो ।

अधिकारी घरमा निकै माया ममतामा हुर्किएका थिए । आमा दुर्गादेवीले उनलाई सधैं बाबु भनेर नै बोलाउनु हुन्थ्यो र बुबा पद्मनाथले पनि जेठो छोरालाई धेरै माया गर्नुहुन्थ्यो । बाबु भनी सम्बोधन भएका अधिकारी त्यो समाजमा एउटा नमुनाका रूपमा नै चिनिने गर्दथे । उनको हरेक स्वभावमा घरदेखि समाज पुरैले प्राय तारिफ गर्ने गर्दथ्यो । जस्ताको लागि त्यस्तै प्रतिफल मिल्छ भन्ने उखान अनुसार उनको स्वभावले उनी समाजमा असल व्यक्तित्वका नमुना बन्न पुगे ।

## ३.३.२. शिक्षा-दीक्षा

रमेशचन्द्र अधिकारी मध्यम वर्गीय परिवारमा जन्मिएका थिए । आफ्नै बुबाबाट नै उनले प्रारम्भिक शिक्षा प्राप्त गरेका थिए । उनीहरू ब्राम्हण भएकाले र पिता पनि शिक्षित हुनाले छोराका लागि सुरूको शिक्षा-दीक्षा दिन अरूको सहयोग लिने आवश्यकता परेन ।

कखरा सिकिसकेपछि उनी आफ्नै गाउँको कर्णेश्वर माध्यमिक विद्यालयमा भर्ना भएका थिए । उनले त्यसै विद्यालयबाट कक्षा ८ सम्म उत्तीर्ण गरे । त्यस विद्यालयमा कक्षा ८ भन्दा माथि पठन पाठन हुँदैनथ्यो । त्यसैले उनले त्यसभन्दा माथिल्लो अध्ययनका लागि गाउँ छोडी काठमाडौं धाउनु पऱ्यो । त्यतिबेलाको शिक्षा संस्कृत नै भएकाले उनका पिताले उनलाई काठमाडौंको संस्कृत मा. वि. रानीपोखरीमा कक्षा ९ मा भर्ना गरिदिए ।

तीक्ष्ण बुद्धिका उनी स्कुल छँदा निकै मेहनत गर्दथे । २०२७ सालमा त्यहींबाट द्वितीय श्रेणीमा पूर्व मध्यमा (एस.एल.सी.) उत्तीर्ण गरे । यसपछि उनले तिनधारा संस्कृत छात्राबासमा बस्न पाए । उनी भर्खरै मात्र उत्तरमध्यमाको पढाइका लागि महेन्द्र संस्कृत विश्व विद्यालय अन्तर्गत वाल्मीकि क्याम्पसमा भर्ना भएका थिए ।

तत्कालीन समाजमा बालविवाह प्रचलनमा रहेकाले १६ वर्षकै उमेरमा २०२७ सालमा पिता पद्मनाथले डम्बरडाँडा निवासी लक्ष्मी प्रसाद कोइरालाकी ११ वर्षीय शान्तादेवीसँग बिहेको टुङ्गो लगाइदिएर बिहे भयो । बिहेपछि उनी तुरून्तै अध्ययनतर्फ लागेका थिए ।

संस्कृत साहित्यमा शास्त्री पढेपछि त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा राजनीतिशास्त्रमा विशिष्टीकरण गर्न एम.ए.मा भर्ना भए । यता संस्कृत साहित्यमा आचार्य गरे । संस्कृत पढेर केही पनि हुँदैन भन्ने भएपछि अङ्ग्रेजीका सयौं पुस्तकहरू पढे । क्याम्पस पढ्दा नाटक खेल्ने गर्थे । संस्कृत, हिन्दी, अङ्ग्रेजी जुनसुकै भाषा बोल्ने वाककला उनीसँग थियो ।

अध्ययनबाटै मनोरन्जन लिने उनी संस्कृत साहित्यमा आचार्य र राजनीतिशास्त्रमा स्नातकोत्तर गरेपछि मात्र २०३५ सालमा धर्मपत्नीसँग भेट गरे । अधिकारीको अध्ययन यति गहिरो थियो कि उनको अध्ययनका शिलशिलामा आफ्नी धर्मपत्नीसँगै भेटघाट समेत ओझेलमा परेको थियो । उनले ओच्छ्याएको तन्ना त दुई महिनामा नै फाट्थ्यो ।

२०३५ सालमा राजनीतिशास्त्रको सहायक प्रध्यापकका रूपमा अस्थायी नियुक्ति पाई नेपाल ल क्याम्पसमा अध्यापन पेसामा हात हाले । उनी ३ वर्ष अस्थायी सेवापछि स्थायी हुन सफल भए । उनमा पत्रपत्रिका सम्पादन गर्ने, लेख रचना लेख्ने, प्रवचन दिने रूची निरन्तर रहिरहन्थ्यो । उनका हिन्दुधर्म, दर्शन सम्बन्धी एकसय जति अनुसन्धानात्मक लेख रचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् ।

२०४३ सालबाट उनी नेपाल ल क्याम्पसमा उपप्रध्यापक बन्न पुगे । यसबेलासम्म आइपुग्दा उनी विभिन्न सङ्घसंस्थाबाट प्रकाशित हुने संस्थागत पत्रिकाहरूमा लेखन र सम्पादन कार्य आरम्भ गरिसकेका थिए । उनले **कौटिल्य, मनु, याज्ञवल्क्य सिद्धान्त मूल कस्य लिच्छविकालिकशासनप्रबन्धस्य विश्लेषणात्मकमध्ययनम्** शीर्षक शोधपत्रबाट २०४६ सालमा महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गरे ।

यसरी रमेशचन्द्र अधिकारीले आफ्नो पढाइलाई विद्यावारिधिसम्म पुऱ्याउन सफल भए । उनले तीक्ष्ण बुद्धिका कारणले गर्दा पनि होला । आफ्नै स्वाध्ययनबाट साहित्य, कला, ज्ञान, भाषाहरू, विज्ञानको प्रचूर ज्ञान अध्ययन गरी प्राज्ञिक एवं पुरातन र नवीन ज्ञान राशि हासिल गरी विश्वकोष जस्तै छन् ।

## ३.३.३. लेखनका निम्ति प्रेरणा र प्रभाव

रमेशचन्द्र अधिकारीले सबै क्षेत्रमा कलम चलाइसक्दा पनि कविता लेखनमा कलम चलएका थिएनन् जसको कारणले कहिले काँही उनलाई खिन्नताको भावना आउने गर्दथ्यो । लेख रचनाहरू सयौं प्रकाशित भइसकेका थिए तर उनले एउटा पनि कविता रचना गर्न सकेका थिएनन् । कुनै पनि नयाँ काम गर्न कोही कसैबाट प्रेरणा पाएर मात्र सफल हुन्छ । भानुभक्त घाँसीको प्रेरणाबाट कविता लेख्न थालेपछि **रामायण** लेख्न थालेका थिए । त्यसैगरी अधिकारी कविता लेख्नलाई आफ्ना माइली

छोरी जुनाबाट प्रेरित भएका थिए । २०५३ सालमा जुनाको स्कुलमा कविता प्रतियोगिता भयो । आफूले कविता प्रतियोगितामा भाग लिनका लागि बुबालाई कविता लेखिदिन अनुरोध गरिन् । अधिकारीले यसअघि कुनै पनि कविता नलेखेकाले उनको कलम चल्न सकेन जुन कारणले गर्दा अधिकारीलाई खिन्नता भयो र उनी आफूले आफैलाई धिक्कारे । त्यही कवित्वको सोचमा डुबिरहे, मध्यरातमा एक्कासि कविता फुऱ्यो र उनी कविता लेख्न पुगे । उनलाई जुनाको कविता लेखिदिने अनुरोधबाट मनोवैज्ञानिक रूपमा प्रेरणा जाग्यो, जसको कारणले भित्रभित्रै पोल्यो । अनि मध्य रातमा कविता फुऱ्यो र त्यो कविता लेख्ने काम अगाडि बढाउन सफल भए र त्यसलाई निरन्तरता दिइरहे । उनको मध्यरातमा फुरेको कविता यस प्रकारको थियो ।

साह्रै नै प्रतिभा खुलेर तिनका भक्तै भई रामका
लेखे प्राख्यकथा नितान्त रसिला र खट्ने भई कामका
जन्मेको स्थल जो छ आदि कविले स्थानै छ त्यो सुन्दर
धर्तिमा अमरावती सरि छँदै त्यो गण्डकी अञ्चल

एकरात सपनामा जगज्जननी सीतालाई देखेपछि सीतारूपी साहित्य प्रस्फुटन भएको बताउने अधिकारी यसलाई संसारकै ठुलो महाकाव्य बनाउने दृढताका साथ लेखनमा सक्रियता पूर्वक लागिरहेका छन् । **सीतायन** महाकाव्य अहिलेसम्म प्रथम खण्डदेखि चौधौं खण्डसम्म प्रकाशित भइसकेको छ ।

यसरी माइली छोरीका प्रभावबाट कविता लेखनमा प्रेरित भएका मनोवैज्ञानिक रूपमा अधिकारीले पूर्वीय र पाश्चात्य साहित्यको अध्ययन गरेको पाइन्छ । उनले संस्कृत साहित्यमा महाकवि कालिदास, अङ्ग्रेजीको सेक्सपियर वर्डस्वर्थ र नेपाली साहित्यका मूर्धन्य व्यक्तिहरू भानुभक्त, लक्ष्मी प्रसाद र लेखनाथलाई मन पराउने  गर्छन् र उनीहरूका कृतिहरू गहिरो रूपमा अध्ययन पनि गरेका छन् ।

## ३.३.४. साहित्यिक लेखन तथा सम्मान

अधिकारी २०४६ सालमा 'राजतन्त्र र प्रजातन्त्रका सिद्धान्त' लिएर पुस्तकाकार रूपमा उदाएका थिए । यसअघि उनी स्वतन्त्र लेखकका रूपमा विभिन्न पत्रपत्रिकामा समाचार लेख लेख्दथे । २०३१ साल फाल्गुण महिनामा 'शुभराज्याभिषेक' भव्य रूपले सम्पन्न भन्ने एउटा समाचार फिचरबाट उनको लेखनयात्रा सुरूवात भएको थियो । प्रायः गरी ऐतिहासिक विषयमा र खोज विषयमा उनका लेखरचनाहरू गोरखापत्र दैनिक, सगरमाथा दैनिक, दि राइजिङ नेपाल दैनिक,

मधुपर्कमा प्रकाशन भएको पाइन्छ । उनले विभिन्न सङ्घसंस्था, विद्यालयबाट प्रकाशित पत्रपत्रिकामा स्तम्भकार र सम्पादकको भूमिका निर्वाह गरेका थिए । निजामती, नेपाल कानुन परिचर्चा, बिसौनी आदिमा उनको प्रत्यक्ष संलग्नता थियो । उनले प्रशासन सुधार, राजतन्त्र, साहित्य, धर्मदर्शन, संस्कृति, देशप्रेम आदि विषयमा बढी मात्रामा कलम चलाएको पाइन्छ ।

उनी २०४६ सालमा **कौटिल्य, मनु र याज्ञवल्क्य**का सिद्धान्तमा आधारित लिच्छविकालीन शासन व्यवस्थाको अध्ययन गरी उनी विद्यावारिधि उपाधि प्राप्त गर्न सफल भए । त्यसै शोधपत्रको सारांशलाई पुस्तकको रूप दिन पुगेका छन् । लिच्छवि शासकहरूको राज्य सञ्चालनका सबै प्रक्रियाहरू हिन्दु पौरस्त्य विचारक **कौटिल्य, मनु र याज्ञवल्क्य**का प्राचीन धारणा अनुरूप सञ्चालित थियो भन्ने उक्त पुस्तकको मुख्य भाव रहेको छ । पुस्तकको भाषा संस्कृत छ भने यसमा ३१२ पृष्ठ छन् ।

२०५२ सालमा पाश्चात्य राजनीतिक विचारक एवं चिन्तक प्लेटो, अरस्तु, सिसेरो दाँते, भेकियावेली, टमस हवस, रूसो, कार्लमार्क्स, गान्धी आदि, दर्शन र राजनीतिक शासनबारे चर्चा गर्दै **राजनीतिक दर्शनको इतिहास** नामक पुस्तक प्रकाशन गरी आफूलाई राजनीति शास्त्रका एक लेखकका रूपमा उभ्याउन पुगे । उनले राजनीतिक शासन व्यवस्थामा उत्तम रहेको चर्चा गर्दै स्वार्थ र वर्गीय राजनीतिभन्दा पनि जनमुखी वा लोककल्याणकारी राजनीतिलाई उच्च महत्त्व दिएका छन् ।

संस्कृत साहित्यमा विशिष्टता प्राप्त उनी संस्कृत साहित्यका आचार्य भामहले काव्य सम्बन्धी प्रस्तुत गरेका धारणाहरू सङ्ग्रह गरी २०५१ साल जेठमा सुपुत्र प्रकाशचन्द्र अधिकारीको जन्मोत्सव पारेर **भामहते काव्यस्य स्वरूपम्** प्रकाशन गर्न पुग्छन् । चार परिच्छेदमा विभाजित सो पुस्तक ७५ पृष्ठमा लेखिएको छ । आकार सानै भए पनि यो पुस्तकले नेपाली साहित्य क्षेत्रमा एउटा संजीवनीको काम गरेको छ। भामहको काव्य लक्षण, काव्य प्रयोजन, काव्य हेतु, महाकाव्य सम्बन्धी भामहको मान्यता साथै आख्यान, दृश्यकाव्य बारेमा आचार्य भामहको धारणा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । पुस्तकमा रीति, दोष, गुण, अलङ्कार, रस, ध्वनि आदिका बारेमा चर्चा गरिएको छ । पुस्तक संस्कृत भाषामा लेखिएको भए पनि भाषा सरल छ ।

यसरी २०५३ सालमा आइपुग्दा रमेशचन्द्र अधिकारी काव्य लेखकका रूपमा स्थापित भइसकेका थिए । २०५३ सालमा उनी एक्कासि महाकाव्य लेखन यात्रा सुरु पुग्छन् । यस अघि एउटा पनि कविता नकोरेका उनी दुई महिनामा नै **पद्मदुर्गा** नामक शोककाव्य लेखी आफूलाई कविका रूपमा चिनाउँछन् । पितृस्नेह, मातृस्नेह देखाउने, कुल उद्धार गर्ने र सम्झनाका हिसाबले उनले **पद्मदुर्गा** महाकाव्य लेखेका हुन् । पिताको असामयिक निधन भएपछि पिताको मुखसम्म हेर्न

नपाएकोमा उनी भावविह्वल हुन्छन्, अभागी ठान्छन् र आफैलाई धिक्कार्छन् । पिताको सम्झना दृष्टिगत गरी आफ्ना वेदनाहरू पोख्छन् । यो महाकाव्य **पद्मदुर्गा** पिता पद्मनाथ अधिकारी र माता दुर्गादेवी अधिकारीको जीवनगाथालाई आधार बनाई लेखिएको छ ।

यो महाकाव्य पूर्वीय संस्कृतिको राजनीतिक र सामाजिक जराहरूको वर्णन हो । **रामायण**को निर्दिष्ट कथावस्तुमा आधारित महाकाव्यले यावत् विषयवस्तु समेटेको छ । यसमा राष्ट्रवाद, मानवतावाद, प्रकृतिप्रेम देखाइएको छ । यस जगज्जननी सीताप्रति समर्पण भाव देखाउँदै सीताको सहनशीलता र कर्तव्य परायणताको पाठ सिकाउन नारीहरूलाई सन्देशित गर्दै अधिकारी **सीतायन** महाकाव्य बनाउने बाटो तय गर्छन् । २०५५ बाट **सीतायन** महाकाव्य प्रथम खण्ड सुरू गरी हालसम्म चौधौ खण्ड प्रकाशित भइसकेको छ ।

### (क) अधिकारीका प्रकाशित कृतिहरू

१. **राजतन्त्र र प्रजातन्त्र सिद्धान्त** (नेपाली) कविता सङ्ग्रह

२. **राजनीतिक दर्शनको इतिहास** (नेपाली) कविता सङ्ग्रह

३. **कौटिल्य-मनु-याज्ञवल्क्यसिद्धान्तमुलकस्य लिच्छवी कालिकशासनप्रवन्धस्य विश्लेषणात्मकमध्ययनम्** (संस्कृत) विद्यावारिधिको शोधपत्र

४. **भामहमते काव्यस्य स्वरूपम्** (संस्कृत) औपन्यासिक कृति

५. **पद्मदुर्गा** महाकाव्य (नेपाली) औपन्यासिक कृति

६. **सीतायन** महाकाव्य प्रथम खण्डदेखि चौधौ खण्डसम्म (नेपाली) महाकाव्य

### (ख) रमेशचन्द अधिकारीले प्राप्त गर्नु भएका पुरस्कार तथा अभिनन्दनहरू

रमेशचन्द्र अधिकारीले राष्ट्रका विविध महत्त्वपूर्ण स्थानमा बसेर अविस्मरणीय योगदान दिनु भएको छ । विश्व हिन्दु महासङ्घ तथा विश्व बौद्ध सोसाइटीको अन्तर्राष्ट्रिय सदस्य, विश्व हिन्दु महासङ्घको बनारसमा भएको २७ राष्ट्र सहभागी (२०५० साल मंसीर) भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको तर्फबाट सम्बोधन गरेको, अन्त शान्ति, मैत्री तथा भ्रातृत्वका लागि विश्व हिन्दु महासङ्घ कलङ्कीले अभिनन्दन गरेको छ । २०५५ साल चैत्र ११ गते विश्व हिन्दु महासङ्घ राष्ट्रिय समितिद्वारा आयोजित कार्यक्रममा स्व. श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहबाट अभिनन्दित भएका थिए । श्री मैना बहादुर **रामायण** पुरस्कारद्वारा पुरस्कृत भए । मातृभूमि साहित्य समाज हेटौंडाद्वारा अभिनन्दन, शब्द चिन्तन सङ्घ नेपालद्वारा 'आधुनिक वाल्मीकि' उपाधि र चन्द्रधन पुरस्कारबाट सम्मानित भएका थिए ।

## ३.४. आधुनिक नेपाली महाकाव्यको इतिहासमा 'सीतायन' महाकाव्य

नेपाली आधुनिक महाकाव्य २०५५ सालदेखि हालसम्म निरन्तर लेखन शैलीमा सक्रियता बढाइरहेकाछन् । रमेशचन्द्र अधिकारीले विश्वमा ठुलो **सीतायन** महाकाव्य तयार गर्ने उद्देश्यले कटिवद्ध रूपमा आफ्नो कवित्व यात्रा तीव्र रूपमा अघि बढाइ रहेको पाइन्छ । २०५३ सालमा आफ्नी माइली छोरीको १, २ शब्दको भनाइले कविता सुरू गरे । उनले दुई महिना भित्रमा स्वर्गीय पिता पद्मनाथ अधिकारी र दुर्गा माया अधिकारीका नामबाट **पद्मदुर्गा** महाकाव्य तयार गरे । उनले अहिले आएर विश्वमा नै ठुलो महाकाव्य लेख्ने अभिप्रायले रातोदिन लागि रहनु भएको छ । जुन **सीतायन** महाकाव्य प्रथम खण्डदेखि चौधौं खण्डसम्म प्रकाशित भैसकेको छ ।

महाकाव्य **पद्मदुर्गा** शोककाव्यको रूपमा रहेको छ । स्वर्गीय पिता पद्मनाथ अधिकारीका नामबाट रचना गरिएको **पद्मदुर्गा** महाकाव्यमा पितृ स्नेह, मातृ स्नेह देखाउने, कुल उद्धार गर्ने र सम्झनाका हिसाबले लेखिएको हो ।

नेपाली साहित्यको इतिहासमा सर्वप्रथम देखा परेका भानुभक्तको **रामायण** परम्परित महाकाव्य मान्यताभन्दा बाहिर गएको पाइंदैन । हुनत **अनुदित महाकाव्य** नामक पगरी गुथेको महाकाव्य **अध्यात्म रामायण**को भावात्मक उल्था नै पाइए तापनि केही महाकाव्यमा कमजोरीले गर्दा महाकाव्य समकक्षमा पुग्न सकेको देखिदैन । यस्तै परिस्थितिलाई देखेर "नेपाली महाकाव्य आइसल्याण्डको सर्प जस्तै थियो" ४६ भन्दै हाम्रा महाकवि लक्ष्मी प्रसाद देवकोटा **शाकुन्तल** महाकाव्य लिएर वि.सं. २००२ सालमा देखा पर्दछन् । हुनत महाकवि देवकोटा आधुनिकताका पक्षपाती देखिन्छन् तर महाकाव्यगत मान्यताका आधारमा भने उनमा पुरानै दृष्टि रहेको पाइन्छ । त्यही अनुसरण गर्दै वि.स. २००५ सालमा पूर्वीय महाकाव्यको परम्परित मान्यतालाई नै अविच्छिन्न रूपमा पान गर्दै पण्डितराज सोमनाथ **आदर्श राघव** लिएर देखा पर्दछन् । रूढिगत मान्यतालाई नै काखीमा च्यापेर पुरानै बाटोमा नवीनतातर्फ **तरूण तपसी** (२०१०) मार्फत लेखनाथ पौड्याल लम्कन खोजेको पाइन्छ । पूर्वीय पाश्चात्य मान्यतालाई लत्याएर आधुनिकताको शङ्खघोष गर्दै सामाजिक कथाबस्तु र निम्न बर्गीय दमाईलाई नायक बनाएर तथा गद्यभाषामा लेखिएको बालकृष्ण समको **चिसो चूल्हो** नामक महाकाव्य २०१५ सालमा देखा पऱ्यो ।

२०५३ सालमा रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यको सुरू भएको थियो जसमा धार्मिक परम्परादेखि जुन महाकाव्यमा पनि पुरूषको बखान गरी महाकाव्यको पूर्ण रूप तयार गरिएको पाइन्छ । यसको चिरफार गरी अधिकारीले सीतालाई प्रमुख पात्रको रूपमा उभ्याइ **सीतायन** महाकाव्य तयार गर्ने उद्देश्य लिएर संसारको नै विशाल महाकाव्यका रूपमा २०५५

सालबाट प्रथम खण्डदेखि चौधौं खण्डसम्म प्रकाशित भएको छ । उनको महाकाव्यमा धार्मिक परम्परादेखि नै सीतालाई महान् छोरी, पत्नी, बुहारी र आमाका रूपमा नै भूमिका निर्वाह गरको कुरालाई अग्रपङ्क्तिमा उभ्याइ महाकाव्य रचना गरिएको छ । यस लोकमा महिला भनेका नै महान् अङ्ग हुन् । एउटा घरदेखि गाउँ समाजसम्म नै महिलाको प्रभावबाट नै सुधार हुन्छ भन्ने कुरालाई महाकाव्यमा प्रस्ट पार्ने प्रयास तीव्र रूपमा भएको पाइन्छ । अधिकारीले **सीतायन** मार्फत नारी सीताको चरित्र प्रस्तुत गरेर विश्वमानव समाजलाई नै ठुलो गुन लगाएका छन् । **सीतायन** भनेको आदर्श नारी माता सीताले हिड्नु भएको उहाँले देखाउनु भएको बाटो हो । माता सीताको उदात्त चरित्रको महत्त्व हिजो जति थियो, आज त्योभन्दा पनि बढी छ (रिजाल, वि.सं. २०६०) ।

'सीता' र 'अयन' बाट **सीतायन** बनेको हो । अयन शब्दको अर्थ हो बाटो । **सीतायन**को अर्थ सीताजी हिड्ने बाटो भन्ने । सीताजीको बाटो कस्तो भन्ने बारेमा यस महाकाव्यमा स्पष्ट पार्ने प्रयास गरिएको छ । **सीतायन** महाकाव्यमा सीताको उत्पत्ति र रामसँगको विवाहको विस्तृत विवरण प्रथम खण्डमा प्रस्तुत गरिएको छ । उनको द्वितीय खण्डमा दशरथले बोलाएका कुरा सुमन्त्रले रामलाई जाहेर गरेकोले राम र सीता दशरथलाई भेट्न कुटीमा गएका थिए । राजा दशरथको मृत्युदेखि चौध वर्षको वनवासावधि पुरा नगरी अयोध्या नफर्कने अठोट प्रसङ्गसम्म द्वितीय खण्डमा प्रस्ट पारिएको छ । उनका महाकाव्यमा लोभ, क्रोध, काम, मोह जस्ता कुराबाट टाढा रहिएन भने मानिसले प्रगति गर्न सक्दैन भन्ने कुरालाई छर्लङ्ग पार्ने प्रयास अनवरत रूपमा रहेको पाइन्छ । हुने विरूवाको चिल्लापात भने जस्तै सीताको उत्पत्तिदेखि नै सीताको चरित्रमा चमत्कार रहेको कुरालाई अविस्मरणीय रूपमा प्रस्ट्याइएको छ । नारी भनेको पुरूषभन्दा कम होइन, नारीलाई उच्च स्थानमा राख्नुपर्ने पाठ सिकाउँदै यो महाकाव्य अगाडि बढेको छ ।

नेपाली महाकाव्यको इतिहासमा छुट्टै खालको विशेषता बोकेको नारीवादी महाकाव्यका रूपमा आएको यस महाकाव्यको कतिपय तड्कारा खोटहरू भए पनि तिनले **सीतायन**का मूल्यलाई धुमिल पार्न भने सक्दैन । सघन भाषा, ग्रामीण भेषभूषा, आकर्षक वर्णन शैली र लगभग सन्तृप्त अवस्थामा रहेको बौद्धिकताले कृतिका रूपमा **सीतायन**को महिमा प्रशंसनीय रहेको देखिन्छ ।

यो महाकाव्यभन्दा पूर्वका विविध भेदभाव नारी र पुरूषका बारेमा पूरूषलाई महान् बनाउने आचरणले गाडेको जरो महाकाव्यले उखेल्ने प्रयास अनवरत रूपमा गरेको पाइन्छ । यस महाकाव्यमा पुरूष र महिला एक आपसमा सम्बन्धित छन् । यो सृष्टिको लिलामा महिला नै पृथ्वी हुन् भन्ने कुरा सीता जस्ता पात्रलाई मूल पात्रका रूपमा उभ्याएर समाजमा नारीको भूमिका स्पष्ट पार्ने ठुलो देन रहेको छ ।

**सीतायन**को आकार विस्तार सम्बन्धमा यति भनेर एकिन गर्न नै सकिएको छैन । यो विभिन्न लय, छन्द, अनुप्रास, अलङ्कारले अघि बढेको पाइन्छ । यस महाकाव्यमा नारीले समाजलाई बनाउन सक्ने शक्तिको भूमिका रहने र सीताको जस्तो असल बाटो हिडाउने प्रयास भयो भने मात्र आजको विश्व सही बाटो हिड्न सक्ने महान् शक्ति नारी सीताजी हुन् ।

निचोडमा भन्नुपर्दा परम्पराकालदेखि नै सीताजीको महानतालाई अगाडि सार्ने जमर्को गरिएको छ (भट्टराई, "आधुनिक वाल्मीकि कसरी बने रमेशचन्द्र", प्रतिस्पर्धा साप्ताहिक) ।

### चौथो परिच्छेद

# 'सीतायन' महाकाव्य (प्रथम र द्वितीय खण्ड) अध्ययन विश्लेषण

## ४.१. 'सीतायन' महाकाव्यको विश्लेषण

पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका धारणालाई केलाएर के भन्न सकिन्छ भने अवान्तर तथा वा उपाख्यानहरू समेत मूल कथामा गुम्फित रहेको कथानक नै महाकाव्यको लागि बढी उपयुक्त हुने देखिन्छ । यिनै धारणा वा मान्यताहरूलाई हृदयङ्गम गरेर **सीतायन** महाकाव्यको कथावस्तु केलाउनु पर्ने देखिन्छ ।

महाकाव्यका सन्दर्भमा पूर्वमा होस् पश्चिममा दुवैतर्फका विद्वान्हरूको महाकाव्यको लागि ऐतिहासिक, पौराणिक वा लोकविश्रुत र कविकल्पित कथावस्तुमध्ये कुनै पनि हुन सक्ने बताएका छन् तर प्रस्तुत महाकाव्यले परम्परागत महाकाव्य मान्यतामा सबै महाकाव्य पुरूष प्रधान रहेकामा नारीको पनि उच्च स्थान हुनुपर्छ भन्ने मान्यतालाई अगाडि सारेको पाइन्छ । प्रस्तुत महाकाव्य **सीतायन** मा जगज्जननी सीताको भूमिकालाई मुख्य भूमिका देखाई नारीको स्थान उच्चकोटीमा रहेको कुरालाई अगाडि सारेकोले यो महाकाव्य नारी प्रधान भएर अगाडि देखा परेको पाइन्छ जसमा ठुलो महाकाव्य मानिने **रामायण**मा पनि रामलाई मुख्य पात्र मानिएको छ तर **सीतायन** महाकाव्यमा नारीको स्थान उच्च राखी महाकाव्य तयार पारेकाले पनि यो महाकाव्य अन्य महाकाव्यभन्दा भिन्न रहेको पाइन्छ ।

यस महाकाव्यमा सीताकै उत्पत्ति, एउटा श्रीमान् प्रतिको सीताको व्यवहार, दुःखमा पनि नआत्तिने सीताजीको राय सल्लाह आदि कुरालाई प्रस्तुत गरिएकोले यसलाई भीवकाय महाकाव्यका रूपमा लिइन्छ ।

## ४.२. 'सीतायन' महाकाव्यको वस्तुविश्लेषण

**सीतायन** महाकाव्य (प्रथम र द्वितीय खण्ड) कथावस्तु अध्ययनलाई तल प्रस्तुत गएिको छ :

### 'सीतायन' महाकाव्य प्रथम खण्ड

**सीतायन** महाकाव्यको कथावस्तु धार्मिक र पौराणिक छ । यस महाकाव्यमा मूल नायक सीताजीलाई बनाएर महाकाव्यको थालनी गरिएको छ । **सीतायन** प्रथम खण्डमा राजा पद्माक्षराजको

मनोवैज्ञानिक व्यवहार मानिसमा भएको लोभ, काम, मोक्ष, क्रोध बारेमा सोच आदि कुराको वर्णन गरिएको छ । राजा पद्माक्षराजलाई लक्ष्मी छोरी बनाउने चाहना पलायो । राजाले लोभ, मोह, काम, क्रोध आदिलाई वशमा राखी लक्ष्मी छोरी बनाउने उद्देश्य लिएर श्री विष्णु भगवान्को घोर तपस्या गर्दछन् । त्यस तपस्याबाट श्री विष्णु भगवान् खुसी भएर उनको इच्छानुसार लक्ष्मीलाई छोरी बनाउन सफल हुन्छन् । ती लक्ष्मी बत्तीस लक्षणयुक्त पुत्रीका रूपमा दिनानुदिन हुर्कदै जाँदा राजालाई छोरीको विवाह गर्नुपर्छ भन्ने चिन्ता लाग्न थाल्छ । अब यस्ती बत्तीस लक्षणले युक्त भएकी मेरी छोरीलाई पाउने वर पनि त्यस्तै हुनुपर्ने राजाको मनमा इच्छा जाग्छ । अब त्यस्तो वर कहाँ पाउने होला भन्ने चिन्ताले राजालाई पिरोल्छ । त्यस पश्चात् राजाको मनमा छोरीको विवाहका लागि एउटा महत्त्वाकाङ्क्षी विचार पैदा हुन्छ । राजाले छोरीको विवाहका लागि एउटा प्रस्ताव राखेका हुन्छन् । मेरो छोरी लक्ष्मीसँग विवाह गर्ने वर त्यस्तो हुनुपर्छ, जसले आकाशको निलो भाग जस्ताको तस्तै भुँइमा झार्न सक्छ त्यस महान् पुरूष नै मेरी छोरी लक्ष्मीको धर्मपति हुनसक्छ, हैन भने सक्दैन भन्ने महत्त्वाकाङ्क्षी विचार घोषणा  गरे । त्यस पश्चात् सो ठाउँमा संसारभरबाट वर हुनका लागि देव, दानव, किन्नर र रावणले म नै लक्ष्मी कन्या प्राप्ति गर्छु भन्ने दृढ उद्देश्य लिएर राजाका घरमा एक एक गर्दै जम्मा भएका थिए । सबैले राजाको महत्त्वाकाङ्क्षी भनाइको पालना पुरा गरी बत्तीस लक्षणले युक्त भएकी लक्ष्मी कन्यालाई पत्नी बनाउन कोसिस गरे तर कसैले पनि राजाको त्यो उद्देश्य पुरा गर्न नसकेपछि त्यहाँ ठुलो खैलाबैला भयो । ती बत्तीस लक्षणले युक्त भएकी लक्ष्मी कन्यालाई पत्नी बनाउन आएका वरहरू र राजा पद्माक्षराज बिच घमासान भिडन्तमा राजाको मृत्यु हुन्छ । अनि त्यस भिडन्तमा राजा पद्माक्षराजको मृत्यु भएको छोरी लक्ष्मीले सहन नसकी त्यो बलिरहेको अग्निकुण्डमा गइ हामफाली जलेर बिलीन हुन्छिन् । अव लक्ष्मी अग्निकुण्डमा मरिन् भनेर धेरै वरहरू बाटो लाग्छन् । यता ती कन्या लक्ष्मी मरेकी छैनन् यही अग्निकुण्डमा लुकेकी छन् भन्ने रावणका मन्त्रीहरूले सल्लाह  दिन्छन् । अनि रावणले बाकसमा हाली कन्यालाई लङ्का पुऱ्याउँछ । मन्दोदरीलाई रावणले भए गरेका सब कुरा बताई बाकस खोली हेर्दा झल्झलाकार कन्या उत्पत्ति भइन् । अनि मन्दोदरीले यो कन्या अनिष्ट हो त्यसैले ती कन्यालाई जनकपुरको खाली ठाउँमा लगेर छाडिदिनु भनेर दूतहरूलाई आदेश दिइन् । दूतहरूले ती झल्झलाकार कन्या भएको बाकस बाँझो जमिनमा राखिदिन्छन् ।

राजा जनक आफ्नो राज्यको राज्यकोषबाट केही पनि आफ्ना लागि नलिएर सबै देश र जनताको भलाइका लागि नै खर्च गर्ने गर्दथे । राजा जनकद्वारा कन्या छाडिएको भूमि एक ब्राह्मणलाई दान दिन्छन् । सो भूमि जोत्दा बाकस प्राप्त हुन्छ र सो बाकस खोल्दा कन्या हुन्छिन् । सो कन्याको नाम 'सीता' राखिदिएका थिए । संस्कृत भाषामा हलो जोत्दा जमिनमा परेको डोबलाई

'सीता' भनिन्छ । हलोको चोकलाई पनि 'सीता' भनिन्छ । त्यसैले प्रतीकात्मक रूपमा 'सीत' यो भागको ठुलो अर्थ र महत्त्व पनि छ । यस शब्दभित्र भ्रामकको सघन महत्त्व सुरक्षित छ । भावनाको यही सघन महत्त्वका कारणनै प्रत्येक मानिसले आफ्ना सभ्यता विकसित गर्दै आएको छ । खेत हाम्रो जीवन बचाउने प्रमुख आधार हो । कृषि प्रधान देश नेपालमा खेतसँगको हाम्रो भावनात्मक सम्बन्ध छ । खेती-किसानी हाम्रो संस्कृति र परम्परा पनि हो । यही खेतको खेती गर्ने क्रममा प्राप्त भएकी 'सीता' पराशक्ति हुन् । 'सीता' ईश्वरीय भावनाकी प्रतिमूर्ति पनि हुन् । 'सीता' मानव रूपमा नारी सभ्यता र संस्कारकी पहिलो पाइला हुन् र यसकी जन्मदात्री पनि हुन् । यही तथ्यलाई **सीतायन** ले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा पुष्टि गर्ने प्रयास गरेको छ । यही नारी रूप र प्रतिष्ठाको समीचीन व्याख्या-विश्लेषण प्रस्तुत पुस्तकमा गरिएको छ ।

यसरी सीता बत्तीस लक्षणयुक्त भई दिनानुदिन हुर्कदै जाने क्रममा घरको सरसफाई गर्दा घरमा रहेको शैव धनु देब्रे हातले हलुकासँग उचाली त्यस शैव धनु भएको ठाउँमा सफा गरेको राजा जनकले देख्दा आफ्नी छोरी सीता शक्तिशाली भएको ठाने । यस्ती शक्तिशाली छोरीलाई विवाह गर्ने वर पनि छोरी जस्तै शक्तिशाली हुनु पर्ने सोचे । अब त्यस्तो वर कहाँ पाउने होला भन्ने चिन्ताले राजा जनकलाई पिरोल्छ । त्यस पश्चात् राजा जनकका मनमा छोरीको विवाहका लागि एउटा महत्त्वाकाङ्क्षी विचार पैदा हुन्छ । मेरी छोरी सीतासँग विवाह गर्ने वर त्यस्तो हुनुपर्छ, जसले "शैव धनु उचालेर ताँदोमा वाण राखी खैंचन सक्छ त्यस महान् पुरूष नै मेरी छोरी सीताको धर्मपति हुनसक्छ, हैन भने सक्दैन" भन्ने महत्त्वाकाङ्क्षी विचार घोषणा  गरे । मैले के यस्तो निर्णय लिएँ, यदि कसैले पनि मेरो निर्णय पालना गर्न सकेनन् भने मेरी छोरीको विवाह नहुने हो कि भन्ने चिन्ता लाग्यो । झट्ट सम्झेर राजा जनकले छोरीको विवाहको लागि विश्वामित्र ऋषिसँग कुरा राखेका हुन्छन् । को होला त यस्तो वीर पुरूषभन्दा अयोध्याका राजा दशरथका जेठा सुपुत्र रामचन्द्रले मात्र यो निर्णय पुरा गर्न सक्ने अनुमान गरी रामचन्द्रको विवाहको लागि राजा दशरथलाई खबर गर्दछन् । त्यस पश्चात् सो ठाउँमा संसारबाट वर हुनका लागि आए तर कसैले पनि शैव धनु उचाल्न त के डगमगाउन पनि सकेनन् । यसै बेलामा विश्वामित्र ऋषिले अयोध्याका राजा दशरथका जेठा सुपुत्र रामचन्द्रलाई लिएर आउँछन् र रामचन्द्रले शैव धनु उचाली तोड्न सफल भई सीताको धर्मपति बन्न सफल भए । विवाह पश्चात् सीताजीलाई बिदा गर्नुपर्दा उनका साथी संगिनीहरू चिन्तित भएका छन् साथै रामचन्द्रका अन्य भाइहरूको पनि विवाह गरी सबै वर वधुहरूलाई अयोध्यातिर विदाई गरिएको छ । त्यसपछि बिश्वामित्रले राजा जनकसँग विदा मागे र आफ्नो रमणीय आश्रम स्थलतिर गए । उता राजा दशरथ छोरा बुहारीहरूका साथमा अयोध्या जाँदा

बाटोमा परशुराम ऋषिसँग भेट भई उनको स्तुति गरी अभयदानका लागि अनुरोध गर्नुभयो । रामचन्द्रको शक्ति देखेर परशुराम ऋषि आश्चर्य चकित हुनु भई महेन्द्रपर्वततिर प्रस्थान गरेको खुलाइएको छ । राजा दशरथ अयोध्या पुग्नुभयो र अयोध्याबासीहरूले राम-जानकीको दर्शन गरे । आफ्ना छोरा बुहारी राम जानकीले सुखपूर्वक दिन बिताएको देखेर राजा दशरथ पनि प्रसन्न भएका थिए । उनले रामचन्द्रलाई आफ्ना मन्त्रीसँग राज्याभिषेकका लागि सहमति गरेका छन् । रामचन्द्रको राज्याभिषेकका लागि एक राष्ट्रिय पर्वका रूपमा तयारी गरिएको थियो । मन्थरालाई रामको राज्याभिषेकका बारेमा थाहा भएपछि मन्थराले कैकेयीलाई फकाएर रामलाई चौध वर्ष वनबास र भरतलाई राजा बनाउने प्रस्ताव राख्न लगाइन् । कैकेयीको यस प्रस्तावबाट राजा दशरथ मूर्छा परे र कैकेयीलाई सम्झाउने प्रयास गरे । राजा दशरथले रामचन्द्रको राज्याभिषेकका कुरा कैकेयीले अस्वीकार गरी उल्टै राजालाई आश्वस्त पार्ने प्रयास गरिन् त्यसपछि सुमन्त्र राजदरबारबाट बाहिर निस्कन्छन् । अनि विस्तारै राम-जानकीको बासस्थानतिर विशाल जनसमुदाय लागेको हुन्छ । **सीतायन** को प्रथम खण्ड यहाँ पुगेर समाप्त भएको छ ।

### 'सीतायन' महाकाव्य द्वितीय खण्ड

**सीतायन** महाकाव्यको प्रथम खण्ड जगज्जननी सीताको चरित्र संस्कारलाई केन्द्रविन्दुमा राखेर नितान्त नौलो र मौलिक महाकाव्यको रूपमा प्रस्तुत गरिएको छ । यस महाकाव्यको प्रथम खण्ड प्रकाशित भएको एक वर्षको समयावधि नपुग्दै द्वितीय खण्ड अझ परिस्कृत र आकर्षक कलेवरमा प्रकाशित भएको छ ।

दशरथका आज्ञाबाट रामलाई लिन गएका सुमन्त्र राजदरवारबाट निस्किएको प्रकरणबाट **सीतायन** को प्रथम खण्ड समाप्त भएको थियो । द्वितीय खण्डमा दशरथले बोलाएका कुरा सुमन्त्रले रामलाई जाहेर गरेकाले राम र सीता दशरथलाई भेट्न कुटीमा गएका थिए । त्यसपछि कैकेयीबाट दशरथप्रति गरिएका नकरात्मक टिप्पणी, भरतलाई राज्याभिषेक र रामलाई वनवासको प्रसङ्ग कौशिल्याद्वारा रामलाई दशरथको आज्ञा नमान्ने सम्बन्धमा दिएका सल्लाह, पिताको आज्ञा उल्लङ्घन नगर्ने रामको दृढोक्ति, जगज्जननी सीताको रामसँगै आफू पनि वनवास जाने अभिव्यक्ति र अठोट, सुयज्ञ अरून्धती र वशिष्टलाई सीताजीद्वारा गरिएको सम्बोधन आदि प्रत्येक घटनाहरूका सम्बन्धमा क्रमिक प्रकाश पार्दै राजा दशरथको मृत्यु भएको कारणबाट ज्यादै व्याकुल हुन पुगेका रामचन्द्रलाई अधिर नहुन सीताजीले सल्लाह दिएको र राज्यासनै खालि रहन्छ भने पनि चौध वर्षको वनवासावधि पुरा नगरी अयोध्या नफर्कने अठोट प्रसङ्गमा आएर प्रस्तुत **सीतायन** महाकाव्यको द्वितीय खण्डको समाप्ति भएको छ ।

हाम्रो समाज पुरूष प्रधान समाजभए तापनि पुरूषलाई सज्जन वा दुर्जन कस्तो बनाउने भन्ने विषय नारीमा नै अन्तर्निहित छ । प्रत्येक बालबालिकाको पहिलो शिक्षिको रूपमा आमा भएकोले नारीको स्वच्छन्द हैन आदर्श व्यवहारले नै समाजमा व्याप्त याव्त विकृति-विसङ्गति निर्मूल हुन सक्छन् । रामलाई मर्यादा पुरूषोत्तमका रूपमा समाजमा परिभाषित गर्न र रावणवध गर्ने कार्यमा जगज्जननी सीताको चरित्र र संस्कारले पनि ठुलो भूमिका निर्वाह गरेको छ । यस किसिमका चरित्र र संस्कारको धरोहर भएर पनि सीताजीको सबै विषयमा प्रकाश पार्ने कुनै ग्रन्थ प्रकाशित भएको छैन । सो कुरालाई मनन गरी सीताजीलाई अग्रस्थानमा राखेर महाकाव्य तयार गरिएको छ । उनकै भूमिकाका परिप्रेक्ष्यमा त्रेतायुगका दशरथ, राम, लक्ष्मण, भरत, कौशिल्या आदि विभिन्न पात्रको चरित्र चित्रण गरिएको छ । प्रस्तुत **सीतायन** महाकाव्यले सकारात्मक समाज निर्माण गर्ने कार्यमा सबैको चरित्रको तुलनामा सीताको आदर्श चरित्र र व्यवहारको के कस्तो भूमिका र महत्त्व छ भन्ने तथ्यको निरूपण गर्न सार्थक प्रयास गरेको छ ।

उनको स्वच्छताबाट नै मानिसको विचार पवित्र हुन्छ । विचारहरूको पवित्रताबाट नै मानिस असल क्रियाकलापतर्फ उन्मुख हुन्छ । यस किसिमको क्रियाकलापबाट नै मानिस महान् बन्न सक्छ । यस परिप्रेक्ष्यमा हेर्दा सीता यही महानताकी एउटी उदाहरण हुन् । उनको प्रत्येक क्रियाकलापमा माता, पिता, सासू, ससुरा, पति, देवर, गुरु र अन्य मान्यजनहरूप्रतिको कर्तव्य कस्तो हुनुपर्छ र जस्तोसुकै कठिन अवस्थामा पनि नारीले आफ्नो विवेकलाई किन गुमाउनु हुँदैन ? नारीमा समाज, संस्कृति, व्यष्टि र समष्टिको उत्थान गर्नसक्ने के-कस्तो दक्षता अन्तर्निहित हुन्छ ? प्रत्येक नारीहरूमा सरलता, शिष्टता र सात्विकताको पर्याप्त मात्रा हुन किन आवश्यक छ ? आदि इत्यादि विभिन्न तत्त्वलाई बुझ्नका लागि **सीतायन** ले सही अर्थमा आफूभित्र नारी संस्कृतिकी सीताको खोज गर्न प्रत्येक नारीहरूलाई आग्रह गरेको देखिन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा प्रस्तुत कृतिले सीता नेपाली संस्कृतिको परम्परा बन्न सक्नुपर्छ र यस संस्कृतिबाट पृथक् नरहेमा नै नारीहरूले सही अर्थमा आफ्नो जन्म र जीवनलाई सार्थक तुल्याउन सक्छन् भन्ने तथ्यमा महत्त्वपूर्ण विचारहरू सम्प्रेषण गर्न सकेको छ । समाज सुधारको शाश्वत सोचलाई परिभाषित गर्न जगज्जननी सीताको चरित्र र संस्कारलाई आत्मसात् गरी यसप्रति प्राण-प्रणले संलग्न हुने क्रममा नारीहरू समर्पित भावले अग्रसर हुन सकेमा र सबैको हित चाहने क्रममा कुविचार, पाप, द्वेष, छलछाम र तुच्छ स्वार्थ आदिबाट माथि उठेर भलाइ, इमान्दारी उदारता, सहनशीलता, धैर्य, संयम र क्षमाको आश्रय ग्रहण गर्नुका साथै नारी आदर्शका प्रति व्रतशील जीवन व्यतीत गर्न उद्यम भएमा आजको भौतिक युगमा पनि नारी जीवनमा हराउँदै

गएका शक्तिहरू एकत्रित हुन सकी समाजमा नारीहरूको प्रतिष्ठा र पूजा हुन सक्छ भन्ने तथ्यलाई माता सीताको चरित्र र संस्कार पर्याप्त उदाहरण बन्न सकेको छ ।

जसरी जमिनविना अन्नको कल्पना गर्न सकिदैन त्यसैगरी नारीविना कुनै पनि मानिसको कल्पना गर्न सकिदैन । सबै मानिसको नारीसँग प्रथम परिचय आवश्यक छ । चाहे त्यो पुरूष हो वा नारी सबैको सम्बन्ध र आफू हुनुको प्रमाण नारीसँग नै गरिएको हुन्छ । त्यसैले सृष्टिका स्रोत नै नारी हुन् । नारीविना विश्व संरचना सम्भव छैन । त्यसैले नारीलाई माताका रूपमा पूजा गरिन्छ । "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तन्त्र देवताः" अथवा "या देवी सर्वभूतेषु मातृ रूपेण संस्थिता" त्यसै भनिएको होइन । यस परिप्रेक्ष्यमा हेर्दा पनि नारीहरूले वासना, भौतिक वैभव, कामना, कुसस्कार आदिसँगको नाता तोडेर आफूभित्रको शक्तिलाई जागृत गरी नवयुग र सत्ययुगको स्थापना गर्न अग्रसर हुनसक्नु पर्छ । यसका लागि अध्यात्मिक ज्ञानरूपी अमृतका कलशहरू बोकेर नारीहरूले संसारमा सात्विक विचार, सद्भाव र सद्गुण स्थापना गर्न क्रियाशील हुनुपर्छ । यस बाटोमा अघि बढ्न माता सीताको चारित्रिक संस्कारलाई आफ्नो सभ्यताका रूपमा आत्मसात् गर्न सक्नुपर्छ । यही तथ्यलाई नै रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यले प्रस्तुत गरेको छ र जगज्जननी सीताकै केन्द्रबिन्दुका आधारमा सत् चरित्रको विजय असत् चरित्रको पराजय हुन्छ भन्ने शाश्वत सत्यको प्रकटीकरण गराउनु यसको मूल उद्देश्य रहेको देखापर्छ । यही नै यस पुस्तकको विशेषता, प्राप्ति र उपलब्धि पनि हो र यस अर्थमा प्रस्तुत पुस्तकलाई नारीहरूको मानसिक स्वर्गका रूपमा पनि लिन सकिन्छ ।

## ४.३. 'सीतायन' महाकाव्यको चरित्र चित्रण

पूर्वीय महाकाव्य मान्यता अनुसार महाकाव्यको नायक स्थिर, धैर्यवान् र धीरोदात्त गुणयुक्त हुनु पर्दछ जो आत्म प्रशंसा गर्दैन र विविध गुणले युक्त हुन्छ । त्यस्तै पाश्चात्य धारणा अनुसार भद्र, उदात्त र आफ्ना कार्य व्यापारद्वारा नै चरित्रको अभिव्यञ्जना गर्ने, नैतिक उद्देश्यलाई द्योतित गर्ने यशस्वी र शक्तिशाली नायक महाकाव्यका लागि उपयुक्त हुन्छ ।

**सीतायन**का चरित्रहरू सबै **रामायण**का हुन् । महाकाव्यकारले कुनै नयाँ चरित्र उभ्याएका छैनन् । मिथिला नरेश जनककी पुत्री सीता केन्दीय चरित्र वा मुख्य पात्र सीता नै बनाइएको र उनको झैं चरित्र भएको महिला हुनुपर्ने उनको सदिच्छा पोखिएको पाइन्छ ।

नारीवादको अर्थ नबुझेर लोग्नेलाई गाली गर्नु, पुरूष लिङ्ग नै खराब होइन, पुरूष सरह नारीहरूको अधिकार हुन्छ । छाडा नारीवादी आन्दोलनमा लाग्नेहरूलाई सन्देशित गर्न सीताको जुन

चरित्र चित्रण गरिएको छ त्यसमा महाकाव्यकार अधिकारी सफल पनि देखिएका छन् । पुरा खण्ड महाकाव्य प्रकाशन नभई सकेकाले सबै खाले चरित्रको भूमिकालाई मूल्याङ्कन गर्न उचित हुदैन । सीतालाई अधिकारीले रामप्रति प्रतिशोध लिने चरित्रका रूपमाभन्दा पनि पारिवारिक समन्वयतिर उभ्याएका छन् । महर्षि वाल्मीकिले अन्धाधुन्द रामको चरित्रको प्रशंसा गरेका थिए । तर अधिकारीले रामको भूमिकालाई कम स्थान दिएर प्रस्तुत हुनु पर्‍यो, उनले रामका असल पक्षलाई वा गुण पक्ष प्रस्तुत गरी एक त्यागी, कुशल, आदर्शवादी शासकका रूपमा उभ्याएका कुरा मननयोग्य छन् । एक स्वच्छ छविका शासकको भूमिका दिएर नेपाली नेताहरूलाई सन्देशित गर्न खोजिएको छ । त्यसमा सापेक्षता भेटिन्छ । एक आदर्श पुरूष राम बन्नका लागि सीताको सहयोग भूमिका अपरिहार्य बनाउन सीतालाई बढी स्थान दिनु पर्‍यो । रावण पनि गुण नभएका होइनन् तर कामवासना र भोगविलासमा आसक्त भई समय व्यतित गरेका हुनाले दुर्गुणपक्षले उसमा विजय हासिल गरेको हो ।

चरित्रहरूको बर्णनलाई उनीहरूका मुखबाट ओकलिनु पर्ने वास्तविकता एवम् मनोवैज्ञानिक पक्ष भने उच्चकोटीको छ । जसरी सीताले एक आदर्श छोरी, दुलही, पत्नीको भूमिका निर्वाह गरिन् ।

पात्रहरू शेक्सपियरका झैं प्राचीन छन्  त्रेतायुगका छन् तर सबै होइन, केही चरित्र अझै पनि युक्तिसङ्गत लाग्दछन् । उनका महाकाव्यका पात्रहरूले चार किसिमका भूमिका निर्वाह गरेका छन् ।

(१) व्यक्तिगत भूमिका निर्वाह गरेका पात्रहरूमा - राजा पद्माक्षराज, लक्ष्मी, विष्णु, मन्दोदरी, राम, राजाजनक, भरत, ऋषि विश्वामित्र, गुरु वशिष्टपत्नी, अगस्त्य ऋषि, वाल्मीकि ऋषि, पक्षीराज जटायु, रावण, र्सूपणखा, त्रिजटा, मरिच, पर्शुराम, निषादराज, गुह, राक्षसी सिहिका अङ्गद, सम्पाती, वानरहरू, समुद्र, नदी, मैनाक पर्वत, मृग, जीव-जन्तु, वायु, आकाश, पृथ्वी जाम्वान रहेका छन् ।

(२) देव पात्रहरू - विष्णु, शिव, यमराज हुन् ।

(३) सामूहिक भूमिका निर्वाह पात्रहरू - वानर समुदाय, वानरसेना, अयोध्याबासीहरू, रामको जन्मोत्सवमा उपस्थित नगरवासी, सैन्य समूह, इष्टमित्र आदि हुन् ।

(४) गौण पात्रहरू - सावित्री, मन्थरा, सत्यवान्, धनपति कुवर, द्युमन्सेन, नारद रहेका छन् ।

**सीतायन** महाकाव्यमा व्यक्तिगत भूमिका निर्वाह गर्ने पात्रहरूदेखि सामूहिक भूमिका निर्वाह गर्ने पात्रका अतिरिक्त मानवेतर र देवपात्रहरू छन् ।

## ४.४. 'सीतायन' महाकाव्यको संरचना

कुनै पनि काव्य कृतिमा बाह्य र आन्तरिक गरी दुई किसिमका संरचना हुन्छन् । बाह्य संरचनाको दृष्टिले हेर्दा प्रस्तुत महाकाव्यमा कविले **सीतायन** महाकाव्यलाई चौधौं खण्डसम्म प्रकाशित गरेका छन् । यो महाकाव्य संरचनात्मक दृष्टिकोणले ठुलो भोलुम भएकोले सबै खण्डहरूको विश्लेषण गर्न सम्भव नदेखिएको हुँदा यहाँ **सीतायन** महाकाव्यको (प्रथम र द्वितीय खण्ड) संरचनात्मक अध्ययन गरिएको छ ।

बाह्य संरचनाका दृष्टिले हेर्दा प्रस्तुत महाकाव्यलाई कविले **सीतायन** प्रथम खण्ड र द्वितीय खण्ड शीर्षक दिएका छन् । **सीतायन** नामक प्रथम खण्ड शीर्षक दिएर १७८१ श्लोकमा विभाजित यस महाकाव्यले ३५६ (तिन सय छपन्न) पृष्ठ ओगटेको पाइन्छ । आवरण पृष्ठ बाहेक ९ x २ = १८ पृष्ठ भित्र गएर वा खर्चिएर मात्र महाकाव्य प्रथम खण्डको प्रथम श्लोक प्रारम्भ गरिएको छ । प्रथम खण्डमा सीताजीको उत्पत्तिको वर्णन राजा पद्माक्षराजको मनोवैज्ञानिक व्यवहार मानिसमा भएको लोभ, काम, मोक्ष, क्रोध बारेमा सोच आदि कुराको वर्णन गरिएको छ ।

**सीतायन** नामक द्वितीय खण्ड शीर्षक दिएर १८४० श्लोकमा विभाजित यस महाकाव्यले ३८६ (तिन सय छयासी) पृष्ठ ओगटेको पाइन्छ । आवरण पृष्ठ बाहेक ९ x २ = १८ पृष्ठ भित्र गएर वा खर्चिएर मात्र महाकाव्य द्वितीय खण्डको प्रथम श्लोक प्रारम्भ गरिएको छ । द्वितीय खण्डमा दशरथले बोलाएका कुरा सुमन्त्रले रामलाई जाहेर गरेकाले राम र सीता दशरथलाई भेट्न कुटीमा गएको, कैकेयीबाट दशरथका प्रति गरिएका नकारात्मक टिप्पणी, भरतलाई राज्याभिषेक र रामलाई वनवासको प्रसङ्ग, कौशिल्याद्वारा रामलाई दशरथको आज्ञा नमान्ने सम्बन्धमा दिएका सल्लाह, पिताको आज्ञा उल्लङ्घन नगर्ने रामको दृढोक्ति, जगज्जननी सीताको रामसँगै आफू पनि वन जाने अभिव्यक्ति र अठोट, सुयज्ञ अरून्धती र वशिष्टलाई सीताजीद्वारा गरिएको सम्बोधन आदि प्रत्येक घटनाहरूका सम्बन्धमा क्रमिक प्रकाश पार्दै राजा दशरथको मृत्यु भएको कारणबाट ज्यादै व्याकुल हुन पुगेका रामचन्द्रलाई अधिर नहुन सीताजीले सल्लाह दिएको प्रसङ्गमा आएर प्रस्तुत **सीतायन** महाकाव्यको द्वितीय खण्ड समाप्त भएको छ ।

## ४.५. 'सीतायन' महाकाव्यको वर्णन तथा परिवेश

**सीतायन** महाकाव्यको परिवेश **रामायण**मा वर्णित तिनै प्राचीन ऐतिहासिक थलोहरू नै बनेका छन् । आदिकालीन समाजको सामाजिक साँस्कृतिक, राजनीतिक, आर्थिक, चित्रण महाकाव्यमा रहेकाले अहिलेको परिवेश होइन भन्ने लाग्छ । **रामायण** कै कथा वस्तुमा नयाँ चेतना

भित्रिएको हुनाले सामग्रीहरू नयाँ स्वाद पाउन सकिन्छ तर ठ्याक्कै **रामायण** ग्रन्थ भने होइन । **सीतायन** महाकाव्य लेखिनु कुनै नयाँ कार्य होइन भन्न मिल्दैन । महाकाव्य भएकाले कति परिवेशसम्म यो पुग्छ भनी पूर्व भविश्यवाणी गर्नु छोरा नजन्मँदै भोटो सिउनु जस्तै परिकल्पनामूलक हुन जान्छ । **सीतायन** पढ्दा मर्त्य, आकाश, वायु नदीनाला (समुन्द्र), वनजङ्गल, पर्वत, पाखा पखेरा इत्यादि ठाउँका चर्चा र वर्णन हुन पुगेको छ। रामले वनबास बिताएको चौध वर्ष चाहिँ समय परिवेश बन्न पुगेको छ । पञ्चवटी, जनकपुर, अयोध्या, लङ्का, महेन्द्र पर्वत, दण्डकारण्य, मैनाक पर्वत, अग्निकुण्ड, प्रयाग चित्रका पर्वत, ऋश्यमुक, शृंगवेरपुर, किस्किधापुरी, नेपालभूमि, तराई, पहाड, हिमाल परिवेश बनेका छन् । रावणद्वारा सत्यवती सीता हरण भएपछि उनको खोजीमा चहारेका ठाउँहरू पहाड, वनजङ्गल, नदी, आकाश सबै परिवेश बनेका छन् । यसैगरी मनोग्लानि रावण एउटा निशाचरी पुगेको सीताको पावन भूमि नेपालको भू-भाग परवेश काम बनेका छन् ।

**सीतायन** महाकाव्य पौराणिक र धार्मिक काव्य भएकाले यसमा स्वर्ग, मर्त्य, अयोध्या, मिथिला, लङ्का र वनबासको अवस्था आदि स्थानहलाई महत्व दिएर यो महाकाव्य तयार गरिएको छ । यी विविध स्थानहले गर्दा त्रेता युगको स्मरण प्रसस्त मात्रामा गर्न सकिन्छ । अधिकारी आफुले चहारेका भिरपाखा, घाँसदाउरा, पानी पँधेरो र गाइ बस्तु चरन गर्ने स्थानहलाई पनि यस महाकाव्यको परिवेशमा उतारेकाछन् । उनले **सीतायन** महाकाव्यमा देवता र मानवको उपस्थिति मात्र नजनाई मानवेतर प्राणीहरूको पनि उपस्थिति जनाएर यस भीमकाय महाकाव्यलाई बढि सौन्दर्य थपेका छन् ।

## ४.६. 'सीतायन' महाकाव्यको उद्देश्य

**सीतायन** महाकाव्य उच्चकोटीको महाकाव्य हो जसमा विश्वमा रहेका हरेक नारीलाई उच्च स्थानमा सम्मान गर्नु पर्छ भन्ने कुरालाई अधिकारीले खुलेर भन्नु भएको छ । **रामायण**, महाकाव्यमा पुरूष पात्रलाई प्रधानता दिएर तयार पारिएको छ । तर **सीतायन** महाकाव्यमा नारी पात्र सीताजीको प्रमुख भूमिका रहेको पाइन्छ । भानुभक्तको **रामायण**मा समग्रमा रामको गुणगान गाइएको छ । सीताजीको छुट्टै पहिचान गरिएको छैन । नारीको उच्च स्थान रहेकाले नारीको सम्मान रहनु पर्छ भन्ने कुरा अधिकारीले खुलेर लेखेका छन् ।

प्रथम खण्ड १७८१ श्लोक द्वितीय खण्डमा १८४० श्लोकमा संरचित रहेको छ । यो महाकाव्य कहिले कहाँ पुगेर टुङ्गिने हो भन्ने यकीन भएको छैन । आजको विश्वमा नारीहरूको संयमता, धैर्यता, कुशलता, न्यायप्रेम, सहनशीलता, पातिव्रत्य जस्ता नारीमा हुनु पर्ने गुण सीताजीमा

भएको र यो **सीतायन** पढेपछि हरेक नारीहरूले सीताजीले हिडेको बाटो हिड्नु आजको आवश्यकता रहेको कुरा यस महाकाव्यले देखाएको छ ।

मानिस संसारमा लोभी, क्रोधी, काम, मोहबाट टाढा रहेन भने ऊ सफल हुन सक्दैन । त्यसैले यी कुराहरूबाट पनि टाढा रहने प्रयास गर्नु जरूरी छ । **सीतायन** महाकाव्य हरेक कुराहरू मिसिएर तयार भएको छ - स्वच्छन्दतावाद, प्रकृतिवाद, विधवाप्रतिको सहानुभूति र सम्मान, अध्यात्मवाद, दर्शन मानवतावाद, भाग्यवाद, राजनीति, भ्रातृत्त्वप्रेम, शिक्षाको महत्त्व, नैतिकशिक्षा, राजधर्म, वीरता, निराशावाद, राष्ट्रप्रेम जस्ता हरेक कुराहरूलाई यस **सीतायन** महाकाव्यभित्र अटाइएको छ ।

## ४.७. 'सीतायन' महाकाव्यको भाषा शैली

युग जीवनको विराट् र व्यापक प्रस्तुतिका साथै महाकाव्यका समग्र तत्त्वहरूलाई यथोचित रूपमा सङ्गठित र सुदृढीकरण गर्ने कार्य भाषा शैलीको भएको हुनाले भाषा शैली काव्य-कविताको प्रमुख साधनका रूपमा मात्र नभएर कविको काव्यिक सफलतालाई महत्त्वपूर्ण मोड दिने तत्त्वका रूपमा देखा पर्दछ ।

रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यमा प्रयुक्त भाषा मध्यम खालको छ । साह्रै कठिन पनि होइन, साह्रै सजिलो पनि होइन । अधिकारी मुक्तलय वा गद्यलयभन्दा पनि शास्त्रीय कवि भएका कारणले उनले पद्यलाई बढी प्रयोगमा ल्याएको पाइन्छ । उनले शास्त्रीय लयमा सिर्जिएको महाकाव्यमा झ्याउरे लोकलय प्रयोग गरी विविध स्वाद चखाउन खोजेका छन् । बढी मात्रामा संस्कृत तत्सम प्रधान भाषा शैलीले वर्चस्व कायम गरेको छ । उनका महाकाव्यहरूमा झर्रा अनुकरणात्मक शब्दहरू गुम्फिन शैली प्रयोग भएको छ । उनका महाकाव्यमा उपन्यासमा जस्तै व्यास शैली, वर्णनात्मक शैली पनि प्रयोग भएको पाइन्छ । लेखाइ परम्परामा नयाँ शैली मिसाउन खोजे पनि परम्परागत शैलीकै प्राधान्य रहेको पाइन्छ । पद्यमा झण्डै २ दर्जन जति छन्द प्रयोग गरेर शास्त्रीय छन्दमा थोरै समय धारावाहिक कविता सिर्जना गरेर देवकोटा काव्यप्रवाहको बिंडो थाम्न पुगेका छन् । कुनै पद्यमा अनुकूल भाषाको प्रयोग भएको पाइन्छ भने कही साधारण चल्तीको भाषा पनि प्रयोग हुन पुगेको देखिन्छ । महाकाव्यको भाषा शैली सहज र सरल हुनुपर्नेमा दण्डीले जोड दिएका छन् । **सीतायन** मा भाषा प्रयोगमा विविधता छ भने एकै खण्डमा धेरै ठाउँमा छन्द परिवर्तन भएकाले पाठकले विविध प्रकारको काव्यरूपी स्वाद चाख्न पाउँछन् त्यत्तिकै अलमलमा पर्ने डर पनि रहेकै छ । छन्द वा गद्यमा मिलाएर गाउन सके अझै मिठास पाउन सकिन्छ । समग्रमाभन्दा प्रस्तुति

कला सरल र स्वीकारयोग्य भएकाले भाव आख्यानीकरणमा मद्दत पुगेको छ । उनी तत्सम शब्द झैं तद्भव शब्द प्रयोगमा पछि परेका छैनन् । रूपक, उपमा र अलङ्कार खुबै प्रयोग भएको छ ।

(क) छन्द - विधान

(ख) अलङ्कार

(ग) चित्रात्मक शैली

(घ) गुण

## (क) छन्द - विधान

छन्द-विधान काव्यलाई उत्कृष्ट बनाउने महत्त्वपूर्ण तत्त्वको रूपमा देखापर्दछ । विशेष गरी पूर्वीय साहित्यमा छन्दलाई बढी ग्राह्यता दिएको पाइन्छ । **सीतायन** महाकाव्यलाई संस्कृत-शास्त्रीय छन्दहरूको प्रयोग भएको पाइन्छ ।

यसरी छन्दका बारेमा स्पष्टीकरण दिए तापनि प्रस्तुत **सीतायन** महाकाव्यको प्रथम र द्वितीय खण्डमा शार्दूलविक्रीडित, शिखरिणी, इन्द्रवज्रा, द्रूतविलम्वित, पृथ्वी, वंशस्थ, वसन्ततिलका, प्रहर्षिणी, मालिनी छन्दको बढी प्रयोग भएको पाइन्छ ।

उपर्युक्त छन्द व्यवस्थालाई स्पष्ट पार्न काव्यको निम्न लिखित श्लोकलाई उदाहरण स्वरूप प्रस्तुत गर्न सकिन्छ :

शार्दूलविक्रीडित

रानी । जाउ बसेर रोउ अहिले आफ्नै कुटीको कुना ।
फैलाईकन जो जटा जमिनमा छोपेर चारै कुना ॥
कालो बादल झैं बनेर मुखमा लालित्य त्यागीवरि ।
बस्नू शोक-समुद्रको तल तलै डुब्दै रहेझैं गरी ॥

(प्रथम खण्ड, श्लोक १६४२)

शिखरिणी

हुँदैनन् सीमा रे ! मनुजहरूमा वासनकला ।
भयो बढ्दै जाने जति जति मिल्यो भोग्न सकल ॥
न इच्छा पुरा होस् जति जति हउन जन्तु मरण ।

भयो कालै कालो अपुग मनको हाय ! भरण ॥

(प्रथम खण्ड, श्लोक ५७)

इन्द्रबज्रा

कहाँ कडा त्यो अति क्रूर आगो ।
सुकोमलै त्यो तनु तुल्य धागो ॥
तथाऽपि पस्दी स्मृति छैन नीति ।
आपत्ति पर्दा रहँदैन भीति ॥

(प्रथम खण्ड, श्लोक ४५)

द्रुतविलम्वित

पसिदिए सरि अग्नि छ माझमा ।
कति डढ्नु पति ता श (ब) साँझमा ॥
पति पिता सरि थे अति रक्षक ।
अब हुने अब ला अरू भक्षक ॥

(प्रथम खण्ड, श्लोक ७६)

पृथ्वी

विशाल छ र वक्ष जो गगन झैं बढी चम्किने ।
छ लोम जसमा निकै तनतनी भई तन्किने ॥
समान गुण तारकाकृति कयौं छरी छिर्बिर ।
छ देह प्रभुको निकै चहकले हुने मिर्मिरे ॥

(प्रथम खण्ड, श्लोक ११२६)

वंशस्थ

छ कर्म जसको व्यवहार मञ्च ।
आशाा नराखी फलको प्रपञ्च ॥
त्यागेर अस्थीर विचारलाई ।

मान्छे रमायो मनमा पलाई ॥

(प्रथम खण्ड, श्लोक १९७)

<u>वसन्ततिलका</u>

व्यर्थै भुले जनक जो बल-वैंसमा त्यो ।
जन्में अभागि सुत यो मन रून्छ रे यो ॥
माता हउन् तर पनी मत धेर मानी ।
बस्दीन रे सँगमहाँ विषपूर्ण ठानी ॥

(द्वितीय खण्ड, श्लोक १४१०)

<u>प्रहर्षिणी</u>

देख्दैनन् जब-जब ती रथै छ खाली ।
आँसुका भलभल ती भुभुल्कि पाली ॥
बस्छन् र घर-घरमा छ शोक छाई ।
हेर्नैमा कठिन भयो सुमन्त्रलाई ॥

(द्वितीय खण्ड, श्लोक ७०६)

<u>मालिनी</u>

यसरी अब चढाएँ सूक्ष्म यो भाग दोस्रो ।
गुण रति पनि छैनन् लाग्न जानेछ फोस्रो ॥
तर पनि गरी खिल्ली बस्नु बेठीक मानी ।
मकन शिशुसरीकै व्यक्ति संझे सुबानी ॥

(द्वितीय खण्ड, श्लोक १८४०)

यसरी गद्य तथा पद्य मार्फत विविध छन्दहरू खेलाइएको तथा मूलतः पद्य कवितामा प्रस्तुत सो महाकाव्यमा पद्य कविताकै बिचमा पनि शार्दूलविक्रीडित, शिखरिणी, इन्द्रवज्रा, द्रुतविलम्वित, पृथ्वी, वंशस्थ, वसन्ततिलका, प्रहर्षिणी, मालिनी छन्दको बढी प्रयोग भएको पाइन्छ । कतिपय ठाउँमा छन्दको गण नमिलेको तुक पनि भेटिन्छ । परिमार्जन नगर्ने जस्तो आयो अन्तस्करणबाट भावनाको बाढी उस्तै राखिदिने गर्नाले कतिपय ठाउँमा अशुद्ध पनि लेखिएको पाइन्छ ।

## (ख) अलङ्कार

अलङ्कार काव्यको गहना हो, जसले काव्यलाई राम्रो बनाउने काम गरेको हुन्छ । काव्यकारको व्यक्तित्व र प्रभावलाई अझ दोब्बर बढाइ काव्य कवितालाई आकर्षक बनाउने गहनाका रूपमा अलङ्कारलाई लिइन्छ । यद्यपि अलङ्कारलाई कविताको बाहिरी गुण र शारीरिक छाँटकाँट मानिन्छ तर कविताको भित्री तत्त्व भावसित पनि अलङ्कारको सम्बन्ध गाँसिएको पाइन्छ । जसरी राम्रो पोशाक र गहना लगाएको व्यक्ति प्रभावशाली र आकर्षक देखिन्छ, त्यसरी नै अलङ्कारका सहायताले कविता प्रभावशाली र तिक्खर हुन पुग्छ । यसर्थ के भन्न सकिन्छ भने बाहिरी गहना हुँदाहुँदै पनि अलङ्कारको प्रयोगले कविताको भावमा तीव्रता, प्रस्तुतिमा रोचकता र काव्यको भित्री गुणलाई प्रभावित पारिरहेको हुन्छ ।

हुनतः कविताको आत्मा वा मुटु त्यसको भाव वा रस हो तर पनि एउटा समर्थ कविताको लागि अलङ्कारको अति नै महत्त्व हुन्छ । समर्थ कविताको शाब्दिक क्षमतालाई विविधता र नवीनता प्रदान गर्नु साहित्यकारको कला र शिल्पको परिचायक भएको हुनाले कुनै पनि साहित्यकारले उक्ति वैचित्र्य र चमत्कारका केन्द्रीयतामा रहेर आफ्ना रचनाहरूमा अनेक प्रकारका अलङ्कारहरूको प्रयोग गरेको हुन्छ । काव्यकार अधिकारीले पनि प्रस्तुत महाकाव्यमा अनेक नवीनताका साथै प्रचलित विविध अलङ्कारहरूको प्रयोग गरेका छन् । विविध अलङ्कारको प्रयोगले गर्दा यस महाकाव्यको भाषामा उक्ति वैचित्र्य र चमत्कारको सिर्जना भएको पाइन्छ । काव्यकार अधिकारी परिष्कारवादी कवि भएकाले पनि उनको शैलीमा स्वाभाविक रूपले उक्ति वैचित्र्यले अत्यधिक ठाउँ पाएको देखिन्छ ।

<u>अनुप्रास</u>

दुई वा दुईभन्दा बढी समान वर्णका अक्षरहरूको प्रयोग भएमा त्यो अनुप्रास हुन्छ ।

<u>अनुप्रास अलङ्कार</u>

राजा एक प्रशस्य प्राच्य युगमा पद्याक्षनामा प्रिय ।
गर्थे पालन पूर्ण बाहुबलले आफ्ना प्रजा श्रीप्रिय ॥
बाच्छातुल्य बनेर दुग्ध लिनका माता स्तनैबाट ती ।
पीडा क्वै नदिई उठाइ कर जो लिन्थे प्रजाबाट नि ॥

(प्रथम खण्ड, श्लोक १)

रूपक

उपमेयमा उपमानको आरोप गरिन्छ भने त्यसैलाई रूपक अलङ्कार भनिन्छ । **सीतायन** मा धेरै ठाउँमा रूपक अलङ्कारको प्रयोग गरेर चमत्कार ल्याउने यत्न गरेको देखिन्छ ।

उपमा अलङ्कार

यथा, इव जस्ता शब्दहरूको प्रयोगद्वारा वा सादृश्य देखाएमा उपमा अलङ्कार हुन्छ । उपमा उपमेय, उपमान वाचक शब्द र साधारण धर्म गरी ४ अङ्गहरू रहेका हुन्छन् ।

टहसमहस हुन्नन् बाबु जो पुत्रमाथि ।
सुत जब जनि होला हर्षको हुन्छ ताँती ॥
हृदयतल बुनेको स्नेहको जाल कस्तो ।
गगनतलमिलेको नीलिमा रङ्गजस्तो ॥

(द्वितीय खण्ड, श्लोक ६२)

प्रस्तुत पङ्क्तिमा बाबु र छोरामा स्नेहले गर्दा गाडा माया हुने भएको बताइएको छ ।

उपमान र उपमेयका रूपमा स्नेह बनेको छ । यहाँ बाबु र छोरामा स्नेह सादृश्य देखाइएको छ ।

जहाँ बगेकी छ, नदी छ तीर ।
उस्तै छ स्वास्नीसँग मार्गतीर ॥
कैल्यै नछुट्ने शशि औ प्रभा झैं ।
साथी बनेकी दु:खकी सखा झैं ॥

(झैं-उपमावाचक)

(द्वितीय खण्ड, श्लोक १२७४)

**सीतायन** मा प्रकृतिवर्णन, सावित्री, सीताको सौन्दर्य वर्णनका क्रममा व्यापक मात्रामा उपमाको प्रयोग हुन गएको छ । झैं, जस्तै, सरि, समान, तुल्यजस्ता उपमा शब्द

धेरै ठाउँमा प्रयोग भएको छ । कविले सादृश्य देखाउने झैं त २ सयभन्दा बढी प्रयोग गरेका छन् ।

असम्भव अलङ्कार

असम्भव वस्तुको वर्णन गर्दा वा कुनै कुरा हुँदै नहुन नसक्ने भए त्यसबेला असम्भव अलङ्कार प्रयोग गरिन्छ ।

दुब्लाएर शरीर च्याप्प हुनको निस्कन्छ झैं बाहिर ।
देख्दा उच्च कपोल भूमिपतिको चट्टान झैं आखिर ॥
हड्डी अद्रि समानका थरि-थरी छन् उच्च नीचै कति ।
ठाडा रोम विराजमान तनुमा वृक्षै सरी थे अति ॥

(प्रथम खण्ड, श्लोक ११)

प्रस्तुत पद्यांशले असम्भव भाव झल्काएको छ । बाहिर निक्लला जस्तो शरीर भनेको छ किनकी शरीर नै मानव आन्तरिक वा बाहिरी आवरण हो । राजाको गाला सुकेर चट्टान भएको, रौ रूख जस्तो भएको बताएको छ । यो पत्यारिलो छैन ।

स्वभावोक्ति

कुनै वस्तु वा क्रियाकलापको जस्ताको तस्तै वर्णन गर्नुलाई स्वभावोक्ति भनिन्छ । कुनै वस्तु वा चिजको सम्भव समयसम्म पूर्ण र मिल्दोजुल्दो हिसाबले वर्णन गर्नुलाई स्वभावोक्ति भनिन्छ ।

गर्नू आदरभाव मान्यजनमा भन्थे पिताले बरा ।
छोडी जान भनेर शाशु-शशुरा तम्सीरहेछू तर ॥
केही थाह हुँदैन भाग्य जनको कस्तो हुने हो भनी ।
जे जे लेख्छ ललाटमा नियतिले भोग्छन् भरे जो पनि ।

(द्वितीय खण्ड, श्लोक २९८)

अतिशयोक्ति

वास्तविकताभन्दा टाढा वा यथार्थलाई तोडमोड गरी बढाइचढाई गरेर प्रस्तुत गर्ने शैली नै अतिशयोक्ति हो ।

दश अङ्गुलि घोष्टिंदा तल ।
दश धारा सरि दूध निर्मल ॥

रविका किरणै सरी सफा ।

छवि धेरै तल देखिएछ वा ॥

(प्रथम खण्ड, श्लोक १४३)

### (ग) चित्रात्मक शैली

अधिकारीको चित्रकार व्यक्तित्वलाई पनि शैली अन्तरगत राखेर केलाउने जमर्को गरिएको छ । अधिकारीको **पद्मदुर्गा** पछिको काव्यात्मक कृति **सीतायन** भएतापनि उनको महाकाव्यगत शैली तथा प्रवृत्तिलाई विश्लेषण गर्दा चित्रात्मक शैलीको पनि वैशिष्ट्य रहेको पाइन्छ । प्रस्तुत **सीतायन** प्रथम र द्वितीय खण्डभित्र रहेका चित्रहरूले कविता वर्णनलाई निकै मात्रामा सघाएको पाइन्छ । चित्रले मात्रै नभएर कविताले पनि चित्रले जस्तै रूपरङ्ग देखाउन खोजे जस्तो आभास हामीलाई यी पङ्तिहरूले दिन्छन् :

यौटा बालक झैं बसेर सुखले एक्लो भई रम्दछु ।

कैल्यै लिन्न विशाल भार भवको आनन्दले बस्दछु ॥

पानी पूर्ण भए घडा घरि घरि सेवा दिनै पर्छ नि ।

दाज्यू बेगरको मलाइ पुरमा गर्दैन क्वै सोधनी ॥

(द्वितीय खण्ड, श्लोक ११०८)

प्रस्तुत महाकाव्यमा चित्रहरूले पनि सजीवता साथ कवितालाई साथ दिएर निकट सम्बन्ध राखेको पाइन्छ । हुन त अधिकारीले पद्यमा झण्डै २ दर्जन जति छन्द प्रयोग गरेर शास्त्रीय छन्दमा थोरै समय धारावाहिक कविता सिर्जना गरेर देवकोटा काव्य प्रवाहको बिँडो थाम्न पुगेका छन् । अधिकारीले **पद्मदुर्गा**देखि नै चित्रात्मकताको प्रयोग भएको पाइन्छ । अधिकारीले **सीतायन** महाकाव्यमा कविता र चित्रको सम्बन्धमा सुन्दर ढङ्गले स्पष्टसँग बुझाउन खोजेको पाइन्छ । अधिकारीले वार्णिक लोकलय गद्यमा केही कविताहरू समेटिएका र शास्त्रीय लयमा सिर्जिएको महाकाव्यमा झ्याउरे लोक लय प्रयोग गर्नुका साथै चित्रात्मक शैलीलाई पनि कविताका विच-विचमा घुसाएर रोमान्टिक गराउने प्रयास गरेको पाइन्छ ।

### (घ) गुण

काव्यमा निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ । जसरी वाला, कुण्डल आदि आभूषणहरू शरीरका बाहिरी अङ्गहरूमा तिनका आश्रयद्वारा आत्मालाई सुन्दर बनाउँछन्, त्यसरी नै माधुर्य, प्रसाद र ओज गुणहरू काव्यको रसरूपी

आत्मामा रहेर त्यसको उत्कर्ष बढाउने काम गर्दछन् । त्यसैले अन्य कुनै पनि तत्त्वहरूभन्दा गुण रसको निकटवर्ती देखिन्छ । गुणको सत्ता प्रत्येक रचनामा रहने हुनाले काव्यमा गुणको नित्यतालाई स्वीकार गर्न सकिन्छ । तिन प्रकारका गुण पूर्वीय साहित्यमा विशेष प्रचलित रहेका पाइन्छन् । ती हुन् : (१) प्रसाद, (२) माधुर्य र (३) ओज ।

प्रस्तुत **सीतायन** महाकाव्यमा रहेका यिनै तिन गुणलाई क्रमशः यहाँ उदाहरण स्वरूप देखाइएको छ :

(१) प्रसाद

सुकेका दाउरा वा इन्धनमा आगो फैलिएझैं, जो सहसा चित्तमा व्याप्त हुन्छ, त्यसलाई प्रसाद गुण भनिन्छ । जस्तै :

स्वप्नाको सुख झैं रमाइकन जो प्राणीहरू बस्दछन् ।
एक्कै छीनमहाँ लुछिन्छ सुख त्यो अन्योलमा पर्दछन् ॥
भित्रै ब्यूँझिदिएर बस्नु छ निको क्यै ह्वैन संसार यो ।
छाडी जानुछ रे कुनै दिन भने के मोह बेक्कारको ॥

(द्वितीय खण्ड, श्लोक ३६५)

(२) माधुर्य

चित्तलाई पगाल्ने किसिमको भावले युक्त आल्हाद्लाई माधुर्य भनिन्छ। जस्तै :

सीताका पतिभक्तिका गहकिला सत्कर्मले प्रेरित ।
बस्ने जो रघुनाथका मनमहाँ स्नेहाब्धि बग्थ्यो स्वतः ॥
दोटा अङ्ग थिए तथाऽपि तिनमा त्यो एक भो भावना ।
दोभानी बिचमा बगेर सरिता भो सिन्धुकै संझना ॥

(प्रथम खण्ड, श्लोक १०४८)

(३) ओज

चित्तलाई उत्साहद्वारा विस्तारित पार्ने किसिमको तेजिलो गुणलाई ओज भनिन्छ । जस्तै :

अति हर्ष भयो नृपर्षिमा ।
दिन पुत्री प्रभुपुत्र राममा ॥

बलियो तरू घेरिए लता ।

कसरी झर्दछ रे तलै त्यता ॥

(प्रथम खण्ड, श्लोक ५०२)

प्रस्तुत **सीतायन** महाकाव्यमा अनेक नवीनताका साथै विविध छन्द, अलङ्कार, रस र गुणहरूको समायोजनले गर्दा नेपाली साहित्यका क्षेत्रमा आफ्नो अलग मूल्य र मान्यता कायम राख्न सफल भएको छ ।

## ४.८. 'सीतायन' महाकाव्यको रस - संयोजन, बिम्ब र प्रतीक विधान

काव्यबाट जुन साधारणीकृत भावको सम्प्रेषण हुन्छ, त्यसबाट मनमा स्फुरित हुने रागात्मक अनुभूतिलाई रस भनिन्छ । "पूर्वीय काव्यशास्त्रीहरूले रसलाई दार्शनिक दृष्टिकोणले हेरेको पाइए तापनि रसवादसँग जोडिएको रहस्यवादी दार्शनिक आलोकलाई पन्छाएर भन्दा चाहिँ 'रस' भनेको काव्यको अध्ययनबाट प्राप्त हुने आत्मिक वा मानसिक आस्वाद हो जुन आस्वाद आनन्दमय हुन्छ" ( उपाध्याय, वि.सं. २०४८ : ९७) भन्ने देखिन्छ । काव्यबाट अभिव्यञ्जित हुने अन्तरात्मिक रस विभाव, अनुभव र व्यभिचारी भावको संयोजनबाट निष्पन्न हुन्छ ("विभावानुभाव व्यभिचारिसंयोगात्" भरतमुनि 'नाट्यशास्त्र' ६, ३२) भन्ने स्थापनाचार्य भरतमुनिले प्रतिवादित गरेको र उत्तरवर्ती रसवादी काव्यशास्त्रीहरूले चाहिँ उक्त रससूत्रकै पुनर्व्याख्या गर्दै रस सिद्धान्तको क्रमिक विकास गर्दै आएको पाइन्छ । रसलाई मनोवैज्ञानिक ढङ्गले प्रयोग गर्ने र हेर्ने दृष्टिकोण पनि रहेको पाइन्छ । काव्य मूल्याङ्कनका लागि रस सिद्धान्तले अपेक्षाकृत विस्तृत र व्यापक आधार प्रदान गर्न सक्ने सम्भावना रहेको देखिन्छ । रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यलाई पनि पूर्वीय काव्य सम्प्रदायको रस सिद्धान्तका आलोकमा हेर्नु आवश्यक देखिएकाले प्रस्तुत महाकाव्यमा रहेको रस व्यवस्थालाई यहाँ केलाउने प्रयास गरिएको छ ।

अधिकारीको प्रस्तुत महाकाव्यमा विभिन्न रसहरूको अभिव्यक्ति भए तापनि मूलरूपमा करुण रस नै यसको केन्द्रीय वा अङ्गीरस रहेको पाइन्छ । महाकाव्यको (प्रथम र द्वितीय खण्ड) नामकरणले नै लक्ष्मीको उत्पत्ति र लक्ष्मीको अन्त्यपछि सीताको उत्पत्ति, भरण पोषण, सीताको रामचन्द्रसँगको विवाह, विवाह पश्चात् सीताले झेल्नु परेका अवस्थाहरूलाई जनाएर दुखान्त कुराहरूलाई समेटेर प्रथम र द्वितीय खण्ड टुङ्गिएको छ भन्ने जनाउनुको साथै करुण रसको काव्य हो भन्नेमा पनि बल दिएको पाइन्छ । यस महाकाव्यमा अङ्गरसका रूपमा वीर, हास्य, शान्त, शृङ्गार,

भयानक रसहरू पनि आएका छन् । तिनीहरूलाई क्रमशः उदाहरण स्वरूप यसरी लिन सकिन्छ । जस्तै :

भयानक रस

प्रस्तुत महाकाव्यको द्वितीय खण्ड १२२ श्लोकमा वर्णन गर्ने क्रममा भयानक रसको प्रयोग भएको पाइन्छ : जस्तै,

त्यसरि जब भनेथे भूपले कष्टकारी ।
स्वदिलदलमल्याई हेरियो वारिपारि ॥
नयनजलझरेका धारले देह ढाकी ।
कन हृदयकँपाई पल्टिहाले ल थाकी ॥

(द्वितीय खण्ड, श्लोक १२२)

शान्त रस

रामचन्द्रलाई वनवास पठाउँदा पिता दशरथ अति शोक र अन्योलमा परेका बखत रामचन्द्रले दशरथलाई भनेका छन् । जस्तैः

हे बाबा ! किन खुल्दुली दिलमहाँ मेरा कुरामा अब ।
मैले सार कुरा सबै बुझिसकें क्यै हुन्न यस्ले अब ॥
मेरा स्थानमहाँ बसुन् भरत जो राजा स्वयं हर्षले ।
छोरै हन् यदि भने भुवनका स्वामी बनुन् गर्वले ॥

(द्वितीय खण्ड, श्लोक १२३)

शृङ्गार रस

करुण रस प्रधान महाकाव्य भएपनि यसको खण्डका कतिपय श्लोकहरूमा शृङ्गार रसको प्रयोग भएको पाइन्छ । जस्तैः राम, सीता, दशरथ सवजना परिवारमा रहंदा भनेको श्लोक :

महामति त चार जो सुत थिए निकै तेजका ।
ल चार पुरूषार्थ झैं रमि रमीरेहेका निका ॥
ल राम सँगमा रमिन् जनककी सुता साध्विनी ।
रहे सरि छ राधिका परम ती प्रभूका गुणी ॥

(प्रथम खण्ड, श्लोक १०४७)

करुण रस

करुण रस प्रधान महाकाव्य भएको हुनाले करुण रसका पङ्क्तिहरू प्रशस्त भए तापनि प्रथम खण्डको श्लोक ५८ मा करुण रसको प्रयोग भएको पाइन्छ । जस्तैः

त्यसैले जो मान्छे अवनितलमा चित्त विपुल ।
लिने भैगो लक्ष्मी पर पर भई बस्छ अचल ॥
फराकै भो ढोका हृदयप्रति धोका अरूकन ।
न दी बस्दो साह्रै सहजमनको हुन्छ सघन ॥

(प्रथम खण्ड, श्लोक ५८)

विभत्स रस

अधिकारीको प्रथम तथा द्वितीय खण्डको कुनै श्लोकमा विभत्स रसको प्रयोग भएको पाइन्छ । जस्तैः

जलेथे ज्वालामा बहुत वनिता भूप उनका ।
निकै डुब्थे ठूला जलधि दुखमा कष्ट हुनका ॥
ल लागे भन्नेमा पतिपरम हे ! बास कुन त्यो ।
भयो ठाउँ भन्यौ दुखित अति छौं आज रुन भो ॥

(प्रथम खण्ड, श्लोक ६२)

हास्य रस

सीताजीलाई यौवन चढेकाले गर्दा सङ्गिनीहरूसँग कुराकानी गर्ने शिलशिलामा हास्य रसको प्रयोग भएको पाइन्छ । जस्तैः

मलाई गर्न रक्षणै अगाडि सर्नु भामिनी ।
बढेर योवना मना ल दुःख गर्न कामिनी ॥
गुहार धेर शब्दमा गरेर हेर जानकी ।
कराउँदा कता कता मुसुक्क मस्किइन्छ कि ? ॥

(प्रथम खण्ड, श्लोक ४६६)

वीर रस

युद्ध, दया, दान र धर्म सम्बन्धी कार्यमा उत्साह र सक्रियता पूर्वक काम हुँदा प्रयोग भएकोले लक्ष्मीको विवाहका लागि राखिएका शर्त पूरा गर्न नसकी सबै आगन्तुक पक्ष र पद्माक्ष बीच घमासान युद्ध भएको बेलामा वीर रसको प्रयोग भएको पाइन्छ । जस्तैः

घम्सा-घम्सि भयो लडाइँ बिचमा भूपालका साथमा ।

भागे धेर लडाकु जो घरि घरी घाऊ भई गाथमा ॥
तोडे भूपतिदेह दैत्यहरुले अत्यन्त क्रोधी बनी ।
आँटे च्याप्प समाउनै नृपतिकी कन्या निकै पावनी ॥

(प्रथम खण्ड, श्लोक ४३)

यसरी **सीतायन** महाकाव्यले अनेक संचारी भावहरूलाई अँगाल्दै विभिन्न अङ्ग रसहरूलाई आफूमा समेट्दै अङ्गीरस करुणलाई परिपाकमा पुऱ्याएको पाइन्छ ।

## ४.८.१. बिम्ब र प्रतीकहरू

कुनै सत्कविले काव्यात्मक अभिव्यक्तिमा केवल छन्द अलङ्कार एकै भाषा शैलीलाई मात्र वर्णन गरी विभिन्न प्रतीक र बिम्बहरूको पनि सहारा लिएको पाउन सकिन्छ । अर्थात् भनौं सहारा लिएका अवश्य नै हुन्छन् । बिम्ब प्रतीकहरूको प्रयोग पनि वस्तादी कसरतबाट उत्पन्न भई आन्तरिक वा बाह्य अनुभूतिहरूलाई अभिव्यक्त गर्नका लागि अभिव्यक्त भएको पाउन सकिन्छ ।

रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यमा पनि भावाभिव्यक्तिका लागि सशक्त रूपमा प्रतीक र बिम्बहरूको प्रयोग गरिएको पाइन्छ जसको सङ्क्षिप्त चर्चा यहाँ गरिएको छ ।

### (१) बिम्ब

साहित्यिक अभिव्यक्तिका क्रममा बिम्बहरको माध्यमबाट प्रतीकात्मक अर्थ द्योतन गर्ने परिपाटी हुन नितान्त आवश्यक र स्वाभाविक पनि देखिन्छ । भावनात्मक उर्लदो वेगमा कविले कतिपय मनोबिम्बहरूलाई अभिव्यक्तिका माध्यमका रूपमा उपस्थिति गराएको पाउन सकिन्छ । यसरी प्रकट हुने बिम्बहरू श्रुति वा उच्चारण प्रक्रियाबाट बोध गर्न सकिन्छ । त्यस्तै उक्त बिम्बको प्रसङ्गलाई कोट्याउने हो भने समग्र कृति अध्ययनपछि भावकका मनमा जुन मनोबिम्ब उत्पन्न हुने गर्छ त्यो नै मुक्त बिम्ब हो ।

**सीतायन** महाकाव्यमा प्रतीक विधानको संयोजनका निम्ति अधिकारीले विभिन्न भावबिम्बहरूलाई प्रस्तुत गरेको पाउन सकिन्छ । ती बिम्बहरूले एउटा दह्रो प्रतीकात्मक स्वरूप लिएर व्यक्तिएको पाइन्छ । जस्तै प्रस्तुत महाकाव्यको (प्रथम र द्वितीय खण्ड) शीर्षकको उच्चारणले भावकको मनमा अन्धकार, भयावह वा कहालीलाग्दो मनोबिम्ब तयार हुन्छ । त्यस्तै दिन र बिहान जस्ता शब्दबिम्बहरूले ज्योतिर्मय प्रतीकको सङ्केत गर्दछन् र हामी सुस्पष्ट प्रकाशमय क्षणको मनोबिम्ब तयार गर्छौं ।

यसरी प्रस्तुत महाकाव्यमा बिम्बहरू श्लोक शीर्षकको रूपमा, शाब्दिक रूपमा र उच्चाइ वर्णनका रूपमा आएको पाउन सकिन्छ । त्यस्तै महाकाव्यमा मुक्त बिम्बको परिकल्पना पनि गर्न सकिन्छ । समग्र कृतिले अध्ययन पश्चात् हामीलाई यसमा रहेको एउटा कारुणिक बिम्बले ढाक्न पुग्छ ।

यसरी हेर्दा अधिकारीले यस महाकाव्यमा उच्चाइ बिम्बहरू श्रुतिबिम्बहरूका साथै मुक्तिबिम्बको पनि संयोजन गरी प्रतीकात्मक अर्थद्योतन गरेका छन् ।

## (२) प्रतीक

भावाभिव्यक्तिका क्रममा कुनै पनि वस्तुको प्रत्यक्ष उपस्थिति नगराएर अप्रत्यक्ष रूपमा सो वस्तुलाई प्रस्तुत गर्नु नै प्रतीकको प्रयोग गर्नु हो । विशेष गरेर प्रकृतिप्रेमी कविहरू प्रकृतिका विभिन्न रूपको वर्णन गर्ने क्रममा प्रतीकहरू जुटाउने गर्छन् । यसरी भाव सञ्चरणका लागि कुनै पनि वस्तुको प्रत्यक्ष उपस्थितिबाट परोक्ष भावव्यञ्जना गर्नु नै प्रतीकको प्रयोग गर्नु हो ।

**सीतायन** महाकाव्यमा अधिकारीले प्रत्यक्ष वा परोक्ष रूपमा सशक्त प्रतीकहरू खडा गरेका छन् । यसको प्रमाण हामी प्रस्तुत महाकाव्यमा सीता हिड्ने बाटोको वर्णनका लागि महाकाव्यको शीर्षक सीता हिड्ने बाटोको प्रतीक **सीतायन** राखेबाट र विभिन्न श्लोकहरूलाई दिइएको नामकरणबाट पनि स्पष्ट रूपमा पाउन सक्छौं । जस्तै :

प्रथम र द्वितीय खण्डलाई दिइएको नाम श्लोकले महाकाव्य कैयन् दुःख, पीडा, घात, अवघातका अन्धकारमय वातावरणहरू झेल्दै अघि बढ्ने प्रतीकात्मक सङ्केत द्योतन गरेको पाउन सकिन्छ ।

यी खण्डगत नामकरणमा पाइने सङ्केतहरू बाहेक श्लोकभित्र व्यक्त भएका प्रसङ्गहरू खोतल्दै जाँदा काव्यकारले कतै शब्दमा, कतै पङ्क्तिमा र कतै समग्र श्लोकभित्रै पनि विभिन्न प्रतीकहरू समायोजन गरेको पाउन सकिन्छ । जस्तैः

(१) आएका वर बन्नमा नगरमा देखेर भूपालले ।
लागे भन्न रही समाज बिचमा जस्ले खसालीकन ॥

(प्रथम खण्ड, श्लोक ४०)

(२) पारे ध्वस्त समग्र भव्य भवनै भो शून्य चारैतिर ।
जल्दामा वन अग्निले पशुहरू माने सरी भो पिर ॥

(प्रथम खण्ड, श्लोक ४८)

(३) प्रातः कालिक सूर्यका किरणले धर्ती बनिन् सुन्दरी ।
मुक्ताहार लगाइ कण्ठतटमा उस्तै बनिन् किन्नरी ॥
साह्रै सौम्य सजाइ स्तम्भसमका तिघ्रा दुई थे उता ।
जस्तै दण्ड मृणाल देह बिचमा बेजोड रूपायित

(प्रथम खण्ड, श्लोक ११०)

यसरी विविध पक्षमा खण्डहरूको नामकरणका साथै महाकाव्यकै शीर्षकको प्रतीकात्मक चयनले यस महाकाव्यलाई आजभन्दा १७ वर्षपूर्व लेखिएको भए तापनि वर्तमान समयको अर्थात् भनौ युगीन समाजको यथार्थ चित्रणको रूपमा पाउन सकिन्छ । अर्थात् यही नै **सीतायन** ले बोकेको शाश्वत पौराणिक धार्मिक चित्रण हो।

## पाँचौ परिच्छेद

# उपसंहार

## ५.१. 'सीतायन' महाकाव्यको उपलब्धि र कमजोरीहरू

अधिकारीको **सीतायन** महाकाव्यको रचना प्रायः पाश्चात्य महाकाव्य परम्पराबाटै आरम्भ भए पनि महाकाव्यीय उदात्त महिमाहरूलाई समेट्दै पूर्वीय महाकाव्यीय प्रौढ चेतनासम्म पनि यो महाकाव्य फैलन पुगेको छ । यस महाकाव्यले नेपाली साहित्यमा के उपलब्धि दियो र यसका कमजोरीहरू के - के छन् ? त्यस वारेमा यहाँ चर्चा गरिएको छ ।

### ५.१.१. 'सीतायन' महाकाव्यका उपलब्धिहरू

**सीतायन** महाकाव्य अधिकारीको महाकाव्य यात्राको उत्तरार्द्धकालको पद्य महाकाव्य हो । यो कोमल पदावलीयुक्त महाकाव्यीय सङ्गठनयुक्त पूर्णकाव्य हो ।

हाम्रो समाज पुरूष प्रधान भए तापनि पुरूषलाई सज्जन वा दुर्जन कस्तो बनाउने ? भन्ने विषय नारीमा नै अन्तर्निहित रहने भएको र प्रत्येक बालबालिकाको पहिलो शिक्षिका पनि आमाको रूपमा नारीको नै हुने भएकाले नारीको स्वच्छन्द हैन आदर्श व्यवहारले नै समाजमा व्याप्त यावत् विकृति-विसङ्गति निर्मूल हुन सक्छन् । रामलाई मर्यादा पुरूषोत्तमका रूपमा समाजमा परिभाषित गर्न र रावणवध गर्ने कार्यमा जगज्जननी सीताको चरित्र र संस्कारले पनि ठुलो भूमिका निर्वाह गरेको छ । यस किसिमका चरित्र र संस्कारको धरोहर भएर पनि सीताजीको सबै विषयमा प्रकाश पार्ने कुनै ग्रन्थ प्रकाशित हुन नपुगेको यथार्थ मनन गरी सीताजीलाई अग्रस्थानमा राखेर उनकै भूमिकाको परिप्रेक्ष्यमा त्रेतायुगका दशरथ, राम, लक्ष्मण, भरत कौशिल्या आदि विभिन्न पात्रको चरित्र चित्रण गरिएको प्रस्तुत **सीतायन** महाकाव्यले सकारात्मक समाज निर्माण गर्ने कार्यमा सबैको चरित्रका तुलनामा जगज्जननी सीताको आदर्श चरित्र र व्यवहारको के कस्तो भूमिका र महत्त्व छ भन्ने तथ्यको निरूपण गर्न सार्थक प्रयास गरेको छ ।

उनको स्वच्छताबाट नै मानिसको विचार पवित्र हुन्छ । विचारहरूको पवित्रताबाट नै मानिस असल क्रियाकलापतर्फ उन्मुख हुन्छ । यस किसिमको क्रियाकलापबाट नै मानिस महान् बन्न सक्छ । यस परिप्रेक्ष्यमा हेर्दा सीता यही महानताकी एउटी उदाहरण हुन् । उनको प्रत्येक क्रियाकलापमा माता, पिता, सासू, ससुरा, पति, देवर, गुरु र अन्य मान्यजनहरूप्रतिको कर्तव्य कस्तो

हुनुपर्छ र जस्तोसुकै कठिन अवस्थामा पनि नारीले आफ्नो विवेकलाई किन गुमाउनु हुँदैन ? नारीमा समाज, संस्कृति, व्यष्टि र समष्टिको उत्थान गर्नसक्ने के-कस्तो दक्षता अन्तर्निहित हुन्छ ? प्रत्येक नारीमा सरलता, शिष्टता र सात्विकताको पर्याप्त मात्रा हुन किन आवश्यक छ ? आदि इत्यादि विभिन्न तत्त्वलाई बुझ्नका लागि **सीतायन** ले सही अर्थमा आफूभित्र नारी संस्कृतिकी सीताको खोज गर्न प्रत्येक नारीहरूलाई आग्रह गरेको देखिन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा प्रस्तुत कृतिले सीता नेपाली संस्कृतिको परम्परा बन्न सक्नुपर्छ र यस संस्कृतिबाट पृथक् नरहेमा नै नारीहरूले सही अर्थमा आफ्नो जन्म र जीवनलाई सार्थक तुल्याउन सक्छन् भन्ने तथ्यमा महत्त्वपूर्ण विचारहरू सम्प्रेषण गर्न सकेको छ । समाज सुधारको शाश्वत सोचलाई परिभाषित गर्न जगज्जननी सीताको चरित्र र संस्कारलाई आत्मसात् गरी यसप्रति प्राण-प्रणले संलग्न हुने क्रममा नारीहरू समर्पित भावले अग्रसर हुन सकेमा र सबैको हित चाहने क्रममा कुविचार, पाप, द्वेष, छलछाम र तुच्छ स्वार्थ आदिबाट माथि उठेर भलाइ, इमानदारी, उदारता, सहनशीलता, धैर्य, संयम र क्षमाको आश्रय ग्रहण गर्नुका साथै नारी आदर्शका प्रति व्रतशील जीवन व्यतीत गर्न उद्यम भएमा आजको भौतिक युगमा पनि नारी जीवनमा हराउँदै गएका शक्तिहरू एकत्रित हुन सकी समाजमा नारीहरूका प्रतिष्ठा र पूजा हुनसक्छ भन्ने तथ्यलाई माता सीताको चरित्र र संस्कार पर्याप्त उदाहरण बन्न सकेको छ ।

जमिनविना अन्नको कल्पना गर्न नसकिए झैँ नारीविना कुनै पनि मानिसको कल्पना गर्न सकिदैँन । सबै मानिसको नारीसँग प्रथम परिचय आवश्यक छ । चाहे त्यो पुरूष होस वा नारी सबैको सम्बन्ध र आफू हुनुको प्रमाण नारीसँग नै गरिएको हुन्छ । त्यसैले सृष्टिको स्रोत नै नारी हुन् । नारीविना विश्व संरचना सम्भव छैन । त्यसैले नारीलाई माताको रूपमा पूजा गरिन्छ । “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः” अथवा “या देवी सर्वभूतेषु मातृ रूपेण संस्थिता” त्यसै भनिएको होइन । यस परिप्रेक्ष्यमा हेर्दा पनि नारीहरूले वासना, भौतिक वैभव, कामना, कुसस्कार आदिसँगको नाता तोडेर आफूभित्रको शक्तिलाई जागृत गरी नवयुग र सत्ययुगको स्थापना गर्न अग्रसर हुनसक्नु पर्छ । यसका लागि अध्यात्मिक ज्ञानरूपी अमृतका कलशहरू बोकेर नारीहरूले संसारमा सांत्विक विचार सद्भाव र सद्गुण स्थापना गर्न क्रियाशील हुनुपर्छ । यस बाटोमा अघि बढ्न माता सीताको चारित्रिक संस्कारलाई आफ्नो सभ्यताका रूपमा आत्मसात् गर्न सक्नुपर्छ । यही तथ्यलाई नै रमेशचन्द्र अधिकारीको **सीतायन** महाकाव्यले प्रस्तुत गरेको छ र जगज्जननी सीताकै केन्द्रविन्दुका आधारमा सत् चरित्रको विजय असत् चरित्रको पराजय हुन्छ भन्ने शाश्वत सत्यको प्रकटीकरण

गराउनु यसको मूल उद्देश्य रहेको देखापर्छ । यही नै यस पुस्तकको विशेषता, प्राप्ति र उपलब्धि पनि हो र यस अर्थमा प्रस्तुत पुस्तकलाई नारीहरूको मानसिक स्वर्गका रूपमा पनि लिन सकिन्छ ।

### (क) परम्परित मान्यतासँग विद्रोह

अधिकारीको **सीतायन** शीर्षक महाकाव्यको धीरोदात्त नायक सीताको नामबाट राखेका छन् । शक्तिशाली व्यक्ति वीर पुरूष, राजामहाराजा आदिलाई नायक बनाएर लेखिने गरेकामा त्यसलाई तोडेर उनले सीताजस्ती आदर्श नारीलाई नायक बनाएर महाकाव्य परम्परा र धर्मलाई बेवास्ता गरिदिएका छन् ।

अधिकारीले नारी भनेका सृष्टिकर्ता हुन नारीबिना सृष्टि चल्न सक्दैन नारी र पुरूष बिचमा बिभेद हुनु हुँदैन । समाजमा पुरूषको जस्तो सम्मान नारीको पनि हुनु आजको नितान्त आवश्यकता रहेको कुरालाई औँल्याएका अधिकारीको महाकाव्यमा मङ्गलाचरण जस्ता किसिमको कुनै बिज पाईदैन ।

अहिलेसम्म प्रकाशित महाकाव्यहरूमा धीरोदात्त नायक वा पुरूषहरूलाई मात्र प्रधानता दिएर प्रकाशन हुने गरेको परम्परागत मान्यता कुल्चिएर नारी सीताजीलाई प्रमुख पात्रका रूपमा लिई महाकाव्य सिर्जना भएको हुनाले अन्य महाकाव्यका तुलनामा **सीतायन** पृथक् छ भन्न सकिन्छ । अर्को कुरा **सीतायन** महाकाव्यका सन्दर्भमा उठिरहेका आधुनिक विषय संरचनालाई नमानेर महाकाव्य स्वतन्त्र, निर्भीक शैलीमा जन्मिएको छ । त्यसमा केही कलात्मक र केही नवीनता दिएको छ ।

त्यस्तै सीताजी जस्ती आर्दश नारी नेपालीको भूमिमा उत्पत्ति भई नेपाललाई गौरवान्वित बनाउने मौका दिएको पाइन्छ । तर यस्ती चरित्रवान्, असल, राष्ट्रकी सम्पत्ति जस्ती सीताजीको नामबाट कुनै पनि महाकाव्य रचना नभएको हुँदा यावत् कुरालाई मध्यनजर राखी अधिकारीले सीताजीलाई अग्र स्थानमा राखेर उनकै भूमिकाको परिपेक्षमा त्रेतायुगका दशरथ राम, लक्ष्मण, भरत कौशिल्या आदि विभिन्न पात्रको चरित्र चित्रण गरिएको प्रस्तुत **सीतायन** महाकाव्यले सकारात्मक समाज निर्माण गर्ने कार्यमा सबैको चरित्रका तुलनामा जगज्जननी सीताको आदर्श चरित्र र व्यवहारको के कस्तो भूमिका र महत्त्व छ भन्ने तथ्यको निरूपण गर्ने सार्थक प्रयास गरेको छ (भट्टराई, नयाँकृति, २०६४) ।

## (ख) अभौतिक प्रेम

रमेशचन्द्र अधिकारीले **सीतायन** महाकाव्यमा प्रेम भनेको एउटा नारीपुरूषबिच हुने शारीरिक सम्बन्ध मात्र प्रेम हो, भन्ने धारणालाई सरासर तोड्ने प्रयास गरेका छन् । उनले महाकाव्यमा प्रकृतिमा रहेका फुल, हराभरा जङ्गल, वगैंचा, खेतवारीमा भरखर कोपिला फक्रिन लागेको फुल, डाँडाकाँडा, छाल, छहरा आदि प्राकृतिक सौन्दर्यमा पनि मानिसले चरम आनन्द पाउन सक्ने कुरालाई **सीतायन** महाकाव्यको दोस्रो खण्डको जव दशरथको आज्ञानुसार रामचन्द्र बनबास जान लागेको बेलामा बाटोमा पर्ने कोशल देशको सीमाना पार गरेर सीता, राम, लक्ष्मण, श्रृङ्गवरपुरमा गंगा किनारामा बास बस्न पुगेका परिस्थितिमा प्रस्तुत गरेका छन् । त्यहाँ विशाल एवं विस्तृत रूपमा बालुवा फैलिएको, बालुवामाथि सफेद जलले पखालेको हुनाले मोती जस्तै चम्की रहने स-साना सेता ढुङ्गा, त्यसको वरिपरि सुन्दर वन श्रेणी, अनेकथरि चराचुरूङ्गीहरू, पशुवस्तुका चरन क्षेत्र, ऋषिमुनिहरूको आश्रम, यज्ञयागादि निरन्तर रूपमा भइरहेका दृश्य आदि देखेर सबैमा अपार सुख बोध हुन्छ । सीता, राम र लक्ष्मणले प्रकृति प्रति राखेको प्रेम भाव यस पंक्तिले स्पष्टसँग देखाउछ :

मोती चम्किरहेसमान रविमा देखिन्छ पाषाण छ ।
आँखा तिर्मिर हुन्छ रे चहकले बग्दी नदी साथ छ ॥
जे जे सुन्दरता छ मिल्छ तटमा अन्यत्र मिल्दैन रे ।
जे जस्तो सुकुमारता छ फुलको अन्यत्र पाइन्न रे ॥

(द्वितीय खण्ड, श्लोक ४५३)

यसरी मानवीय प्रेम मात्र वास्तविक प्रेम होइन, वास्तविक प्रेम मानवेतर प्रकृति पनि हुन सक्छ भन्ने कुरालाई अधिकारीले लेखेका **सीतायन** महाकाव्यमा अति मार्मिक रूपमा प्रस्तुत गर्न कसरत गरिएको छ । महाकाव्यका पृष्ठहरू केलाउँदै जाँदा प्राकृतिक वस्तुको प्रेम पनि कम आनन्दको नहुने कुरालाई औल्याइरहेको पाइन्छ ।

## (ग) बौद्धिकता

रमेशचन्द्र अधिकारीले महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने पहिलो व्यक्तित्व भएकोले पनि उहाँसँग रहेको बौद्धिक क्षमताको मूल्य यति छ भनेर गणना गर्न सकिने खालको छैन । बौद्धिक हिसाबले हेर्दा **सीतायन** महाकाव्य उच्चकोटीको छ । किनकी अध्यात्मिक दर्शन चिन्तन आदिलाई महाकाव्यले महत्त्व दिएको छ । पुरातन कहानी वा कथालाई समसामयिक र मर्मश्पर्सी बनाएर महाकाव्यलाई नयाँ नयाँ उचाइ थपेका छन् ।

महाकाव्यको बौद्धिक पृष्ठभूमिलाई हेर्दा उनी धेरै दर्शन, चिन्तन र मनोविज्ञानको पक्षमा देखिन्छन् । यसै कारणले गर्दा पनि महाकाव्यले उच्च उचाई पाएको छ भन्न सकिन्छ ।

### (घ) इतिहास र ऐतिहासिक वस्तुहरूको सिंहावलोकन

**सीतायन** महाकाव्य एउटा ऐतिहासिक र धार्मिक र पौराणिक भएकाले यहाँ ऐतिहासिक कुराहरूलाई अग्र पङ्क्तिमा राखिएको छ । यस महाकाव्यमा अधिकारीले **सीतायन** (प्रथम र द्वितीय खण्ड) दुबैमा जनकपुरधाम, अयोध्या, देवदानव, किन्नर र रावण आदि पात्रहरूको उपस्थितिबाट र ती धार्मिक स्थलहरूको इतिहासबाट नै यो महाकाव्य सुरू भई आएको छ । यस महाकाव्यमा त्रेतायुगको ऐतिहासिक कुराहरू प्रशस्त मात्रामा प्रयोग भएको कुरालाई यहाँनेर प्रस्ट पार्न सकिन्छ । यस महाकाव्यमा पौराणिक कुराहरूलाई लिएर सिङ्गो महाकाव्य नै तयार भएको पाइन्छ । यो महाकाव्य हिन्दु धर्ममा आधारित रहेर तयार भएकोले **रामायण**को स्वरूप जस्तो देखिए तापनि अलिक फरक ढङ्गबाट उभिएको पाइन्छ । किनकी **रामायण**माभन्दा ठिक विपरीत तरिकाबाट यो तयार पारेको पाइन्छ । **रामायण**मा धीरोदत्त पात्र राम छन् भने **सीतायन** मा सीताजी मुख्य पात्र भएको पाइन्छ ।

यस महाकाव्यमा पौराणिक कथावस्तुलाई एक्काइसौं शताब्दीको आधुनिक घटना प्रघटनाको सोचमा ढाल्ने यत्न गरिएको छ, बुट्टाहरू पनि कुँदिएका छन् भन्ने कुराको मूल्याङ्कन विभिन्न कोणबाट गर्नु पर्ने देखिन्छ । लक्ष्मीको उत्पत्ति, सीताको उत्पत्ति भएको भूमि आदि ऐतिहासिक कुराहरूलाई यस महाकाव्यमा राम्रोसँग प्रस्ट्याइएको छ ।

## ५.१.२. 'सीतायन' महाकाव्यका कमजोरीहरू

- यो **सीतायन** मा अधिकारीले संरचना र सर्ग योजनामा दुर्वलता पाइन्छ । यो त्यस बृहत् महाकाव्यको कमजोरी पक्ष हो ।
- गद्य शैली बेजोड भए तापनि दार्शनिक तत्त्व ज्यादा र कवित्व पक्ष कम तथा अधिकारीको विद्वत्ता बौद्धिकताको विश्वकोषले भरिएकाले ज्ञान पनि कवित्वले छोप्न नसक्नु पनि कमजोरी पक्ष हो ।
- **सीतायन** महाकाव्यमा विशिष्ट र उच्च बौद्धिक भाषाको प्रयोग भएकोले सर्वसाधारण समक्ष उनका भनाइ बुझाउन नसक्नु पनि कमजोरी पक्ष हो ।

- **सीतायन** महाकाव्यमा पुरूषले भनेका सबै कुरा मान्नु पर्छ भनेको छ । अहिलेको २१ औं शताब्दीमा पुरूषले भनेको सबै कुरा नारीले मान्न असम्भव देखिन्छ । यो कुराहरू मानेमा पनि नारी अन्यायमा परेको हो कि भन्ने लाग्छ । यो अर्को कमजोरी पक्ष हो ।
- महाकाव्य त्रेतायुगमा आधारित रहेर रचिएको भए तापनि त्यसमा कतिपय कुराहरू आधुनिकता झल्किइ कलि युगलाईसम्म छोएको छ । एकातिर अध्यात्मिकता झल्किएको छ भने अर्कोतिर पुराना ऐतिहासिक मान्यतामा आधारित जस्तो अन्योलपूर्ण प्रस्तुति रहनु अर्को कमजोरी पक्ष हो ।
- **सीतायन** महाकाव्यको प्रथम र द्वितीय खण्डमा पौराणिक कथावस्तुलाई २१ औं शताब्दीको आधुनिक घटना परिघटनाको साँचोमा ढाल्ने यत्न गरिएको छ । बुट्टाहरू पनि कुँदिएका छन् तर त्यो मूल्याङ्कनको कमी देखिन्छ त्यो पनि अर्को कमजोरी पक्ष हो ।
- अधिकारीले नेपाली सभ्यताको पहिचान दिन २१ औं शताब्दीको आँखाले त्रेतायुगीन सीतालाई हेर । सजीव सम्पत्तिका रूपमा मात्र सीतालाई लिएको र सीतामाथि अन्याय भएको प्रस्ट पार्छन् तर रामको आलोचना नगरिएको महाकाव्यमा भेटिंदा त्यही उनको कमजोरी औंल्याउने ठाउँ छ ।
- महाकाव्यको हरेक श्लोकमा नारीको गुणगान गाइयो तर नारीलाई परेको समस्या के छ त्यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ । कस्तो अवस्थामा नारीले विद्रोह गर्नुपर्छ भन्ने कुरामा केही पनि नखुल्नु पनि कमजोरी पक्ष हो ।
- अधिकारीले नारी चरित्रको बढाई र गुणगान धेरै गाउने प्रयास महाकाव्यमा भयो तर नारी मनोविज्ञान यस महाकाव्यमा बुझ्न सकेका छैनन् किनकी उनको काव्यका नारी हुनुको पीडा, व्यथा, वेदना, उद्‌वोधन हुन पाएको छैन। त्यो पनि अर्को कमजोरी पक्ष हो।
- **सीतायन** महाकाव्यमा नारी पुरूष समान हुनु पर्ने कुरा प्रस्ट पारिएको छ तर त्यो समानता त्यो सौहार्द्रताको व्यवहार सिर्जन गर्नेतर्फ आवश्यक खुराक महाकाव्यकारले पस्कन सकेका छैनन् । त्यो कमजोरी पक्ष हो ।
- समाजमा विद्यमान समस्या नारी हुनु जन्मसिद्ध समस्याकै रूपमा लिइने प्रचलन छ छोरालाई काख छोरीलाई पाखा गर्ने, छिट्टै विवाह गरिदिने, स्कुल नपढाउने, घरायसी काममै लगाउने, अभिभावकले बुझेर पनि बुझ पचाउने, अज्ञानताबस छोरीमाथि विषम व्यवहार भएका छन् । यस महाकाव्यमा त्यस्ता कुराको सही चित्रण भएको पाइँदैन ।

छैटौं परिच्छेद

# 'सीतायन' महाकाव्यको निष्कर्ष

विश्व साहित्यकै इतिहासमा महाकाव्य जेठो विधा मानिन्छ । यस विधाकै जगबाट अन्य विधाहरू फैलिएको कुरा ऐतिहासिक तथ्यले प्रमाणित गर्दछ । **वाल्मीकीय रामायण**, **महाभारत** होस् अथवा **ईलियट**, **ओडेसी** होऊन् यी दुवैतिरका ग्रन्थहरूकै जगबाट विश्वमा नै महाकाव्य विधा फैलिएको देख्न सकिन्छ।

पूर्वमा भामहदेखि विश्वनाथसम्मको महाकाव्य सम्बन्धी चिन्तन परम्परा अत्यन्त सुदृढ रहेको पाउन सकिन्छ भने पश्चिममा त्यसका तुलनामा अपेक्षाकृत कमै रहेको देखिन्छ । पूर्व र पश्चिमका आचार्यहरू भने उदात्त कथानक बोकेको, महान् चरित्र भएको, आलङ्कारिक शैलीयुक्त रचनालाई नै महाकाव्य भन्ने भनाइमा सहमति जनाउँदछन् ।

नेपाली साहित्यमा महाकाव्य लेखन परम्परा त्यति लामो छैन । पुग नपुग डेढ सय वर्षको ऐतिहासिक परम्परा बोकेका नेपाली महाकाव्य केही उचारचढावका सोपानहरूमा घुमेको अनुभव हुन्छ । उदयानन्द अर्ज्यालले नै **पृथ्वीन्द्रोदय** मार्फत मौलिक महाकाव्य लेख्ने प्रयास गरे तापनि अर्धमौलिक र अर्ध अनुदित रूपको संयोग भई **भानुभक्तीय रामायण** निस्किएबाट नेपाली महाकाव्य परम्पराको प्रथम मौलिक महाकाव्य जन्मेको अनुभव हुन्छ ।

महाकाव्यको नायक उच्च कुलीन हुनु पर्दछ, सोही सुहाउँदो कथानक हुनु पर्दछ, अन्यथा महाकाव्य असफल हुन सक्दछ भन्ने ऐतिहासिक तथ्यलाई सत्य सावित गर्ने काम फिरदौसीबाटै भएको अनुभव हुन्छ भने केही सङ्केतहरू चाहि नेपाली साहित्यमा **सीतायन** ले पनि गरेको अनुभव हुन्छ ।

नेपाली कविताको माध्यमिक कालमा लेखनाथ र समका महाकाव्य लेखनका चेष्टाहरू असफल हुनाले नेपाली इतिहासमा पूर्ण मौलिक महाकाव्य जन्मनै ढिला भएको देखिन्छ ।

विक्रमको एक्काईसौ शताब्दी नेपाली महाकाव्यको इतिहासमा सुनौलो एवं महत्त्वपूर्ण समय हो । यस शताब्दीको आरम्भमा नै **सुषमालोचन** लेख्न कसिएका देवकोटाले २००२ सालमा **शाकुन्तल** महाकाव्य लेखेबाट नेपाली महाकाव्यको इतिहास विशेष उल्लेखनीय बनेको देखिन्छ ।

देवकोटाको **शाकुन्तल** महाकाव्यपछि अन्य पनि महाकाव्य लेखनतर्फ सक्रिय भए । पण्डित सोमनाको **आदर्शराघव**, लेखनाथको **तरूणतपसी** एवं समको **चिसोचूल्हो** नेपाली महाकाव्यकै इतिहासमा अत्यन्त उल्लेखनीय महाकाव्य हुन् भन्न सकिन्छ ।

आधुनिक नेपाली महाकाव्यको यात्रा भनेकै **शाकुन्तल** महाकाव्यबाट सुरु भएको यात्रा हो । सुरूका वर्षहरूमा महाकाव्य लेखन अत्यन्त कम रहे पनि पछिल्ला दशकहरूमा यो परम्परा केही सुकेको अनुभव हुन्छ ।

२०५३ सालमा उनी एक्कासि महाकाव्य लेखन यात्रामा हात हाल्न पुग्छन् । यस अघि एउटा पनि कविता नकोरेका उनी दुई महिनामा नै **पद्मदुर्गा** नामक शोककाव्य लेखी आफूलाई कविका रूपमा चिनाउँछन् । पितृस्नेह, मातृस्नेह देखाउने, कुल उद्धार गर्ने र सम्झनाका हिसाबले उनले **पद्मदुर्गा** महाकाव्य लेखेका हुन् ।

**सीतायन** महाकाव्य पूर्वीय संस्कृतिको र प्रकृयाहरूको राजनीतिक, सामाजिक र साँस्कृतिक जराहरूको वर्णन हो । **रामायण** निर्दिष्ट कथावस्तुमा आधारित **सीतायन** महाकाव्यले यावत् विषयवस्तु समेटेको छ । यसमा राष्ट्रवाद, मानवतावाद, प्रकृतिप्रेम देखाइएको छ ।  यस जगज्जननी सीताप्रति सर्मपण भाव देखाउँदै सीताको सहनशीलता र कर्तव्य परायणको पाठ सिकाउन नारीहरूलाई सन्देशित दिर्दै अधिकारी **सीतायन** महाकाव्य बनाउने बाटो तय गर्छन । **सीतायन** महाकाव्य चौधौं खण्डसम्म प्रकाशित भैसकेको छ ।

महाकाव्यको पूर्वीय मान्यता अनुरुपमा सर्ग छुट्टिनु पर्ने, सर्गको अन्त्यमा नयाँ छन्दको प्रयोग हुनु पर्ने र सर्गको अन्तमा आगामी घटना वा कथाका बारेमा सूचना हुनु पर्दछ । अधिकारीको **सीतायन** महाकाव्य सर्गमा छैन, खण्ड खण्डमा विभक्त छ र खण्डमा समान श्लोक छैनन् । काव्यमा चरित्र मार्फत ओकलिनु पर्ने कतिपय कुरालाई व्यक्तिगत विचार र दर्शनले अप्ठ्यारो पारेको महसुस हुन्छ । महाकाव्य संरचनालाई हेर्दा प्रथम खण्डदेखि चौधौं खण्डसम्म पुगिसकेको छ । उनका काव्ययात्रा पहिलो खण्डभन्दा दोस्रो खण्ड क्रमिक रुपमा तिखारिंदै परिमार्जित हुँदै गएको पाइन्छ ।

**सीतायन** महाकाव्यमा भाषा मध्यम खालको प्रयोग भएको पाइन्छ । **सीतायन** महाकाव्यमा अधिकारीले शास्त्रीय लयमा सिर्जिएको झ्याउरे लोकलय प्रयोग गरी विविध स्वाद चखाउन खोजेका छन् । यस महाकाव्यमा व्यास शैली, वर्णनात्मक शैली, गुम्फिन शैली र समस्त शैलीको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । लेखाइ परम्परामा नयाँ शैली मिसाउन खोजेको भेटिए पनि परम्परागत शैली कै प्राध्यान्यता रहेको पाइन्छ । **सीतायन** मा भाव र प्रस्तुतीकला सरल भएकोले आख्यानीकरणलाई

मद्दत पुग्नका साथै तत्सम शब्द झैं तद्भव शब्द, रुपक, अलङ्कार उपमाको प्रयोग पनि प्रशस्त मात्रामा भएको पाइन्छ ।

**सीतायन** महाकाव्य व्यक्ति लेखन महाकाव्य मध्य विश्वमा नै ठुलो भोलमको महाकाव्यका् रुपमा रहेको देखिन्छ । त्यो महाकाव्य हेर्दा **रामायण** जस्तो देखिए पनि ठिक विपरित छ । **रामायण** मा राम प्रमुख नायक रहेर काव्य सिर्जना भएको छ भने **सीतायन** मा सीताजीलाई नायक बनाएर **सीतायन** तयार पारिएको छ । यो भीमकाय महाकाव्यमा नारीलाई आमा, छोरी, पत्नी र बुहारी जुन स्थानमा हुँदा पनि उनले आफ्नो पारिवारीक भूमिका कर्तव्य निष्ट भई जिम्मेवारी निभाउने कुरा सीताजीको जीवनीबाट सिक्नु पर्ने सन्देश दिएको पाइन्छ । घर परिवार चलाउन जति पुरुषको जिममेवारी हुन्छ त्यति नै नारीमा पनि हुनु पर्छ भन्ने पाठ यस महाकाव्यका नायक सीताजीबाट लिनु पर्ने देखिन्छ । हरेक महिलाले सीताजीको जस्तै आत्मबल, धैर्यधारण, संयम् र सहनसिलताको ग्रहण गर्नु पर्ने सन्देश हरेक पलमा दिएको पाइन्छ । यसरी रमेश चन्द्र अधिकारीले सत्य युगका देव, गण, सुर, जनक, पद्माक्ष, लक्ष्मी, दशरथ, कैकेयी राम, सीता, लक्ष्मण, ऋषि र मानवेतर पात्रहरू आदिको उपस्थितिमा महाकाव्यको प्रथम खण्ड र दोस्रो खण्डको रचना गरी आफुलाई सफल कविको रुपमा उभ्याएका छन् ।

# सन्दर्भ सूची


अधिकारी, अच्युतरमण (वि.सं. २०५८), "सीतायन", **गोरखापत्र**, असार १७ ।

अधिकारी, रमेशचन्द्र (वि.सं. २०५५), **सीतायन महाकाव्य** प्रथम खण्ड, बागबजार : नेबुला प्रिन्टिङ प्रेस ।

______________ (वि.सं. २०५६), **सीतायन महाकाव्य** द्वितीय खण्ड, बागबजार : नेबुला प्रिन्टिङ प्रेस ।

अब्राम, एम.एच. (सन् १९७३), **द नर्तोन एन्थोलोजी अफ इङ्लिश लिटरेचर**, फिफ्थ एडिसन, डब्लु.डब्लु नर्तोन र कम्पनी प्रकाशन ।

____________ (सन् १९९३), **अ ग्लोसरी अफ लिटरेरी टर्म**, सिक्स्थ एडिसन, बैङ्लोर : प्रिज्म बुक प्रा.लि. ।

अर्याल, गोकर्ण (वि.सं. २०५६), "साधना विनाको जीवन अधुरो हुन्छ", **गोरखापत्र**, पुष २३ ।

आचार्य, दण्डी (वि.सं. २०२८), **काव्यादर्श**, द्वि.सं., वाराणसी : चौखम्बा विद्या भवन ।

आचार्य, नरहरि (वि.सं. २०४१), **पण्डितराज सोमनाथ र उनको महाकाव्य साधना**, काठमाडौं : पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति ।

आचार्य, भामह (वि.सं. २०३२), **काव्यालङ्कार,** वाराणसी : चौखम्बा संस्कृत सदन ।

___________ (वि.सं. २०३८), **काव्यालङ्कार**, द्वि.सं., वाराणसी : चौखम्बा संस्कृत सदन ।

आचार्य, विश्वनाथ, (सन् १९६३), **साहित्य दर्पण,** व्याख्या सत्यब्रत सिंह, विद्या भवन संस्कृत ग्रन्थमाला २९, वाराणसी : चौखम्बा विद्या भवन ।

उपाध्याय, केशव प्रसाद (वि.सं. २०४८), **पूर्वीय साहित्य सिद्धान्त,** काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, पं. भवानीशङ्कर (वि.सं. २०२५), **नेपाली साहित्य वाणीभूषण**, काठमाडौं : ने.रा.प्र.प्र. ।

उपाध्याय, सं. बलदेव (सन् १९६२), **अग्निपुराण**, वाराणसी : चौखम्बा संस्कृत सदन ।

क्रम्बे, एबर (सन् १९६०), **द ईपिक एन एस्से**, लण्डन : फोर्थ एडिसन, म्याकमिलन एण्ड कम्पनी ।

खनाल, श्रीराम (वि.सं. २०४९), **महाकाव्यको स्वरूप, एक दृष्टि**, केही रहर केही ठहर, विराटनगर : त्रिवेणी साहित्य परिषद् ।

__________ (वि.सं. २०६२), **रमेशचन्द्र अधिकारीका महाकाव्य**, काठमाडौं : गुणग्राही समूह ।

गौतम, कृष्ण (वि.सं. २०४७), **देवकोटाका प्रवन्धकाव्य**, द्वि.सं., काठमाडौं : इन्दु प्रकाशन ।

गौतम, नारायण प्रसाद (वि.सं. २०५५), **पाश्चात्य महाकाव्य**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

________________ (वि.सं. २०५६), **रमेशचन्द्र महाकाव्य**, प्र.प्र., ज्याठा : मोडर्न प्रिन्टिङ प्रेस ।

चापागाई, नरेन्द्र र सुवेदी, दधिराज (वि.सं. २०५२), **काव्य समालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

चापागाई, नरेन्द्र सं. (वि.सं. २०५२), **काव्य समालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान ।

जैन, (सन् १९३७), **विशाल शब्द सागर**, सं. नवजी प्रा.ली. ।

जोशी, कुमार बहादुर (वि.सं. २०५२), **देवकोटा र उनका महाकाव्य**, तेस्रो सं., काठमाडौं : साभा प्रकाशन ।

______________ "कवि श्री माधव घिमिरेसँगको अन्तरवार्ता, एक व्यक्तित्व अनेक दृष्टि", **गरिमा,** काठमाडौं : साभा प्रकाशन ।

________________ (वि.सं. २०५२), **देवकोटा र उनका महाकाव्य**, तेस्रो सं., काठमाडौं : साभा प्रकाशन ।

जोशी, रत्नध्वज (वि.सं. २०२३), **साहित्यको अध्ययन,** काठमाडौं : ने.रा.प्र.प्र. ।

तिम्सिना, नित्यानन्द (वि.सं. २०५९), "Sitayan : Way of life", **काठमाडौं पोस्ट**, वैशाख १५ ।

तिवारी, गोपाल (वि.सं. २०५९), "सीतायन महाकाव्य र अधिकारीको कृतित्व", **कान्तिपुर**, चैत्र ८ ।

त्रिपाठी, बासुदेव (वि.सं. २०२७), "महाकाव्य बूढो पुरानो विधा", **प्रज्ञा**, काठमाडौं : ने.रा.प्र.प्र., बैसाख १, वर्ष १ अङ्क १ पृ. १०९ ।

__________ (वि.सं. २०२७), **सिंहावलोकन**, काठमाडौं : सा.प्र. ।

__________ (वि.सं. २०४६), **नेपाली कविता** (भाग ४), काठमाडौं : सा.प्र. ।

__________ (वि.सं. २०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १), तृ.सं., काठमाडौं : साझा प्रकाशन ।

__________ (वि.सं. २०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १), चतुर्थ सं., काठमाडौं : साझा प्रकाशन ।

__________ (वि.सं. २०५२), "भूमिका", कुमार बहादुर जोशी, **देवकोटा र उनका महाकाव्य**, तेस्रो सं., काठमाडौं : सा.प्र. ।

त्रिपाठी, बासुदेव, र अन्य (वि.सं. २०४८), **नेपाली कविता** (भाग-४), काठमाडौं : साझा प्रकाशन ।

______________ (वि.सं. २०५३), **नेपाली कविता** (भाग ४), द्वि.सं., काठमाडौं : साझा प्रकाशन ।

______________ (सं.) (वि.सं. २०५२), **बृहत् नेपाली शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

थपलिया, खगेन्द्र (वि.सं. २०४५), "महेन्द्र संस्कृत विश्व विद्यालयको प्रथम व्यक्ति", **गोरखापत्र**, मंसीर ४ ।

थापा, मोहन हिमांशु (वि.सं. २०४७), **साहित्य परिचय**, ते.सं., काठमाडौं : सा.प्र. ।

देवकोटा, लक्ष्मी प्रसाद (वि.सं. २००३), **सुलोचना**, काठमाडौं : ने.भा.प्र.स. ।

______________ (वि.सं. २०४८), **शाकुन्तल**, चौथो सं., काठमाडौं : सा.प्र. ।

नगेन्द्र, (ई.सं. १९८१), **अरस्तुका काव्यशास्त्र**, चतुर्थ सं., दिल्ली वि.वि., भूमिका, प्र. हिन्दी अनुसन्धान परिषद ।

_______ (ई.सं. १९८९), **अरस्तुका काव्यशास्त्र**, भूमिका, इलाहावाद : प्र. भारती भण्डार ।

नगेन्द्र, महेन्द्र चतुर्वेदी (ई.सं. १९८१), **अरस्तुका काव्यशास्त्र**, भूमिका, दिल्ली ।

नेपाल, स्वागत (वि.सं. २०५९), "सीतायन महायात्राका महाकवि", **नेपाल समाचारपत्र**, मंसीर २ ।

__________ (वि.सं. २०६०), "छन्दमा गाली पनि मीठै हुन्छ", **नेपाल समाचारपत्र**, वैशाख २७ ।

पराजुली, देवीदत्त (वि.सं. २००५), **कविता गुच्छहार**, काठमाडौं : ने.भा.प्र.स. ।

पाण्डे, रामजङ्ग (वि.सं. २०५७), "संस्कृत गरिमामयी भाषा हो", **तरूण साता**, बैशाख ५ ।

पोखरेल, भानुभक्त (वि.सं. २०४०), **सिद्धान्त र साहित्य**, प्र. मूलचन्द शर्मा, विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रधान, कृष्ण चन्द्रसिंह (वि.सं. २०४०), **सिर्जनाको सेरोफेरो**, काठमाडौं : ने.रा.प्र.प्र. ।

प्रधान, राजनारायण (वि.सं. २०४८), **केही कृति केही संस्कृति**, द्वि.सं., काठमाडौं : सा.प्र. ।

बराल  ईश्वर सं. र अन्य (वि.सं. २०५५), **नेपाली साहित्य कोष**, काठमाडौं : ने.रा.प्र.प्र. ।

बार्बरा, सी.एम. (सन् १९४५), **फ्रम भर्जिट टु मिल्टन**, लण्डन : प्र. म्याकमिलन एण्ड कम्पनी ।

भट्टराई, कौशल, (वि.सं. २०५८), “आधुनिक वाल्मीकि कसरी बने रमेशचन्द्र”, **प्रतिस्पर्धा साप्ताहिक,** मंसिर २७, पृ. ४ ।

भट्टराई, शिव प्रसाद (वि.सं. २०५६), “नारीहरूको मानसिक स्वर्ग सीतायन महाकाव्य”, **गोरखापत्र**, माघ २९ ।

भण्डारी, जीवराम (वि.सं. २०५६), “नेपाली समाजका विशिष्ट प्रतिभा”, **समकालीन**, चैत्र १० ।

_____________ (वि.सं. २०६४), “नेपाली समाजका विशिष्ट प्रतिभा”, **समकालीन**, मंसिर १७ ।

मिश्र, भगीरथ (वि.सं. २०४७), **काव्यशास्त्र,** वाराणसी : विश्वविद्यालय प्रकाशन ।

मेरियम-वेब्स्टर्स (सन् १९९५), **ईन्साइक्लोपेडिया अफ लिटरेरी टर्म**, एडिटर एस.एच. स्टिनवर्ग : म्याकमिलन एण्ड कम्पनी ।

रिजाल, के.पी. (वि.सं. २०५८), “साधना विना सफलताको शिखर चढ्नै सकिन्न”, **युवामञ्च**, काठमाडौं : गोरखापत्र प्रकाशन, फाल्गुण, पृ. ९ ।

___________ (वि.सं. २०६०), “सीतायनका लेखक अधिकारीलाई रामायण पुरस्कार”, **युवामञ्च**, काठमाडौं : गोरखापत्र प्रकाशन जेष्ठ, पृ. २५ ।

रिमाल, श्याम (वि.सं. २०५९), “महाकाव्य सीतायनको पूर्ण रूप प्राप्त हुन अझै १० वर्ष कुर्नुपर्ने”, **हिमालय टाइम्स**, वैशाख ११, पृ. ४ ।

रिसाल, राममणि (वि.सं. २०३१), **काव्य र कवि,** काठमाडौं : सा.प्र. ।

____________ (वि.सं. २०५०), **नेपाली काव्य र कवि**, चौथो सं., काठमाडौं : सा.प्र. ।

रूद्रट, (वि.सं. २०३२), **काव्यालङ्कार**, द्वि.सं., वाराणसी : चौखम्बा विद्या भवन ।

रेग्मी, शम्भु (वि.सं. २०५९), “महेन्द्र संस्कृत विश्व विद्यालयबाट विद्यावारिधि गर्ने पहिलो व्यक्तित्व अधिकारी”, **कमाण्डर**, मंसीर १२ ।

विश्वम्भर, (सन् १९६२), **मानव, प्रसाद और उनकी कविता**, इलाहावाद : किताब महल प्रा.लि. ।

वेब्स्टर्स (सन् १९७०), **वेब्स्टर इन्साइक्लोपेडिक डिक्सनरी अफ ङ्गलिस ल्याङ्वेज**, सिकागो : कन्सोलिडेटेड बुक पब्लिकेसन ।

शर्मा, गोपिकृष्ण (वि.सं. २०५३), **संस्कृत साहित्यको रूपरेखा**, काठमाडौं : अभिनव प्रकाशन ।

शर्मा, ताना (वि.सं. २०५०), **सम र समका कृति**, पाँचौं सं., काठमाडौं : सा.प्र. ।

शर्मा नेपाल, विनय कुमार (वि.स. २०५९), **नेपाली महाकवि र महाकाव्य**, काठमाडौं : सा.प्र. ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (वि.सं. २०४०), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौं : सा.प्र. ।

सम, बालकृष्ण (वि.सं. २०१५), "भूमिका", **चिसोचूल्हो**, काठमाडौं : सा.प्र. ।

___________ (वि.सं. २०५०), **चिसोचूल्हो**, चौ.सं., काठमाडौं : सा.प्र. ।

सिग्देल, सुदर्शन (वि.सं. २०५९), "साहित्यको तेस्रो बाटोमा लम्किँदा", काठमाडौं : **राजधानी**, भदौ २५ ।

सुवेदी, अभि, (वि.सं. २०३१), **पाश्चात्य काव्य सिद्धान्त**, काठमाडौं : ने.रा.प्र.प्र. ।

हेमचन्द, (सन् १९३४), **काव्यानुशासन**, वाराणसी : संस्कृत काव्यमाला ७० ।